# अध्याय : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जलवायु परिवर्तन विश्वव्यापी चर्को समस्याको रुपमा देखिएको छ । जलवायु परिवर्तनको प्रभाव बहुआयमिक हुन्छ (Strauss, 2009) । तर, जलवायु परिवर्तनसम्बन्धी अध्ययन गर्ने विज्ञहरुले जलवायु परिवर्तनलाई विश्व वातावरणको बहससँग मात्र जोडेको पाइन्छ (Crate and Nutall, 2009) । बहुआयमिक प्रभावको कारण संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदले (2007) सर्वप्रथम जलवायु परिवर्तनको प्रभावलाई अन्तर्राष्ट्रिय सुरक्षासँग जोडेर सचेतनाको सवाल उठाएको पाइन्छ । त्यसैगरी संयुक्त राष्ट्र संघले पनि जलवायु परिवर्तनको प्रभाव मानवजन्य वस्तुहरुमा पर्छ भन्ने उल्लेख गरेको थियो । जलवायु परिवर्तनको असर सामाजिक, साँस्कृतिक, वातावरण तथा अन्य वस्तुहरुमा पनि पर्न सक्छ (Crate and Nutall, 2009) । नेपालको सुदुर पूर्वमा परापूर्वकालदेखि बसोबास गर्ने आदिवासी जनजातिहरु मध्ये लिम्बू जातिको सामाजिक, साँस्कृतिक पाटोहरुको प्रकृतिसँग घनिष्ट सम्बन्ध रहेको हुँदा उनीहरुको सामाजिक र साँस्कृतिक पक्षहरुलाई पनि जलवायु परिवर्तनले प्रत्यक्ष-अप्रत्यक्ष असर पारेको हुन्न सक्छ । त्यसैले लिम्बू समुदायलाई जलवायु परिवर्तनले पार्ने प्रभावलाई पनि मानवशास्त्रीय दृष्टिबाट अध्ययन गर्न जरुरी देखिन्छ ।

जलवायु परिवर्तनसम्बन्धी अध्ययन गर्ने संघ-संस्था एवं विज्ञहरु यसको प्रभावले वातावरणमा डर लाग्दो समस्या ल्याउने भविश्यवाणी गरिरहेका छन् (दाहाल, केसी र शाक्य, २०६८) । जलवायु परिवर्तनका कारणले हिमनदीहरु छोटिने, भू-क्षय हुने, पैरो लाग्ने, लामो समयसम्म पानी पर्ने जस्ता वातावरणीय समस्या आउन सक्ने अनुमान यिनीहरुको छ । प्राकृतिक स्रोतहरुसँग आदिवासी जनजातिहरुको सामाजिक, साँस्कृतिक र आर्थिक पक्षहरुसँग सम्बन्ध जोडिएका हुन्छन् । त्यसैले गर्दा यस्ता समूदायहरुको जलवायु र मौसम परिवर्तनहरुसँग आर्थिक पक्षको सम्बन्ध जोडिनुको साथै अन्य क्रियाकलाप पनि त्यसबाट निर्धाण भएका हुन्छन् । (Molnar, 1981) । जलवायु परिवर्तनको असर स्वतः जनजीवनले अन्तरक्रिया गर्ने वातावरण हुँदै संस्कृतिमा पर्छ (Crate and Nutall 2009) । यसै भनाइलाई आधार मान्ने हो भने लिम्बू समुदायले मानिआएको संस्कार, संस्कृतिमा पनि जलवायु परिवर्तनले असर परेको हुनसक्छ । जलवायु र मौसम परिवर्तनसम्बन्धि विश्वव्यापी व्याख्या, विश्लेश्षण तथा बुझाइमा जस्तै जलवायु र मौसम परिवर्तन हुने प्रकृयामा उतार चढाव हुँदा स्थानीय समूदायहरुको जलवायु र मौसम परिवर्तनसम्बन्धिको अनुभूतिमा प्रभाव पर्नुको साथै विभिन्न सामाजिक-साँस्कृतिक क्रियाकलापमा पनि प्रभाव पार्दछ (Poudel, 2012) । भिविन्न प्राकृतिक सम्पन्दाहरुसँग आदिवासी जनजातिहरुको गहन सम्बन्ध हुनको साथै यिनीहरुले जलवायु र मौसम परिवर्तनलाई अवलोकन गर्नेदेखि लिएर जलवायु र

मौसम अनुकूल अनुकूलन हुने प्रचलन पनि बसाएका हुन्छन् । त्यसैले जलवायु परिवर्तन हुँदा सबैभन्दा बढी आदिवासी जनजातिहरु नै प्रभावित हुन्छन् (Salik and Byg 2007)।

लिम्बू समूदायहरु पनि पूर्वी नेपालमा बसोबास गर्ने आदिवासी जनजातिहरु हुन् । यिनीहरुको पनि प्राकृतिक सम्पन्दाहरुसँग सामाजिक र साँस्कृतिक रुपमा गहन सम्बन्ध हुनको साथै जलवायु र मौसम परिवर्तन अनुकूल अनुकूलन हुने आफ्नै तरिकाहरु हुन सक्छ । यिनीहरुको प्राकृतिक सम्पन्दाहरुसँगको सामाजिक र साँस्कृतिकसम्बन्धमा साथै मौसम र जलवायु परिवर्तन अनुकूल अनुकूलन हुने तरिकाहरुमा जलवायु परिवर्तनले प्रभाव पारेको हुन सक्छ । जसलाई खोज तथा अनुसन्धान गर्न जरुरी देखिन्छ । अर्कोतिर आदिवासीहरु विभिन्न बाहानावाजीमा शोषित पीडित छन् ।  आदिवासी समग्रले भारतको छ दशक लामो लोकतन्त्र र विकाशबाट कम पाएको र वढी गुमाएका छन् (Guha 2007) । नेपालको ऐतिहासिक विकासक्रममा पनि आदिवासी लिम्बूहरुको यस्तो अवस्था हुन सक्छ । यदि यस्तो हो भने यिनीहरु राज्य र प्राकृतिक विपत्ती दुबैबाट पिसिएको पनि हुन सक्छ ।

प्रकृति पूजक लिम्बू समुदाय पूर्वी नेपालमा सदियौदेखि बसोबास गर्दै आएको ऐतिहासिक पृष्ठभूमि छ (सेर्मा, २०६८ र आङदेम्बे, २०६८) । परापूर्वकालदेखि बसोबास गर्ने स्थानीय समुदायसँग आफ्नो स्थानीय वातावरणसम्बन्धी जनजातीय ज्ञान, अनुभव र अनभूति उच्च हुनको साथै प्राकृतिक सम्पदा तथा जैविक विविधतासँग यिनीहरुको गहिरो साँस्कृतिक अन्तरसम्बन्ध रहन्छ (Crate and Nuttall 2009, Colombi 2009) । लिम्बू समुदायमा पनि प्रकृति र वातावरणसम्बन्धी ज्ञान, अनुभव र अनुभूतिहरु जनजातीय ज्ञानको रुपमा पाउन सकिन्छ । जुन ज्ञान उनीहरुले वातावरणसँग अन्तरक्रिया गर्ने क्रममा हासिल गरेका हुन्छन् । तर, जलवायु परिवर्तनले सबै भन्दा बढी असर आदिवासी जनजाति र जैविक विविधतामा पर्न जाने उल्लेख छ (Colombi 2009) । यसर्थ लिम्बू समुदायको वातावरणसम्बन्धी ज्ञान, अनुमान गर्ने तरिका तथा वातावरण कस्तो हुन सक्छ भन्ने अनुमानमा पनि जलवायु परिवर्तनले असर ल्याउन सक्छ । जस्तैः किरात लिम्बू समुदायले प्रकृति पुज्दा होस् या अन्य साँस्कारिक कार्य, रीतिरिवाजमा प्राकृतिक सम्पदाहरुको प्रयोग गर्दछन् । उनीहरुको जन्म, विवाह, मृत्यु र अन्य धार्मिक सेवाहरु जस्तैः **माङगेन्ना** (शिर उठाउनी), **साकमुरा वदेम्मा** (गालीसराप वगाउने), **यूमा थेवा साम्मेप्मा**(इष्टदेवको सेवा) आदि गर्दा खोलानाला तथा विभिन्न फूलहरु आवश्यक पर्छ (मुन्धुम, २०६४) । त्यसैले लिम्बू समुदायको संस्कृतिलाई प्रकृतिबाट अलग राखेर हेर्न सकिन्दैन । तर, जलवायुसम्बन्धी तथ्याङ्कलाई आधर मान्ने हो भने जलवायु परिवर्तनको असरले पूर्वी नेपालमा जलस्रोत सुक्ने, खडेरी लाग्ने, भू-क्षय, बाढी पैरो जाने जस्ता प्राकृतिक विपत्तिहरु आएको देखिन्छ (पोखरेल,२०६८) । यसका साथै यसको असर अझ बढ्ने संभावना छ । त्यसैले लिम्बू समुदाय पनि यसबाट अछुतो रहन नसक्ने अवस्था छ । यस्ता वियषवस्तुलाई पनि बुझ्नु आफैमा महत्व रहन्छ ।

यो अध्ययन इलामको बाँझो गाउँ बस्ने लिम्बू जातिको मौखिक परम्परागत मुन्धुमी अनुभवहरुलाई केन्द्रित गरी अध्ययन गरिएको छ । यो अध्ययनमा मुख्यतया लिम्बू समुदायहरुको र रैथाने बोट-विरुवा, जनावर र पानी आदि वस्तुहरुसँगको सम्बन्धलाई अध्ययन गएिको छ । साथसाथै जलवायु परिवर्तनले लिम्बू समुदायको जलवायु परिवर्तनसम्बन्धीको अनुभवहरु र दैनिक जीवन र साँस्कारिक रीतिरिवाजमा सम्बन्ध राख्ने ती वस्तुहरुमा असर पुऱ्याउदा त्यसको प्रभाव उनीहरुको संस्कृतिमा कसरी परेको छ भन्ने विषयमा अध्ययन गरिएको छ । त्यसैगरी लिम्बू समूदायको मौखिक परम्परा वा मुन्धुममा प्रकृतिलाई कसरी व्याख्या विश्लेषण गरिएको छ भन्ने विषयवस्तुलाई अध्ययनको केन्द्रबिन्दु बनाइएको छ ।

**१.२ समस्याको कथन**

जलवायु परिवर्तन गराउने कारकको रुपमा हरितगृह ग्याँसलाई लिइन्छ (श्रेष्ठ,२०६८) । विकसित औद्योगिक राष्ट्रहरुले हरितगृह ग्याँस उत्सर्जनमा तीव्रता ल्याउनाले केही दशकयता पृथ्वीको तापमान खतरनाक गतिमा वृद्धि भइरहेको छ (दाहाल, २०६८) । विकसित औद्योगिक राष्ट्रहरुको गैरजीम्वेवारीपूर्ण कृयाकलापले नेपाल जस्ता मुलुकमा झनै छिटो र धेरै जलवायु परिवर्तनको असर देखिने गरेको छ (पाण्डे, २०६८) । नेपालको पूर्वी भू-भागमा बसोबास गर्ने लिम्बू समुदायले पनि यसको भारी प्रभाव खेप्नु परेको अनुमान लगाउन सकिन्छ ।

नेपालले प्रतिवर्ष विश्वको कुल हरितगृह ग्याँसको करिब ०.०२५ प्रतिशत मात्र उत्सर्जन गरेता पनि जलवायु परिवर्तनको जोखिम मोल्ने राष्ट्रहरुमा अग्रपक्तिमा उल्लेखित छ (उप्रेती, २०६८) । नेपालको प्रतिवर्ष तापमान वृद्धि ०.०६ डि. से. ले वृद्धि भइरहेको छ, यो विश्वको सरदर तापमान भन्दा बढी हो (दाहाल, २०६८) । यसबाट पनि जलवायु परिवर्तनको प्रतिकूल असर नेपालका विभिन्न समुदायमा पर्ने स्वभाविक छ । तर, यस्तो जोखिमपूर्ण अवस्थामा पनि विश्वको ध्यान केवल हरितगृह ग्याँस कटौतीमा केन्द्रित छ । तर, जलवायु परिवर्तनले प्राकृतिक श्रोत र साधनहरुमा असर पार्द छ । यसले पारेको असरप्रति कुनै पनि संघ-संगठनले त्यति चासो दिएको पाइदैन ।

जलवायु परिवर्तनको कारणले कतिपय रैथाने वोट विरुवा, जनावर र सामुद्रिक माछाहरु लोप हुँदै गएका र नौलो वस्तुहरुको आगमन हुदै गएको मानवशास्त्रीहरुको उल्लेख छ (Colombi, 2009) । यसरी रैथाने वस्तुहरुको लोप र नयाँ वस्तुहरुको आगमन हुँदा, ती रैथाने वस्तुसँग जोडिएका स्थानीय समुदायको सामाजिक-साँस्कृतिक पक्षलाई पनि जलवायु परिवर्तनले असर गर्दछ । यदि जलवायु परिवर्तनले रैथाने वस्तुमा यस्ता खालको असर पुऱ्याउछ भने, नेपालको पूर्वि भागमा बसोबास गर्ने लिम्बु समुदायसँग जोडिन आउने रैथाने  वस्तुमा पनि असर पुऱ्याउन सक्छ । यसरी लिम्बु समुदायको साँस्कृतिक पक्षसँग जोडिन आउने वस्तुहरुलाई जलवायु परिवर्तनले असर गर्दा उनीहरुको संस्कृतिमा पनि  असर पुग्न सक्छ । जसलाई मानवशास्त्रीय दृष्टिबाट केलाउन आश्यक देखिन्छ ।

लिम्बू समुदायको अन्रसम्बन्ध प्रकृतिसँग छ । लोप हुँदै गएका प्रकृतिक सम्पदाहरु जस्तैः वोटविरुवा, चराचुरुङगी, जीवजन्तु, भू-क्षयमा बग्ने माटो र सुख्खा लाग्दा सुक्ने नदीनालासँग यिनीहरुको साँस्कृतिक पहिचान र मौलिक पहिचानहरु जोडिएको छ । जसका कारण जलवायु परिवर्तनले लिम्बू समुदायको साँस्कृतिक पहिचान, रीतिरिवाजमा चोटिलो असर पुऱ्याइरहेको हुन सक्छ । नेपालमा यस्ता विषयवस्तुको कमै अध्ययन अनुसन्धान भएको देखिन्छ । यसै विषयवस्तुलाई यस अनुसन्धानमा खोज्ने प्रयास गरिने छ । यसर्थ यस अध्ययनमा आदिवासि जनजाति लिम्बू समुदायको साँस्कारिक रीतिरिवाजमा प्रयोग हुने रैथाने वस्तुहरुलाई जलवायु परिवर्तनले असर गर्दा उनीहरुको साँस्कृतिक पहिचानमा कस्तो असर परेको छ भन्ने विषयमा यो अध्ययन केन्द्रित छ । र, यस अध्ययनले यिनै समस्यालाई आधार मानेर निम्न समस्याहरुको हल गर्ने विश्वास गरिन्छ ।

- लिम्बू समुदायको साँस्कृतिक रीतिरिवाज र प्रकृतिसँग कस्तो सम्बन्ध छ ?
- जलवायु परिवर्तनले अध्ययन क्षेत्रको प्राकृतिक सम्पदाहरु (रैथाने वनस्पति, जनावर, चरा चुरुङ्गी व्यवहार र क्रियाकलापमा कसरी असर पुऱ्याइरहेको छ ?
- जलवायु परिवर्तनले प्राकृतिक सम्पदामा असर पुऱ्याउदा लिम्बू समुदायको साँस्कृतिक रीतिरिवाज, चाडवर्पमा प्रभाव छ वा छैन ? यदी छ भने कसरी प्रभाव पारेको छ ।

## १.३ उदेश्यहरु

### १.३.१ सामान्य उदेश्यहरु

जलवायु परिवर्तनले किरात लिम्बू समुदायलाई प्रभाव पार्दा उनीहरुको साँस्कृतिक पहिचान, प्रकृतिसँगको अनुकूलता र दैनिक जीवनमा पर्ने असरलाई अध्ययन गर्ने ।

### १.३.२ विशिष्ट उदेश्यहरु

लिम्बू समुदायको साँस्कृतिक पक्षहरुको वारेमा बुझ्ने

जलवायु परिवर्तनले रैथाने वोटविरुवाहरु, जलस्रोत र चराचुरुङगी जस्ता वस्तुहरुमा पार्ने असर र त्यसले लिम्बू समुदायको संस्कृतिमा पारेको प्रभावलाई विश्लेषण गर्ने,

## १.४ अध्ययनको महत्व

यो अध्ययन विभिन्न पक्षहरुका लागि उपयोगी हुने विश्वास गरिएको छ । जस्तैः यस्तै विषयवस्तुमा अध्ययन गर्ने अध्ययनकर्ताको लागि यो द्धितीय स्रोतको रुपमा उपयोगी बन्ने कुरामा विश्वास छ । साथै जलवायुसम्बन्धी विभिन्न नीति निर्माण गर्ने योजनाकारहरुलाई यो अध्ययन उपयोगी बन्ने छ । यो अध्ययन लिम्बू समुदायलाई समेटेर जलवायुसम्बन्धी अध्ययन गरिएको पहिलो मानवशास्त्रीय अनुसन्धान बन्ने छ । त्यसैले यसमा जलवायु परिवर्तनको पक्षबाट लिम्बू समुदायको संस्कृतिलाई बुझ्ने प्रयास गरिएको हुँदा यसले आउदा दिनहरुमा अध्ययन अनुसन्धान गर्नेहरुको लागि महत्वपूर्ण स्रोत बन्ने सक्नेछ ।

त्यसैगरी यस अध्ययनको अध्याय एकमा  अध्ययनको पृष्ठभूमि, समस्याको कथन, यस अध्ययनको उद्देश्य र महत्व जस्ता विषयलाई ब्याख्या र विश्लेषण गर्ने कार्य गरिएको छ । अध्याय दुईमा यस अध्ययनसँग सम्बन्धित विभिन्न लेखकका लेख तथा रचनालई अध्ययन गरी साहित्य समालोचना गरिएको छ । अध्याय तीनमा यस अध्ययन तथा अनुसन्धान गर्न कसरी र किन क्षेत्र छनौट गरियो, कुन विधिबाट कसरी मुख्य उत्तरदाहरु छनौट गरी कसरी तथ्याङक संकलन गरियो भन्ने विषयवस्तुलाई समेटिएको छ । साथै अध्याय चारमा अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति, अध्ययन क्षेत्रका लिम्बूहरुको जल, जमीन र जंगल जस्ता प्राकृतिक स्रोतसँग कस्तो सम्बन्ध रहिआएको छ, त्यस सम्बन्धी उनीहरुको मौखिक परम्परातरा वा मुन्धुम के छ वा मुन्धुमले के भन्छ आदि विषयमा कुरा गरिएको छ ।

त्यसैगरी अध्याय पाँचमा मौसमी ऋतुचक्रीय जलवायुप्रतिको स्थानीय लिम्बूहरुको अवधारणा वा ज्ञान, मौखिक रुपमा चलेको पराम्परागत जलवायु परिवर्तनसम्बन्धीका र मुन्धुमी लोक कथा अनुसारको जलवायु वा मौसम हुने नहुने उनीहरुको अवधारणा र जल, जमीन र जंगलसँगको उनीहरुको सामाजिक साँस्कृतिकसम्बन्ध र त्यसमा जलवायु परिवर्तनले पार्ने नपार्ने प्रभावप्रतिको स्थानीयहरुको अवधारणाको विषयमा चर्चा गरिएको छ । त्यसैगरी अध्याय छ मा यस अध्ययनको निश्कर्ष र सारंशलाई समेटिएको छ ।

### १.५ सैद्धान्तिक तथा अवधारणात्मक स्वरुप

एकाइसौं शताब्दीको सुरुवातसँगै जलवायु परिवर्तनलाई विश्वव्यापी वातावरणीय बहसको रुपमा लिन थालिएको छ (Poudel, 2012) । जलवायु परिवर्तनको सन्दर्भमा खोज तथा अनुसन्धान गर्ने क्रममा वातावरणीय मुद्दालाई बढी चर्चा गर्ने गरिन्छ जव कि जलवायु परिवर्तनको प्रभाव प्रत्यक्ष वा परोक्ष रुपमा स्थानीय समूदायहरुको विभिन्न क्रयाकलापहरुमा पर्न जान्छ (Salik and Byg 2007) । स्थानीय समूदायहरुको सामाजिक तथा साँस्कृतिक पक्षहरुमा जलवायु परिवर्तनले असर पुऱ्याउन सक्छ भन्ने विषयलाई ध्यानमा राखेर  जलवायु परिवर्तनसम्बन्धी राट्रिय-अन्तराट्रिय स्तरमा पनि मानवशास्त्रीहरुले अध्ययन अनुसन्धान गरेको पाइन्छ (Crate 2009, Colombi, 2009, Vedwan 2006 and Poudel 2012) ।

उल्लेखित मानवशास्त्रीहरुले स्थानीय समूदायहरुको प्रकृतिप्रतिको मूर्त-अमूर्त सन्बन्ध र बुझाइलाई सामाजिक साँस्कृतिक (ethno-cogniton) अवधारणाको प्रयोग गर्दै आदिवासीहरुको विविध साँस्कृतिक पक्षलाई जलवायु परिवर्तनले के कसरी प्रभाव पारेको छ वा पार्न सक्छ भन्ने विषयलाई केन्द्रित गरेर अध्ययन गरेको पाइन्छ । यसर्थ मैले पनि यस अनुसन्धानमा लिम्बू समूदायका सदस्यहरुले जलवायु परिवर्तनलाई कसरी बुझ्दछन् र ब्याख्या विश्लेषण गर्दछन् भन्ने कुरालाई उनीहरुको मौखिक परम्परागत ज्ञान (मुन्धुम) र अनुभवहरुको आधारमा अध्ययन गरेर ब्याख्या गर्ने प्रयास गरेको छु ।

# अध्याय : दुई
# पूर्व साहित्य समालोचाना

## २.१ विश्वव्यापी जलवायु परिवर्तनको अवस्था

विश्वको तापमान केही दशकयता खतारनक ढंगले बढ्दै छ (दाहाल, २०६८) । वैज्ञानिकहरुका अनुसार सन् १९९० देखि २१०० भित्रमा १ दशमलव ४ देखि ५ दशमलव ८ डिग्रीसम्म विश्वव्यापी तापमान बढ्ने अनुमान छ (केसी, २०६८) । वैज्ञानिकहरुको हालैको अनुसन्धानले जलवायु परिवर्तनलाई सघाउ पुऱ्याउने अर्को पनि घटक फेला परेको छ । जुन विकासोन्मुख राष्ट्रहरुको जैविक इन्धन प्रयोग जस्ता कार्यले वायुमण्डलीय खैरो बादल उत्सर्जन हुने कार्यले हुन्छ (श्रेष्ठ, २०६८) । IPCC (2007) मा जारी गरेको प्रतिवेदनलाई उदृत गर्दै श्रेष्ठले भनेका छन्, यसअघि गरिएको अनुमानभन्दा निकै उच्च गतिमा जलवायु परिवर्तन भइरहेको र यसको असर पनि त्यसै अनुपातमा हुने देखाएको छ ।

यसरी जलवायु परिवर्तनले विश्वव्यापी खतरा ल्याउन सक्ने संभवानाको उद्घोष भइरहेको अवस्थामा जलवायु परिवर्तनसम्बन्धी अध्ययन गर्ने संघ संगठनहरु विश्व वातावरणकको सवालमा मात्र केन्द्रित भएको देखिन्छ । तर, यो मानवशास्त्रको लागि पनि उत्तिकै चासोको विषय हो (strauss 2009) । अन्तराष्ट्रिय जगतमा मानवसास्त्रीय दृष्टिकोणबाट पनि जलवायु परिवर्तनको अध्ययन अनुसन्धान भइरहेको छ (Colombi, 2009, Strauss,2009 and Poudel 2012) । तर, पत्रपत्रिका र संचार माध्ययमा भने जलवायु परिवर्तनसम्बन्धी वातावरणीय मुद्दाहरु मात्र प्रचार प्रसार हुने गरेको देखिन्छ । विश्वका औद्योगिक राष्ट्रहरुले जलवायु परिवर्तनको नियन्त्रण गर्न हरितगृह ग्याँसको कटौतीमा चासो राखेको पाइन्छ । जैविकीय विषयमा चासो राखेको पाइन्छ तर जलवायु परिवर्तनले मानव संस्कार-संस्कृतिमा सम्बन्ध राख्ने विविध वस्तुमा असर पुऱ्याउन सक्ने विषयमा भने विश्वले नै चासो राखेको पाइदैन ।

### २.१.१ एशियामा जलवायु परिवर्तनको अवस्था

पछिल्लो समयमा एसियामा अवस्थित हिमालीय क्षेत्रमा जलवायुका केही प्रष्ट संकेतहरु देखिएका छन् । विशेष गरेर नेपाल र तिब्बतका उष्णिकरणहरुमा प्रशस्त प्रमाणहरु पाइएका छन् (उप्रेती, २०६८) । यहाँको तापमान विश्वको सरदर तापमान वृद्धिभन्दा धेरै ज्यादा छ (दाहाल, २०६८) । तापक्रमको अलावा दक्षिण एसियाली गृष्म मनसुनमा पनि परिवर्तन आउन थालेको लक्षण छ । भारतको क्षेत्रगत औसत मनसुन वर्षा सन् १९५० को दशकदेखि ८ प्रतिशत बढेको छ (उप्रेती, २०६८) ।

### २.१.२ नेपालमा जलवायु परिवर्तनको अवस्था

विश्वको सरदर तापमान वृद्धि दरको तुलनामा नेपालको तापमान वृद्धि दर धेरै उच्च छ (श्रेष्ठ, २०६८ र दाहाल, २०६८) । यसबाट नेपाल तुलनात्मक रुपमा अरु राष्ट्रभन्दा छिटो जलवायु परिवर्तनले ल्याउने

जोखिमको सिकार बन्ने देखिन्छ । नेपालले विश्वको कूल हरितगृह ग्याँसको ०.०२५ प्रतिशत मात्र उत्सर्जन गरेतापनि (उप्रेती, २०६८) नेपालले विपत्ति भोल्नु पर्ने अवस्था छ । यसको कारण औद्योगिक राष्ट्रहरुको गैर जिम्मेवोरीपूर्ण प्राकृतिक सम्पन्दामाथिको शोषणलाई मानिएको छ । यसरी जलवायु परिवर्तनले तीव्र रुप लिदा यी मुद्दालाई वातावरणीय र जैविकीय सवालसँग मात्र जोडेर हेरिएको छ । तर, जलवायु परिवर्तनलाई मानवशास्त्रीय सवालमा पनि वुभ्फन् जरुरी छ ।

नेपालमा सन् १९७५ देखि २००५ सम्मको जल तथा मौसम विज्ञान विभागले गरेको अध्ययनले ०.०४ डि.से ले औसत तापमान वृद्धि भएको जनाएको छ । यो पृथ्वीको औसत वायुमण्डलीय तापमान वृद्धि भन्दा धेरै हो (शाक्य, २०६८) । यहाँ जलवायु परिवर्तनको प्रतिकूल असर मूख्य गरेर कृषि तथा प्राकृतिक सम्पन्दामा परेको देखिन्छ । हिमनदीको क्षेत्र घट्दै जानाले हिमताल बनी बिस्फोट भएर हिमपैरो जाने खतरा जलवायु परिवर्तनले उच्च हिमाली भेगमा ल्याउने समस्या हो । बाढी, पहिरो, नदी तटीय क्षेत्रमा बाढी र थिग्रेनीको प्रकोप, पहिरोले खोला बन्द भएर बनेको अस्थायी बाँध भत्किएर उत्पन्न हुने बाढी, भू-क्षय र असमान्य खडेरीलाई पहाडी क्षेत्रमा जलवायु परिवर्तनले ल्याउने प्रकोपको रुपमा लिइन्छ । त्यसैगरी खेतबस्ती डुबान, नदीको धार बदलिएर हुने बाढी, नदी तटीय क्षेत्रमा कटान, खडेरी जलवायु परिवर्तनले नेपालको तराई क्षेत्रमा ल्याउने समस्या हुन् (दाहाल, २०६८) । नेपालमा २००० भन्दा बढी हिमतालहरु छन् । यहाँको उच्च तापक्रम वृदिले गर्दा हिउ पग्लने प्रक्रियामा पनि तीव्रता आउदा ती तालहरुको आकार वृदि भइरहेको अवस्था छ । जसले संभावित खतराको संकेत गर्दछ ( Agrawala 2008 ) ।

माथि उल्लेखित लेखकहरुले जलवायु परिवर्तनलाई वातावरणीय मुद्दासँग मात्र जोडेर अध्यायन गरेको देखिन्छ । नेपालको तापक्रम उच्च तवरले बढ्नाले हिमाल, पाहाड र तराईमा जलवायु परिवर्तनले फरक-फरक तरिकाले असर देखाउने र ती ठाउँका जैविक विविधता नष्ट हुने, भू-क्षय हुने, बाढीपैरो जाने जस्ता कुरामा यिनीहरुको ध्यान केन्द्रित छ । तर, यी लेखकहरु जलवायु परिवर्तनले त्यस खालको परिवर्तन ल्याउदा स्थानीयबासीको लामो समयदेखिको जलवायुसम्बन्धी ज्ञानमा पनि उतारचढाव ल्याउछ भन्ने विषयमा भने मौन छन् । जलवायु परिवर्तनको असर विभिन्न रैथाने बोटबिरुवामा परेको छ भन्नेकुरामा चासो भए पनि ती बोटविरुवासँग स्थानीय समुदायको सम्बन्धको अर्थ यिनीहरुले खोजेका छैनन् । साथै ती रैथाने बोटबिरुवासँग घनिष्ट सम्बन्ध राखेर स्थानीय समुदायले विभिन्न साँस्कारिक रीतिथितिहरु गर्ने हुनाले जलवायु परिवर्तनले तिनै बोटबिरुवामा असर पार्दा स्थानीय समुदायको रीतिरिवाजमा पनि उतारचढाव आउन सक्छ । यी लेखकहरु यस विषयतिर जान सकेको छैनन् । त्यसैले यो अध्ययनले मानवशास्त्रीय अध्ययन गरी उक्त विषयलाई प्रमुखताको साथ उठाउने छ ।

### २.२ जलवायु परिवर्तन र मौसम परिवर्तनमा मानवशास्त्रीय अध्ययनः एक समीक्षा

सामन्यतया जलवायु परिवर्तन र मौसम परिवर्तनलाई एकै अर्थमा बुभ्फ्ने गरिन्छ । तर यी दुइमा तात्विक भिन्नता छ । जलवायु परिवर्तनमा एक पुस्ता भन्दा लामो समयमा प्राकृतिक मौसमी पात्रोमा भएको

परिवर्तनलाई बुझ्ने गरिन्छ भने मौसम परिवर्तनमा छोटो समयलाई हेरिन्छ । जस्तैः वर्ष, महिना, हप्ता, दिन आदि । र, यसमा बिनासलाई हेरिदैन ।

जलवायु परिवर्तनको कारणले मौसम परिवर्तनमा पनि उतारचढाव आउछ । यी दुबै विषयवस्तुलाई मानवशास्त्रिहरुले साँस्कृतिक आँखाबाट सुक्ष्म दृष्टिकोणले हेर्ने गरेको देखिन्छ (Crate and Nutall 2009 and Colombi 2009) मानवशास्त्रका शुरुवातदेखि नै मानवशास्त्रीहरुले विविन्न विद्याहरुमा जलवायु परिवर्तनसम्बन्धी अध्ययन गरेको देखिन्छ । मानवशास्त्रीहरुले जलवायु परिवर्तनसम्बन्धी तीन धारबाट अध्ययन गरेको देखिन्छ ।

प्राग् ऐतिहासिक मानवशास्त्रीहरुले वर्षौं अघिको जलवायु परिवर्तनको अवस्थालाई उजागर गरेको पाइन्छ (Hassan 2009, Nelnson, 1988 and Jurmain, 1992) । यिनीहरुको अध्ययनले विगतको जलवायु परिवर्तन र त्यसले मानव सामाजिक तथा साँस्कृतिक पक्षहरुमा पारेको प्रभाव बारे जान्न सहयोग गर्छ । दोस्रो जनजातीयसम्बन्धि अध्ययन गर्ने मानवशास्त्रीहरुले ऋतुचक्र अनुसारको मौसम परिवर्तन हुने र सोही अनुसार मानव संस्कृतिहरु निर्धारण हुन्छन् र ती ऋतु चक्रमा मानव समुदायको क्रियाकलापको बारेमा अध्ययन अनुसन्धान गर्छन् (Evanspitchard, 1940, Monlar, 1981 and Gurung, 1987) । तेस्रो खालका मानवशास्त्रीहरु जलवायु र मौसमले ऋतुचक्रलाई पनि परिवर्तन गराउछ भन्ने कुरामा विश्वास गर्छन् (Crate and Nutall, 2009 and Colombi, 2009) । जलवायु र मौसम चलयमान हुँदा साजिक साँस्कृतिक जीवनमा पनि उतारचढाब आउछ भन्ने कुरामा केन्द्रित छन् । यसबाट जलवायु परिवर्तन र मौसम परिवर्तनले सामाजिक अनुभूति, ज्ञान, स्थापित अनुकूलनता र साँस्कृतिक पक्षमा पर्ने प्रतिकूल असरलाई बुझ्न सहयोग पुग्छ ।

### २.२.१ प्राग् ऐतिहासिक मानवशास्त्रीय दृष्टिकोण

प्राग् ऐतिहासिक दृष्टिकोणबाट जलवायु परिवर्तनसम्बन्धी अध्ययनकर्ता (Hassn, 2009) विभिन्न तथ्याङकलाई आधर मानेर प्राग् ऐतिहासिक जलवायु परिवर्तन र त्यसले मानव र संस्कृतिलाई कसरी प्रभाव पारेको थियो भन्ने बारेमा अध्ययन गरेका छन् । यिनीहरुको विश्लेषण अनुसार आदीम मानवहरुले कृषि गर्ने र जनावर पाल्ने कामको शुरुवात गर्नु नै जलवायु परिवर्तनको उपज हुन सक्ने उल्लेख गरेका छन् ।

प्रशस्त प्राकृतिक स्रोतको कमी नहुनाले आदीम मानवहरु अनुकूल वातावरणमा घुमफिर गर्दै जीविको पार्जन गर्ने प्रक्रियामा जलवायु परिवर्तनले अप्रत्यासित विपत्तिहरु ल्यायो । जस्तैः जलवायु परिवर्तनको कारण आदीम मानवहरु बस्न योग्य ठाउँ र खाद्यन्नको लागि निर्भर रहने स्रोतहरु हिम, पैरो बाढी पैरो जस्ता प्राकृतिक विपत्तिले गर्दा नष्ट हुन गयो । यस खालका प्राकृतिक प्रकोपले आदीम मानवहरुमा

सुरक्षित ठाउँमा सर्नु पर्ने चेतना र बाध्यताको एकै साथ सिर्जना भयो । जुन ठाउँमा आदीम मानवहरु सरेर बस्न थाले सो ठाउँमा प्राकृतिक स्रोतको कमीले गर्दा खाद्यन्न संकट हुन गई उनीहरु भोक भोकै बस्नु पर्ने अवस्थाको सिर्जना भयो । जसको परिणाम स्वरुप आदीम मानवहरुले खाद्यवस्तुको सकंलन गर्न थाले । यसरी आदीम मानवहरुले पछिसम्म खाद्यवस्तु संकलन गर्दै जाने क्रममा बोट विरुवा रोप्ने काम, बीउ छर्ने र जनावर पाल्न पनि सुरु गरे । जसको परिस्कृत रुप आजको कृषि र पशुपालन संस्कृति हो । (Hassan, 2009) । हासनको प्राग् ऐतिहासिक परिकल्पनात्मक विश्लेषणले जलवायु परिवर्तनले आजभन्दा दसहजार वर्ष पहिलेको मानवहरुमा विपत्ति ल्याउनाले नयाँ कुरा सिक्ने  मौका पनि मिल्यो । जलवायु परिवर्तनको कारणले आदीम मानवहरुले प्रविधिको विकास, कृषिको विकास र संस्कृतिको उदविकास गरे । तर, हजारौ वर्ष पहिलेका आदीम मानवसँग आजको मानवहरुको अवस्था निश्चित रुपमा मिल्दैन । आजको समाज जटिल छ । परम्परादेखि ग्रहण गरेका विभिन्न संस्कृतिहरु आजको मानवहरुको पहिचान बनेको छ । यस्तो अवस्थामा जलवायु परिवर्तनको कारण देखिने असरहरुलाई नौलो आयमबाट पनि अध्ययन गर्न जरुरी देखिन्छ ।

हासनका अनुसार जलवायु परिवर्तन र मानवबीचको सम्बन्धको विश्लेषणलाई लिएर प्राग् ऐतिहासिकविदहरुमा मत बाझिएको छ । हासनले C. Chide, (1928) को परिकल्पनात्मक विश्लेषणलाई साभार गर्दै भनेका छन्, हिमयुगको अन्त्य सँगै पृथ्वीको पूर्वी ध्रुव नजिकै प्रशस्त प्राकृतिक स्रोत साधन सम्पन्न ठाउँहरु सिर्जना भयो । जसको परिणाम स्वरुप आदीम मानवले आफू अनुकूल एकै ठाउँमा बसोबास गर्न थाले । आदीम मानवले एकै ठाउँमा आफूलाई चाहिने वस्तुहरु प्रशस्त प्रयोग गर्न पाउने भएकोले, सोही ठाउँमा बसोबास गर्दै जाने क्रममा स्थायी बसोबासको साथै खाद्यन्न उत्पादन गर्ने काम र जनावर पनि पाल्ने काम सुरु गरेको हुन सक्ने उल्लेख गरेका छन् (Hassan, 2009) ।

हासनले जलवायु परिवर्तन र खाद्यन्न उत्पादनको सम्बन्धलाई लिएर अर्का प्राग् ऐतिहासिकविद Binford (1968) को विश्लेषणलाई यसरी उदृत गरेका छन् । पोस्ट प्लेस्टोसेन समयमा जलवायु परिवर्तनले सामुन्द्रिक सतहमा परिवर्तन ल्यायो । जसको कारणले भारी मात्रमा सामुन्द्रिक जीव, माछालगायत समुन्द्रको सेरोफेरोमा रहेका प्राकृतिक स्रोतहरु तहसनहस भयो । त्यसपश्चात सजिलै तरिकाले प्राकृतिक स्रोतमा निर्भर रहेका आदीम मानवहरुलाई खाद्यन्न संकट हुन गयो । जसको कारण मानवहरु अन्य ठाउँमा सरे । आदीम मानवहरुमा खेती गर्नु पर्ने चेतनाको सुरुवात भयो । पछि गएर आदीम मानवहरुले प्राकृतिक स्रोतको कमी भएको ठाउँमा पनि अन्तबाट बोट विरुवा ल्याएर रोप्न थाले । जनावर पाल्न थाले ।

प्राग ऐतिहासिक जलवायु परिवर्तनलाई पछिल्लो समय (Bradly, 2001 and Wessi, 1993) ले पनि साँस्कृतिक उद्विकासँग जोडेर अध्ययन अनुसन्धान गरेको हासनले उल्लेख गरेका छन् । यिनीहरुले हरेक

पटक सामाजिक संरचना भंग हुनमा जलवायु परिवर्तनको प्राथमिक भूमिका रहेको उल्लेख गरेका छन् । प्राग ऐतिहासिक जलवायु परिवर्तन अध्ययन अनुसन्धान सत्यतथ्यमा आधारित रहेर हुनु पर्ने यिनीहरुको जोड रहेको छ ।

सालिक र ब्यगले (2007) पनि प्राग ऐतिहासिक जलवायु परिवर्तनसम्बन्धी अध्ययनकर्ताहरुको भनाइलाई साभार गर्दै भनेका छन् । ढुङगे युगमा जलवायु परिवर्तनको कारणले प्राकृतिक स्रोतमा ठूलो क्षति हुँदा साझा जीवन बिताउने मानवहरुमा खाद्यन्न संकट हुन गयो । त्यसपछि प्रकृतिमा पाइने खाने कुराहरुको संकलन गर्ने र एक अर्कामा बाडेर खाने प्रचलन आदीम मानवहरुमा वस्यो आफू बाच्नको लागि कृषि पेशा ग्रहण गरे ।

उल्लेखित प्राग ऐतिहासिकविदहरुको अध्ययन र अनुसन्धानबाट आज भन्दा हजारौ वर्ष अगाडि जलवायु परिवर्तन हुँदा घुमन्ते फिरन्ते जीवन यापन गर्ने आदीम मानवहरुको जनजीवनमा विविध संकटहरुको सिर्जना हुन गयो भन्ने विश्लेषण छ । जलवायु परिवर्तनको कारणले आदीम मानवहरु आश्रीत हुने विभिन्न प्राकृतिक स्रोतहरु नष्ट हुदा आदीम मानवहरुको सामाजिक जीवन चुनौतिपूर्ण हुन पुग्यो जसको कारण विविध सामाजिक, साँस्कृतिक र प्रविधिक पक्षहरु आदीम मानवहरुले सिर्जना गर्दै गए भन्ने मानवशास्त्रीहरुले उल्लेख गरेका छन् । आज भन्दा हजारौ वर्ष पहिले सरल जीवन बिताउने आदीम मानवहरुको जनजीवनमा जलवायु परिवर्तनले पार्ने असर र आजको जटिल समाजमा जलवायु परिवर्तनले पार्ने असरलाई बेग्ला बेग्लै चश्माले हेर्न सके जलवायु परिवर्तनको बहुआयमिक असरलाई उचित तरिकाले बुझ्न सकिन्छ

### २.२.२ जनजाति मानवशास्त्रीय दृष्टिकोण

सुरुवातदेखि नै मानवशास्त्रिहरुले मौसम र मौसम चक्र आदिले जनजातिहरुको विविध पक्ष निर्धारणमा प्राथमिक भूमिका खेल्न सक्ने तत्वको रुपमा अध्ययन गरेका छन् (Evansprichard, 1940, Molnar, 1981, Gurung, 1987) । यिनीहरुले ऋतुचक्रीय वातावरणले कुनै पनि स्थानीय समुदायको साँस्कृतिक, सामाजिक र आर्थिक पक्षहरु निर्धारण हुने उल्लेख गर्छन् ।

ऋतु चक्रीय वातावरणले नै तारामी मगरहरुको विभिन्न कार्यहरुमा निर्धारकको भूमिका खेल्ने गुरुङगले उल्लेख गरेका छन् । जस्तैः तारामी मगरहरुको प्रचलित चाँडपर्वहरु बैशाखे, असारे, भदौरे र कार्तिके पर्वहरु ऋतुचक्रीय वातावरणले निर्धारण गरेको छ । यी चाडपर्वहरु तारामी समूदायमा पूर्खाहरुको संझनामा र अन्नवालि लगाउने अवसरमा मनाउने गरिन्छ । त्यसैगरी ऋतु चक्रीय वातावरणमा आधारित भएर उनीहरुले प्राकृतिक जंगली स्रोतहरुको व्यवस्थापन र वस्तुभाउ चरणलाई पनि प्राथामिकता दिने गुरुङले उल्लेख गरेका छन् (1987) । गुरुङको विश्लेषणले ऋतु चक्रीय जलवायु र मौसम अनुसार

तारामी मगरहरुको सामाजिक र साँस्कृतिक पक्षहरुलाई निर्धारण गर्ने उल्लेख भए पनि, बद्लिदो जलवायु परिवर्तनको असरले ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनमा पनि परिवर्तन आइ प्राकृतिक वातावरणमा उत्तार-चढाव आउने अवस्था छ । यसर्थ जलवायु परिवर्तनले ऋतु चक्रमा प्रभाव पार्दा, स्थानीय समूदायहरुको सामाजिक साँस्कृतिक रीति रिवाज आदि जस्ता अस्तित्वमा रहेका सामाजिक कृयाकलापहरुमा कस्तो प्रभाव परेको छ भन्ने विषयमा लेखक मौन देखिन्छन् । त्यसैले मेरो अध्ययन ऋतु चक्रीय जलवायु र मौसमलाई पनि जलवायु परिवर्तनले परिवर्तन गराउदा ऋतु चक्रीय वातावरणमा निर्धारित विविध सामाजिक कार्यमा कस्तो प्रभाव पर्छ भन्ने विषयमा केन्द्रित हुने छ ।

धौलागिरी र डोल्पो पर्वत श्रेणीको दक्षिण पाहाडी क्षेत्रमा वसोवास गर्ने जनजाति खाम मगर समूदायहरुको आर्थिक रणनीतिमा ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनले पनि केही कुरा निर्धारण गरेको छ । यिनीहरुले वासस्थान क्रमशः दक्षिणदेखि उत्तरतिर मोडिएकोले वातावरणीय अवस्था पनि दक्षिणदेखि उत्तर हुँदै फरक भएको छ । भौगोलिक वातावरणले गर्दा चरणखण्ड उत्तर क्षेत्रमा बढी हुनाले, गर्मी मौसममा दक्षिणी भेगमा गोठालाहरु गाईवस्तु वा भेडाबाखाहरु लिएर उत्तर जान्छन् । यस्तो घुमन्ते फिरन्ते किसिमको पशुपालन सिर्जना हुनुमा ऋतु चक्रीय जलवायु र मौसम प्रमुख कारण देखिन्छ । साथै हावापानीको प्रभाव कृषिजन्य वस्तुमा पनि देन्खिन्छ (Molnar 1981) । मोल्नारले पनि ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनले खाम मगरहरुको आर्थिक रणनीतिमा महत्वपूर्ण भूमिका रहने उल्लेख गरेकी छिन् । ऋतु चक्रीय जलवायु र मौसममा पनि फेरवदल हुन सक्छ भन्ने भनाइमा मोल्नार पनि मौन नै देखिन्छिन् । साथै ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनले आर्थिक रणनीतिमा महत्वपूर्ण निर्धारकको भूमिका खेल्ने विषयतिर यिनको ध्यान केन्द्रित देखिन्छ । तर, जलवायु परिवर्तनले स्थानीय समूदायहरुको सामाजिक र साँस्कृतिक रीति रिवाजमा पनि भूमिका खेल्न सक्छ । जसलाई मेरो अध्ययनले प्राथामिकता दिने छ ।

कीर्तिपुर पाँगा गाउँका स्थानीय नेवार समुदायका लागि उपयुक्त बाली लगाउन असारमा पानी पर्नु पर्छ । ऋतुचक्रीय वातावरणले साउन १५ सम्ममा धान रोपी सक्नु पर्ने सामाजिक मान्यता निर्धारण गरेको छ (Nepali, 1965) । नेपालीले स्थिर ऋतुचक्रीय जलवायु र मौसम परिवर्तनमा आधरित भएर नेवारी संस्कार-संस्कृति र कृषि कार्य सम्पन्न हुने उल्लेख गरेका छन् । तर मानवशास्त्रीय अध्ययनले नै स्थिर जलवायु परिवर्तन मौसम परिवर्तनमा उतारचढाव आउने उल्लेख गरेका छन् । स्थिर ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनमा उतारचढाव आउनाले स्थानीयहरुको कृषि कार्य र संस्कार-संस्कृति प्रभावित हुन सक्छ ।

### २.२.३ साँस्कृतिक मानवशास्त्रीय दृष्टिकोण

जलवायु परिवर्तन ऋतु चक्रबाहेक पनि परिवर्तन हुन्छ भनेर मत जाहेर गर्ने मानवशास्त्रीहरुमा (Crate and Nutall 2009, Colombi 2009 and Orlove 2009) आदि रहेका छन् । यिनीहरुले विभिन्न समुदायमा जलवायु परिवर्तनको अध्ययन अनुसन्धान गरेका छन् ।

कोलम्बिले (2009) कोलम्बियाको आदिवासी जनजाति समुदाय नेजपर्सहरुको स्थानीय कोलम्बिया वेसिनको स्नेक नदी र त्यस नदीमा पाइने रैथाने सालमन माछासँग घनिष्ट सम्बन्ध रहेको उल्लेख गरेका छन् । कोलम्बिको विश्लेषणमा नेजपर्सहरुको पराम्परागत मूल्य मान्यतादेखि मृत्यु पर्यन्त गर्ने संस्कार संस्कृतिमा सालमन र स्थानीय पानी आवश्यक छ । पानी नेजपर्सहरुले औषधीको रुपमा प्रयोग गर्छन् । जसले गर्दा यिनीहरुको स्वास्थ्य लाभसँग पानीले सम्बन्ध राख्छ । सालमनले विभिन्न साँस्कृतिक रीतिरिवाज र चाडपर्वहरुमा महत्वपूर्ण भूमिका राख्छ । सालमन बाहेकका गैररैथाने माछा नेजपर्सहरुको सामाजिक संस्कार-संस्कृति र कर्मकाण्डमा अस्वीकार्य र अशुभ मानिन्छ । तर, जलवायु परिवर्तनले भौगोलिक खण्डमा असर पुऱ्याउदा यिनीहरुको स्थानीय नदी सुक्ने अवस्थामा छ भने सालमनको संख्यामा भारी गिरावट आइरहेको छ । जसको कारण नेजपर्सहरुको सामाजिक, साँस्कृतिक रीतिथितिमा जलवायु परिवर्तनले प्रत्यक्ष-अप्रत्यक्ष असर पारेको हुनसक्ने कोलम्बिले उल्लेख गरेका छन् । जलवायु परिवर्तनलाई नयाँ आयमबाट बुझ्ने कोलम्बिले जलवायु परिवर्तन विगतभन्दा फरक तरिकाले बदलिदै गएको मत जाहेर गरेका छन् । उनले नेजपर्सहरुको दैनिक जीवनको साथै विभिन्न रीतिरिवाज, कर्मकाण्ड र संस्कार-संस्कृतिमा आवस्यक सालमन पाइने स्थानीय नदी जलवायु परिवर्तनको कारणले सुक्दै जानाले सालमनमा गिरावट आएको वा सालमन अन्तै सर्नाले नेजपर्सहरुको  सामाजिक साँस्कृतिक पक्षमा परेको प्रभावलाई न्यायोचित ढङगले उल्लेख गरेका छन् ।

भिलियी शाखा समुदायका पाका सदस्यहरुको अनुभवमा जलवायु परिवर्तन विगतको तुलनामा निश्चित रुपमा फरक थियो । जब ती पाकाहरु साना थिए, जाडो यति जाडो थियो कि आकाशमा उडिरहेका चराहरु तत्कालै कक्रेर भुइमा खसेर मर्थे । गर्मी मौसममा धानको न्यान काटेको कति पनि नभइ सुक्थ्यो । तर, बुढापाकाहरुले अहिले जलवायु परिवर्तन भएको अनुभव गरेका छन् । जब किसानले धानको न्यान काटेर राख्छन् त्यो सुक्न नपाइ खेतबारीमा नै खेर जान्छ । जाडो मौसम ढिलो सुरु हुने पहिलाको तुलनामा फरक खालको जाडो हुने । गर्मीमा सास फेर्न नै गाह्रो हुने तर विगतमा गर्मी भए पनि हावा बहनाले सास फेर्न सहज भएको भिलियी शाखा समुदायको अनुभव थियो (Crate, 2009) । क्रेटले पनि भिलियी शाखा समुदायको पाकाहरुको मत लिएर जलवायु परिवर्तनको अध्ययन गर्दा विगतको भन्दा जलवायु परिवर्तन फरक रहेको पाए । यस अध्ययनमा क्रेटले शाखा समुदायको पाका सदस्यहरुको जलवायुसम्बन्धीको ज्ञान, अनुभव, अनुकूलनताहरुलाई जलवायु परिवर्तनले असफल बनाएको उल्लेख गरेका छन् । क्रेटले जलवायु परिवर्तनले स्थानीय समुदायहरुको आनुकूलनता, अनुभूति र ज्ञानमा पार्ने असरलाई अध्ययन गरेका छन् । क्रेटको अध्ययन स्थानीय समुदायले जलवायु परिवर्तनलाई स्थानीय तहमा कसरी बुझ्छन्, कसरी व्याख्या गर्दछ भन्ने कुरामा केन्द्रित छ ।

जलवायु परिवर्तनको असर बहुआयमिक भए पनि यसलाई वातावरणरीय मुद्दासँग मात्र जोडेर अध्ययन गरिन्छ । आदिवासीलगायत अन्य स्थानीय समुदायलाई ध्यानमा राखेर कमै मात्र जलवायु परिवर्तनको

अध्ययन गरिएको छ । प्राकृतिक सम्पदासँग गहिरो सम्बन्ध रहनाले स्थानीय समुदायमा जलवायु परिवर्तनको असर प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सबैभन्दा बढी पर्न जान्छ । यिनीहरुले जलवायु परिवर्तनलाई अवलोकन गर्नेदेखि लिएर जलवायु अनुरुप अनुकूलन हुने प्रचलन पनि बसाएको हुन्छन् । स्थानीय समुदायहरु मौसमी वातावरणीय स्रोतहरुमा निर्भर रहने गर्छन् । यिनीहरुले ऋतु चक्रीय जलवायु परिवर्तनको भविश्यवाणी गर्न सक्छन् । जस्तैः शिरिर ऋतुमा हुने हिमपात, वर्षा ऋतुमा नदीनाला बढ्ने घट्ने पानीको बहावहरु बुझ्ने जान्ने स्थानीय समुदायमा ज्ञान हुन्छ । तर, पत्रपत्रिका र सञ्चार माध्यमलाई आधर मान्ने हो भने जलवायु परिवर्तनको असर कृषि, सामुन्द्रिक जीव र अन्य प्रकृतिक स्रोतमा परेको उल्लेख छ (Salick and Byg 2007) । यसर्थ पनि जलवायु परिवर्तनको असर आदिवासी जनजाातिहरुमा बढी पर्ने अनुमान लगाउन सकिन्छ । सालिक र ब्यगको विश्लेषणमा जस्तै लिम्बू समुदाय पनि प्रकृतिमा निर्भर छन् । प्रकृतिमा रहेका विभिन्न वोटविरुवाहरुसँग यिनीहरुको अत्यन्तै घनिष्ट सम्बन्ध हुनाले लिम्बू समुदायसँग सम्बन्ध राख्ने वोटविरुवालाई जलवायु परिवर्तनले कस्तो असर पारेको छ भन्ने सवालमा यो अध्ययन केन्द्रित हुने छ ।

जलवायु परिवर्तनले स्थानीय समुदायको घनिष्ट सम्बन्ध रहने प्राकृतिक वातावरण हुँदै स्वत साँस्कृतिक विविधता, सामाजिक मूल्यमान्यता, अर्थतन्त्र र राजनीति जस्ता पक्षहरुमा बहुआयमिक असरहरु पार्न सक्छ (Crate and Nutall 2009) । यहाँ लेखकहरुले जलवायु परिवर्तनको प्रभाव बहुआयमि हुन सक्ने उल्लेख गरेका छन् । यसै अध्ययनलाई आधार मानेर जलवायु परिवर्तनले लिम्बू समुदायको साँस्कृतिक पक्षमा के कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा गहन अध्ययन गर्न सकिन्छ ।

जलवायु परिवर्तनको असर सबैभन्दा पहिले प्रकृतिमा पर्ने गर्छ । प्रकृति मानवीय खुल्ला आँखाले नदेखिने पनि हुन सक्छ । त्यसैले जलवायु परिवर्तनका असरलाई विषयगत र वस्तुगत रुपमा बुझ्न जरुरी छ । हिमाली भेगमा हिउ पग्लेर हिमताल फुट्नु र सो क्षेत्रको प्राकृतिक सौन्दर्यमा ह्रास आइ पर्यटकीय आगमनमा गतिरोध सिर्जना हुनु जलवायु परिवर्तनको प्राकृतिक वातावरणीय असर हुन । सो क्षेत्रको स्थानीय समुदायको लामो समयदेखि हिँउसम्बन्धीको अवधारणा, ज्ञान र अनुभूति साथै उनीहरुको विभिन्न साँस्कृतिक पक्षहरु अमूर्त रुपमा हिमाल र हिउसँग जोडिएका हुन्छ । जलवायु परिवर्तनका असर तिनै मूर्त-अमूर्त प्राकृतिक स्रोतहरुमा पर्न जान्छ (Orlove,Wiegandt and Lukman, 2008) । स्थानीय स्थरमा जलवायु परिर्तनका यस किसिमका विषयगत र वस्तुगत असरहरु अन्य स्थान र समुदायहरुमा पनि पर्न सक्छ जसलाई पनि मानवशास्त्रीय अध्ययन गर्न आश्यक छ ।

लोक कथा अनुसार मामा क्याटोकोची स्थायी हिउले ढाकिएकी सौन्दर्यकी खानी हिमाल हुन् । टय्टा इम्बबुरा हिमाल क्याटोकोचीको रुपमा आकर्षित भई यी दुई हिमालबीच वैवाहिक सम्बन्ध कायम हुन्छ । तर, इम्बबुराले आँखा छलेर क्याटाकोचीभन्दा सुन्दरी हिमालसँग सम्बन्ध राख्छ जुन कुरा क्याटोकोचीलाई

मन पर्दैन । बिहानी पख क्याटोकोची परीको रुपमा इम्बबुरातिर फर्केको देखिन्छ जसलाई स्थानीय लोक कथा अनुसार क्याटाकोचीले इम्बबुरालाई रिसले आँखा तरेर हेरेको भन्ने बुझिन्छ । तर, जलवायु परिवर्तनको असरले हिमाली क्षेत्रको हिउँ पग्लिनाले परी जस्ती क्याटोकोचीको सौन्दर्यमा ह्रास आएको छ । सो हिमालसम्बन्धी लोक कथा अनुसारको स्थानीयहरुको बुझाईमा अन्योल आएको छ । विगतमा क्याटोकोचीबाट हिउँ पग्लेर बन्ने पानी स्थानीयहरुको लागि पिउन र औषधीको लागि उपयोगी थियो तर वर्तमानमा यो अवस्था छैन (Rhoades, Rios and Ochoa 2008) । यहाँ लेखकले स्थानीय हिमालसँग जोडिएको लोक कथासँग स्थानीय समूदायको बुझाइ र सो हिमालबाट बग्ने पानीसँग उनीहरुको दैनिक जनजीवन जोडिएको उल्लेख गरेका छन् । भौगोलिक विविधतालाई आधार मान्ने हो भने पाहाड, मधेसमा बसोबास गर्ने स्थानीय समुदायमा पनि यसरी नै जलवायु परिवर्तनले असर पारेको हुन सक्छ ।

जलवायु परिवर्तनको असरले हिउँ क्षेत्रहरु पग्लेर जाने हो भने एनडियनहरुले हिउँबाट प्राप्त गर्ने पौष्टिक तत्वहरुमा ह्रास आइ उनीहरुको शक्ति कमजोर हुने छ । त्यतिमात्र नभएर हिउँ पग्लेर जाने हो भने दुर्भाग्यवस उनीहरुको धार्मिक आस्था र सामाजिक रीति-रिवाजमाहरु पनि प्रभावित हुने छ । हिउँ पग्लिने प्रकृयाले प्राकृतिक वातावरण, खेतिपाति र जिविकोपार्जनमा मात्र असर गर्ने होइन कि संसारको अन्त्य जस्तै हुने छ । किनकि पानी बिना कुनै जीवन हुदैन (Bolin 2009) ।  यी लेखकले जलवायु परिवर्तनको असरले हिउँ क्षेत्रहरु पग्लिएर निरन्तर रुपमा जाने हो भने उक्त ठाउँमा वसोवास गर्ने स्थानीय समूदायको चौतफि हानी हुने कुरालाई विश्लेषण गरेका छन् । किनकि, यी समूदायहरु भौतिक, सामाजिक, आर्थिक र धार्मिक तवरले ती हिउँसँग सम्बन्धित छन् । त्यसैले एनडियनहरुको जिविकोपार्जनदेखि लिएर धर्म, संस्कार र रीति रिवाजहरु पनि प्रभावित हुन सक्ने उनको अनुमान छ । वोलिनको यो अनुसन्धान हिमाली भेगमा वसोवास गर्ने समूदायहरुको बारेमा हो । जहाँ जलवायु परिवर्तनको असर हिउँमा देखिएको छ । तर, जलवायु परिवर्तनको असर भूगोल, समाज अनुसार पर्न सक्छ भन्ने छ । यसर्थ  पाहाडी क्षेत्र जहाँ लिम्बूहरुको वसोवास छ । त्यस ठाउँ र समाजमा चाहिँ जलवायु परिवर्तनको कस्तो प्रभाव छ वा छैन यस अध्ययनमा अनुसन्धानकर्ताले अध्ययन गर्ने छ ।

ऋृतु चक्रीय जलवायु र मौसम परिवर्तनसम्बन्धी अनुभूति र ज्ञान बटुलि सकेका आदिवासी जनजातिहरुले आनउने दिनका जलवायु र मौसम परिवर्तनलाई  बिगत र बर्तमान  जस्तै हुने सोचाई राखेका हुन्छन् । त्यसै किसिमको उनीहरुको सोचाइमा जलवायु परिवर्तनले प्रभाप पारेको देखिन्छ । स्थानीय समूदायहरुमा परम्परादेखि श्रुतिपरम्परामा चलि आएको लोक दन्ते कथा, लोक कथा, उखानतुक्का वा भनाइहरु वा लोक साहित्यहरुले जलवायु र मौसमी अवस्थाको व्याख्या र विश्लेषण गर्नुको साथै महत्वपूर्ण ज्ञान पनि दिलाउने गर्छ ।  परम्परादेखि चलिआएका जलवायु र मौसमसम्बन्धीका लोक दन्ते कथा तथा मिथकहरु वितेको जलवायु परिवर्तनसम्बन्धि जानकारी दिलाउने महत्वपूर्ण स्रोतहरु पनि हुन् । त्यसैगरी कतिपय व्यक्तिहरुको व्यत्तिगत डायरीहरुले विगतको जलवायु परिवर्तनसम्बन्धि जानकारी दिने

गर्छ (Strauss and Orlove 2003) । लेखकहरुले लोक कथा, लोक साहित्य, उखानतुक्का र डायरीहरु विगतको जलवायु परिवर्तनलाई बोध गराउने स्रोतको रुपमा इंगित गरेका छन् । त्यसैले जलवायु परिवर्तन वर्तमान अवस्थामा मात्र देखिएको होइन रहेछ भन्ने अनुसन्धानकर्ताहरुको इसारा यस लेखमा पाइन्छ ।

द शागा अफ आइल्याण्डरले मानवशास्त्रीहरुलाई शागा युगको जलवायु र मौसमसम्बन्धी धेरै जानकारी दिएको छ । शागा लेखकहरुले पनि मानवशास्त्रीहरुलाई सुझाव दिदै भनेका छन् । उनीहरुको शागासम्बन्धीका लेखहरुमा मानवशास्त्रीय जानकारी छन् । उनीहरु र मानवशास्त्रीहरु बीचको दुरी, विगत र वर्तमानबीचको दुरीलाई जोड्ने काम शागा साहित्यहरुले गर्न सक्छ । यी लेख तथा साहित्यहरुमा स्थाीय समूदायहरुको मौसम र जलवायुसम्बन्धी व्याख्या र विश्लेषणहरु अलौकिक शक्ति र दैविशक्तिसँग जोडिएका छन् । मौसम परिवर्तनलाई जादुमय मिथकहरुसँग जोडेर उल्लेख गरेको छ । उल्लेखित मिथकहरु पनि विगतदेखि वर्तमानसम्मको जलवायु परिवर्तनलाई बुझ्ने माध्यम हुन् (Ogilvie and Palsson 2003) । गाउँ घरमा जलवायु र मौसम परिवर्तनलाई दैविशक्तिसँग जेडेर व्याख्या गरिन्छ, अलौकिक शक्तिसँग जोडेर कथा कहानी बनाइन्छ । मौसम, हावापानी अलौकिक शक्ति अलग कुरा भए पनि उल्लेखिक मिथकहरु वास्तवमा जलवायु परिवर्तनलाई बुझ्ने महत्वपूर्ण स्रोत हुन । पाल्सनको भनाइलाई आधार मानेर जलवायु परिवर्तनसम्बन्धी लिम्बू समूदायमा पनि खोज-अनुसन्धान गर्ने हो भने, मौसमी हावापानीसम्बन्धिका मिथकबाट जलवायु परिवर्तनसम्बन्धि महत्वपूण जानकारी पाउन सक्ने संभावना छ । जुन कार्यलाई मेरो खोज-तथा अनुसन्धानमा गरिने छ ।

टोरेस स्ट्रेट टापुमा वसोवास गर्ने समूदायहरुको परम्परागत रुपमा स्थापित चिहान र घरहरु सामुन्द्रिक बाढिपैरोले वगाउदा उनीहरुलाई भौतिक र मानसिक रुपमा नै असर परेको छ । बाढिपैरोको असरले सामुन्द्रिक पानी अशुद्ध हुन गई उनीहरुको स्वास्थ्यमा पनि अप्रत्यक्ष प्रभाव परेको छ । उत्त ठाउँको विषयमा अनुसन्धानकताको अवलोकन र अनुसन्धानमा विगतको तुलनामा धेरै परिवर्तन देखिन्छ । जस्तै: बिगतको तुलनामा तापक्रम बृदि दर उच्च भएको छ । साथै वोटविरुवा र जिवजन्तुहरुको कृयाकलामा केही फेरवदल भइ, पहिला नपाइने लामखुटे पनि पाइन थालेको छ (Green 2009) । लेखकको भनाइ अनुसार त्यस टापुको सामुन्द्रिक पानीमा जलवायु परिवर्तनले असर पारेको देखिन्छ । त्यहाँ बसोवास गर्ने स्थानीय समूदायहरुको परम्परागत रुपमा स्थापित चिहानघरहरुलाई बाडिपैरोले भत्काउदा उनीहरुको अन्त्यष्टि गर्ने जमीनप्रतिको आस्थामा प्रभाव परको छ । यसर्थ लिम्बू समूदायहरुको पनि सामाजिक साँस्कृतिक आस्थाहरुमा जलवायु परिवर्तनको प्रभाव छ कि छैन भनेर मेरो अध्ययनले अनुसन्धान गर्नेछ ।

स्थानीय समूदाय वा आदिवासी जनजातिहरुको प्राकृतिक वातावरणसँग अत्यन्त नजिकको सम्बन्ध हुने हुनाले जलवायु परिवर्तनको असरले वातावरणमा असर गर्दा आदिवासि जनजातिहरुमा फरक-फरक

तरिकाले कठिनाई र अवसरको सिर्जना हुन्छ । उनीहरुको जीवनयापन, संस्कृति र आर्थिक पक्षहरुसँग जोडिएका वन्यजन्तु, जनावर वा वस्तु र नदिनालामा पाइने माछा जस्ता वस्तुहरुमा जलवायु परिवर्तनले असर गर्दा स्थानीय समूदायहरुले वातावरणमा फरक तरिकाले अनुकूलन हुने अप्ठ्यारा र नयाँ कुरा सिक्ने अवसरहरु पनि पाउछन् (Crate and Nutall 2009)। क्रेट र न्युटलको भनाइमा पुरानो युगको जलवायु परिवर्तनको झल्को पाइन्छ । जतिखेर प्राकृतिक स्रोतहरु प्रशस्त थियो त्यस बेला जलवायु परिवर्तनको असरले प्राकृतिक भण्डारमा असर पुऱ्याउदा मानवहरुसँग जोडिएका वस्तुको अभाव हुन गइ नयाँ तरिकाको जीवनयापन सिक्नु पर्ने र नयाँ संस्कृतिमा अनुकूलन हुनु पर्ने चुनौति वा अवसर हुन जान्थ्यो तर आजको युगमा स्थानीय समूदायहरुले जलवायु परिवर्तनका प्रभावलाई कसरी लिन्छन् । उनीहरुको साँस्कृतिक रीति रिवाज साथै प्राकृतिक वातावरणसँगको सम्बन्ध कसरी बढ्ने क्रममा छ जसलाई पनि मानवशास्त्रीय चस्माले हेर्न सकिन्छ ।

परगेरन वासिन्दाहरुको भनाइमा वापिमा विगतमा पाइने चराचुरुङ्गीहरु वर्तमान अवस्थामा वापी भन्दा पाँचसय मि.उचाइमा अवस्थित आइयाडाकाको आँकासमा उड्न थालेको छ । त्यसैगरी विगतमा अनडाकामामा हुने घरेलु केरा वर्तमान अवस्थामा पुड्को देखिन थालेको छ । तर त्यही केरा आइयानडाकामा भने खेति कै रुपमा गर्न थालेका छन् । त्यसरी विगतमा अनडाकामामा पाइने चराचुरुङगीहरु र वोटविरुवाहरु आइयानडाकामा हुन थाल्नुलाई स्थानीय वासिन्दाहरुले ती जिवजन्तु र बोटविरुवाहरु अनुकूलित हावापानीमा सर्न थालेको भनेका थिए । यसरी यस समूदायमा सुख्खा, बाढिपैरोले भारी असर गरेको छ । यहाँ मौसमी जलवायु हुन छाडेको छ । यस्तो अवस्था सिर्जना हुनुमा विश्वव्यापी जलवायु परिवर्तनको प्रभाव भन्ने अनुमान लगाउन सकिन्छ । त्यसैले परगेरन समूदायहरुका मान्छेहरुले जमीनको अन्त्य भयो, लामो समयसम्म पानी पर्नाले जमीन भरी पानी हुन्छ । अन्नवालि रोप्ने ठाउँ नै हुदैन भन्ने अभिव्यक्ति दिएका दिन्छन् (Jacka 2009) जलवायु परिवर्तनको असरले मौसमी जलवायुमा फेरवदल हुँदा अनडाकामामा पाइने चराचुरुङगी र रैथाने केरा आइयानडाकाकाको हावापानीमा सरेको कुरा अनुसन्धानकर्ताको अनुसन्धानबाट उल्लेख भएको छ । अनडाकामाका वासिन्दाहरुले खेतिपाति गर्ने बेलामा भारी वर्षा हुनाले उनीहरुको जमीनको अन्त्य भए झै लाग्न थालेको गुनासो ज्याक्कासँग गरेका छन् । यसबाट जलवायु परिवर्तनको असर यी समूदायहरुमा भारी परेको अनुमान लगाउन सकिन्छ । परगेरन जस्ता समूदायहरु संसारका विभिन्न कुनामा छन् । ती समूदायहरुको पनि खोजतथा अनुसन्धान हुन जरुरी छ । त्यस्तै समूदायहरुमा लिम्बू पनि एक हुन जान्छ ।

प्राकृति विज्ञानका विज्ञहरुले विश्वव्यापी जलवायु परिवर्तनको असरहरुलाई भौतिक वा वातावरणीय मुद्दाहरुसँग मात्र जोडेर अध्ययन गरेको पाइन्छ । उल्लेखित अनुसन्धानकर्ताहरुले मानवजन्य क्रयाकलापमा जलवायु परिवर्तने पारेको प्रभावलाई सतही रपमा उठाउन सकेको छैन । जलवायु परिवर्तनले धेरै कृषिजन्य भूमिहरु नास भएको, पानीका उपलव्धताहरु देखिन छाडेको, तरकारी खेतिमा परिवर्तन,

जीवजन्तुदेखि वोट विरुवाहरु लोप हुन थालेको र यस किसिमका वस्तुहरुसँग स्थानीय समूदायहरुको सामाजिक साँस्कृतिक पक्षहरु अभिन्नरुपमा जोडिएका हुन्छन् । जुन विषयमा उल्लेखित विज्ञहरुको ध्यान पुगेको छैन (Finan 2009) । यहाँ फिनानले विभिन्न विज्ञहरुले विश्वव्यापी जलवायु परिवर्तनलाई वातावरणीय मुद्दासँग मात्र जोडेर अध्ययन-अनुसन्धान गरेका विषयलाई लिएर असन्तुष्ट व्यक्त गरेका छन् । उनले जलवायु परिवर्तनका सवाललाई मानवजन्य विषयवस्तुसँग पनि जोडेर खोज तथा अनुसन्धान गर्नु पर्ने वा व्याख्या र विश्लेषण गर्नु पर्ने चिन्ता व्यक्त गरेका छन् । त्यसैले मेरो खोज तथा अनुसन्धानमा लिम्बूजन्य संस्कार-संस्कृतिहरु जलवायु परिवर्तनबाट प्रभावित छन् कि छैनन् भनेर अध्ययन गरिने छ ।

लेइकरवादको सवै भन्दा उचाइमा वसोवास गर्ने समूदायहरुको जनजीवन भू-क्षयको कारण कष्टकर छ । त्यस ठाउँका हिमश्रृङखलामा हिमपैरो जानाले जलस्रोत सुकि पानीको महामारी छ । त्यस खालको घटनाले लेइकरवाद समूदायमा दीर्घकालीन समस्या समेत ल्याउन सक्ने अनुमान गर्न सकिन्छ (Strauss 2009) । स्ट्रसले जलवायु परिवर्तनको असरले स्थानीय समूदायहरुको सामाजिक-साँस्कृतिक जनजीवनस“ग अन्तरसम्बन्ध रहेको जलस्रोतमा असर पुर्‍याउदा स्थानीय समूदायहरुको जीवनयापनमा दीर्घकालीन प्रभाव परको कुरालाई उल्लेख गरेका छन् । पूर्वि नेपालका लिम्बूहरुको सामाजिक जनजीवनमा भौतिक र साँस्कृतिकरुपमा नै जलस्रोतको निकै ठूलो महत्व रहेको छ । यसरी भौतिक र साँस्कृतिकरुपमा नै जलस्रोतसँग घनिष्टसम्बन्ध रहेका लिम्बू समूदायहरुमा पनि जलवायु परिवर्तनको प्रभाव के-कस्तो छ भने अध्ययन गर्न जरुरी देखिन्छ ।

अरकटिक समूदायहरुको वसोवास रहेको ठाउँमा सामुन्द्रिक बरफ जलवायु परिवर्तनबाट प्रभावित भएको छ । यसरी उत्त ठाउँको वातावरण प्रभावित हुने क्रममा अरकटिकहरुको विभिन्न ठाउँहरु प्रभावित छन् । त्यो सामुन्द्रिक वरफसँग मौसम अनुसार सामुन्द्रिक म्यामम्याल्स, चराचुरुङगी जस्ता प्राणीहरु निर्भर छन् । त्यसैगरी इनयुट र आरकटिक समुदायहरु पनि सामाजिक-साँस्कृतिक र आर्थिक रुपमा ती सामुन्द्रिक फरवसँग निर्भर छन् । यसरी मौसमी जलवायु परिवर्तनमा त्यहाँका स्थानीय समूदाय र जीवजन्तुहरु निर्भर रहेपनि जलवायु परिवर्तनले त्यस सामुन्द्रिक वरफलाई प्रभाव पारेको छ । यस अवस्थामा उत्त ठाउँवासीहरु परिवर्तनशील वातावरणमा अनुकूलन हुने कोशिस गरिरहेका छन् (Henshaw 2009) । यस लेखमा लेखकले स्थानीय वासिन्दाहरुको सामुन्द्रिक प्राकृतिक स्रोतसँग घनिष्टसम्बन्ध रहेको कुरा उल्लेख गरेका छन् । त्यस सामुन्द्रिक प्राकृतिक स्रोतमा जलवायु परिवर्तनले असर पुर्‍याउदा त्यहाँका रैथाने जिवजन्तु र स्थानीय समूदायहरु प्रभावित भएका छन् । यसरी नै प्राकृतिक स्रोतसँग घनिष्टसम्बन्ध रहेका लिम्बूहरुको जनजीवनमा पनि जलवायु परिवर्तनले प्रभाव पारेको हुनसक्छ । जसलाई मानवशास्त्रीय दृष्टिले अध्ययन गर्नु जरुरी देखिन्छ ।

इन्डुपिया समूदायहरु उत्तरपश्चिम अलाएकाको उचाइ ठाउमा सफलतापूर्वक वसोवास गर्ने समूदायहरु हुन् । इन्डुपियाहरुले वर्तमान परिपेक्ष्यमा उनीहरुको वातावरणीय अवस्थालाई निरन्तरण अवलोकन गर्न थालेका छन् । उनीहरुको अवलोकनमा पर्यावरणीय अवस्थामा परिवर्तन पाइरहेका छन् । भू-क्षयको कारणले इन्डुपियाहरुको जनजीवन र जिविकोपार्जनमा प्रभाव पारेको छ । साथै त्यहाँका पराम्परागत पानीका स्रोतहरुमा असर देखिन्छ । जाडो मौसममा त्यहाँको समूदायहरुलाई शिकार गर्न खतरा र कढीन हुँदै गइरहेको छ (Marino and Schweitzer 2009) । यहाँ अनुसन्धानकर्ताले धेरै उचाइमा वसोवास गर्ने इन्डुपियाहरुको पर्याविणीय अवस्थामा जलवायसु परिवर्तनले प्रभाव पार्दा उनीहरुको जनजीवनसँग सम्बन्धित दैनिक क्रियाकलापमा परेको प्रभावलाई उल्लेख गरका छन् । त्यस ठाउका स्थानीय वासिन्दाहरुले पनि उनीहरुको पर्यावरणीय अवस्थालाई निरन्तर अवलोकन गरिरहेका छन् । यसरी नै अन्य समूदायहरुले पनि आफ्नो-आफनो पर्यावरणीय अवस्थालाई अवलोकन गरेको हुन सक्छ । पूर्वि नेपालको लिम्बूहरुहरुको पर्यावरणीय अवस्थामा पनि यस खालको घट्ना भएको हुन सक्छ ।

### २.२.४ नेपालको सन्दर्भमा जलवायु परिवर्तनको मानवशास्त्रीय अध्ययन

एक्काइसौ शताब्दिको सुरुवातसँगै जलवायु परिवर्तनले सार्वजनिक र राजनीति रुपमा विश्वव्यापी चर्चा पायो । जलवायु परिवर्तनको विश्वब्यापी व्याख्या विश्लेषण र स्थानीय स्तरको जलवायु परिवर्तन र मौसम परिवर्तनप्रतिको बुझाइमा फराकिलो अन्तर छ । विश्वव्यापी रुपमा स्थिर ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनमा आधरित भएर कृषि पात्रो बनाइए पनि, स्थानीय स्थरको किसानहरुले जलवायु परिवर्तन र मौसम परिवर्तनमा आउने उतारचढावको कारण पात्रो अनुसारको समय अवधिमा कृषिजन्य कार्य गर्न सकेको छैन । जस्तैः ऋतु चक्रीय जलवायु परिवर्तन अनुरुप काठमाण्डौं उपत्यकाको कीर्तिपुरका किसानले जुन पहिलो र दोस्रो साता भित्र हिलाम्मे जमीनमा धान रोपी सक्छन् । तर केही वर्षयता पानी नपर्नाले त्यहाँ सुख्खा लागेको छ । र किसानहरुले  ट्याङकरबाट खेतवारीमा पानी हालेर धान रोप्ने साथै सुखै जमीनमा पनि धान रोप्ने गरेको देखिन्छ (Poudel, 2012) । जलवायु परिवर्तनको विश्वब्यापी व्याख्या विश्लेषण र बुझाइमा जस्तै  स्थानीय स्थरमा जलवायु र मौसम परिवर्तन नहुनाले कृषि गर्ने कार्य र जलवायु परिवर्तनबीचको अन्तरसम्बन्ध कायम हुन सकेको छैन ।

नेपाल बहुसंख्यक सीमान्तकृत समुदायको बसोबास रहेको कृषि प्रधान देश हो । जलवायु परिवर्तनको असर बढी सीमान्तकृत समुदाय, कृषि र जैविक विविधतामा पर्न जान्छ । कृषि र जैविक विविधतामा असर पुग्दा असी प्रतिशत भन्दा ज्यादा नेपालीहरु जलवायु परिवर्तनबाट प्रभावित छन् (Poudel and Regmi, 2009) । बहुसंख्यक सीमान्तकृत समुदायको सामाजिक साँस्कृतिक जिवनमा पनि जलवायु परिवर्तनले कृषिजन्य वस्तुमा जस्तै असर पारेको हुन सक्छ । जसको मानवशास्त्रीय अध्ययन हुन आवश्यक देखिन्छ ।

लामो खडेरी, भारी वर्षा आधिवेहेरी र भू-क्षय जस्ता प्राकृतिक प्रकोपकोले गर्दा हातिबाङग र केशरबागकामा वसोवास गर्ने समूदायहरुको खेतिपाति प्रणाली र वस्तुपालनमा प्रत्यक्ष-अप्रत्यक्ष असर परेको देखिन्छ । ती समूदायहरुमा अवलोकन गर्दा उनीहरुको कृषि र वस्तुपालन गर्ने तौरतरिकामा जलवायु परिवर्तनले प्रभाव पार्दा नयाँ किसिमले खेतिपाति गर्नलाई अनुकूलित हुन थालेको देखिन्छ (Poudel 2010) । यहाँ पौडेलले जलवायु परिवर्तनको प्रभाव स्थानीय समूदायहरुको खेतिपाति प्रणाली र वस्तुपालनमा परेको उल्लेख गरेका छन् । जलवायु परिवर्तनको असरले खेतिपाति र वस्तुपालनमा प्रभाव पार्दा स्थानीय समूदायहरुले परिवर्तनशील जलवायुमा अनुकूलित हुन उनीहरुको परम्परागत कृषि प्रणाली र वस्तुपालन गर्ने तौरतरिका नै परिवर्तन गर्ने अवस्थामा छन् । यस अध्ययनमा अनुसन्धानकर्ताले कृषिजन्य वस्तु र पशुपालनमा जलवायु परिवर्तनको असरलाई मात्र खोज-तथा अनुसन्धान गरेका छन् । तर जलवायु परिवर्तनको असर बहुआयमिक हुनाले स्थानीय समूदायहरुको सामाजिक-साँस्कृतिक रीति रिवाजमा पनि पर्न सक्छ । त्यस विषयमा पनि गहन अध्ययन हुन जरुरी छ ।

# अध्याय : तीन
# अनुसन्धान विधि

### ३.१ क्षेत्र छनौट

जलवायु परिवर्तनको असर विश्वव्यापी रुपमा परिरहेको तथ्याङ्क विविध पत्र पत्रिका, संचारमाध्यमबाट आइरहेको अवस्था छ । यस अवस्थामा नेपाल पनि जलवायु परिवर्तनको जोखिम मोल्ने राष्ट्रहरुमा उल्लेखित छ । पूर्वी नेपालको भू-भागमा जलवायु परिवर्तनले केही लक्षणहरु देखिएको पनि उल्लेख छ ( पोखरेल, २०६८) । त्यसैले यस अध्ययनमा पूर्वी नेपालको इलाम जिल्लाको दक्षिण पश्चिममा अवस्थित बाँफो गाउँलाई अनुसन्धानकर्ताले अध्ययनको लागि छनौट गरेको छ ।

बाँफो गाउँमा सदियौदेखि प्रकृति पूजक लिम्बूहरुको उल्लेख्य बसोबास हुँदै आएको छ । लिम्बू समुदायको प्राकृतिक स्रोतसँग घनिष्ट सम्बन्ध छ । विविध सामाजिक-साँस्कृतिक कार्यमा प्राकृतिक स्रोतको प्रयोग गर्छन् । जस्तैः **माङगेना** संस्कार गर्दा **सेकमुरी** फूललाई बाचन मात्र भए पनि गर्नु पर्छ । **साकमुरा वदेम्मा** गर्दा अति आवश्यक स्थानीय बासस्थान नजिकैको जलस्रोतहरु र अन्य विविध संकार-संस्कृतिमा आवश्यक **मुक्तो** ( घुङरिङ) र **सिङजाङगो** फूल जस्ता वोटविरुवाहरु आवश्यक पर्छ । जलवायु परिवर्तनको बढी असर प्राकृकि स्रोतमा अश्रीत आदिवासी जनजातीहरुमा बढी पर्ने गर्दछ (Salik and Byg 2007) । त्यसैले जलवायु परिर्तनले पूर्वी नेपालमा असर पुऱ्याउदा लिम्बू समुदायसँग घनिष्टसम्बन्ध राख्ने ती वस्तुहरुमा कस्तो असर परेको छ वा छैन र ती वस्तुहरुसँग त्यो क्षेत्रको लिम्बू समुदायको कस्तो सम्बन्ध रहेको छ र ती वस्तुहरुमा असर पुग्दा लिम्बू समुदायको सामाजिक-साँस्कृतिक रीतिरिवाज प्रभावित छ कि छैन भन्ने विषयवस्तुमा अध्ययन गर्न यो क्षेत्र उपयुक्त थियो । साथै यो क्षेत्रमा बसोवास गर्ने बासिन्दाहरुसँग मेरो चिनजान पनि राम्रो भएकोले अध्ययन क्षेत्र छनौट गर्दा सहकार्य राम्रो भइ तथ्याङक संकलन गर्न सजिलो हुने संभावाना बढी भएकोले पनि यो क्षेत्र छनौट गरिएको थियो ।

साथै लामो समयदेखि लिम्बूहरुको बसोबास हुदै आइरहेकोले लिम्बूसम्बद्ध मौखिक **मुन्धुमबाचक फेदाङमा, साम्बा, येवा** र आधुनिक समयसँगै मैखिक **मुन्धुमलाई** लिपीबद्ध बाचन गर्ने **सेवासावाहरु** यस ठाउँमा रहेकोले लिम्बू समुदाय र प्राकृतिक स्रोतबीचकोसम्बन्ध बुझ्न अन्य लिम्बू बस्तीभन्दा यो बस्ती बढी उपयुक्त थियो । जसको माध्यमबाट जलवायु परिवर्तनले लिम्बूसम्बद्ध प्राकृतिक स्रोतहरुमा असर पुग्दा उनीहरुको संस्कार-संस्कृति प्रभावित भएको छ कि छैन भन्ने विषयमा सत्यतथ्य सूचनाको आधारमा अध्ययन-अनुसन्धान गर्न पनि अनुसन्धानकर्ताले यो क्षेत्र छनौट गरेको थियो ।

### ३.२. समग्रता र नमुना छनौट

समग्र अध्ययन क्षेत्रमा पनि उक्त ठाउँमा पुरानो वसोवास गर्ने साँबाहरुको वस्तिलाई छनौट गरिएको यी वस्तिमा वसोवास गर्ने बृद्धा-बृद्धहरु जोसँग **मुन्धुमको** ज्ञान हुनुको साथै जलवायुसम्बन्धि ज्ञान

अनुभूतिहरु सङगालेर बसेका हुन्छन् उनीहरुलाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । त्यसै गरी लिम्बू जन्य संस्कार-संस्कृतिमा मौखिक वा लिखित **मुन्धुम** भन्ने वा वाचन गर्ने **फेदाङमा, येवा, साँम्बा** र **सेवासावाहरुलाई** उत्तरदाताको रुपमा छनौट गरिएको छ । स्थानीय लिम्बू समूदायको केही बौद्धिक व्यक्तित्व, शिक्षक तथा शिक्षिका समाजकर्मीहरुलाई र केही युवाहरुलाई  उत्तरदाता छनौट गरिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनको क्रममा तथ्याङक संकलन गर्दा बाँफ्रो गाउँका स्थानीय लिम्बू समुदायका पाका सदस्यलाई केन्द्रमा राखेर र विभिन्न सर्कलमा रहेका बौद्धिक जगत र युवाहरुमा  कोलम्बि, क्रेट लगायतका मानबशास्त्रीहरुको साँस्कृतिक ढाँचालाई प्रयोग गर्दै अन्तवार्ता गरेर तथ्याङ्क संकलन गरेको छु । यो क्षेत्रको जलवायु परिवर्तनसम्बन्धी **मुन्धुमी** कथा, दन्ते कथा र मौखिक कथा काहानीहरुको आधारमा जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क संकलन गरिएको छ । लिम्बू समूदायको साँस्कारिक रीतिरिवाज र कर्मकाण्डमा **मुन्धुम** बाचन गर्ने **फेदाङमा, येवा** तथा **सेवासावा**हरुबाट प्राकृतिक स्रोत र लिम्बू संस्कृतिबीचको सम्बन्धलाई बुझेर प्राथामिक स्रोतको आधरमा तथ्य-तथ्याङ्क संकलन गरेको छु । साथै अन्तरवार्ता, अवलोकन र सामूहिक छलफलको माध्यमबाट तथ्याङक संकलन गरिएको छ । त्यसैगरी यो अध्ययन मानवशास्त्रीय अध्ययन भएको हुँदा तथ्याङकको प्रकृति गुणात्मक छ ।

### ३.३.१ अन्तरवार्ता

अध्ययनको क्रममा व्यक्तिगत रुपमा सम्बन्धित क्षेत्रका बृद्धा-बृद्ध, यूवा, **फेदाङमा, सेवासावा** र बौदिक सर्कलका सदस्यलाई लिम्बू समुदायको सामाजिक-साँस्कृतिक रीतिरिवाजमा आवश्यक वस्तुहरु जस्तैः **साकमुरा वादेम्मा** आवश्यक पानी, माङगेना गर्दा आवश्यक पर्ने **सेकमुरी** फूल, **सिङजागो** फूल, **नामयोबा** (तितेपापाती), तिलजौ आदि जस्ता प्राकृतिक स्रोतहरुको अवस्थाको बारेमा केन्द्रित रहेर प्रश्न सोधएको छ । जलवायु परिवर्तन र मौसम परिवर्तनले लिम्बूसम्बद्ध ती प्राकृतिक स्रोतहरुमा असर पुऱ्याएको छ कि छैन यदि असर पुगेको छ भने लिम्बूहरुको सामाजिक-साँस्कृतिक रीतिरिवाजमा त्यसको प्रभाव कस्तो छ वा छैन भनेर प्रश्न सोध्ने सन्दर्भमा ५० जनासँग अन्तरवार्ता भएको थियो । त्यस मध्ये १५ बृद्धा-बृद्ध, १२ युवा, ७ घृहिणी महिला, ५ **सेवासावा**, २ **फेदाङमा**, २ **येवा**, १ **साँम्बा**, ३ शिक्षक-शिक्षिका र ५ समाजसेवि तथा बुद्धिजीवि वर्गसँग लिबूहरुको मुन्धुम अनुसार उनीहरुको सामाजिक साँस्कृतिक रीति रिवाजमा आवश्यक बोटविरुवा र पानीहरु ३० वर्ष, २० वर्ष र १० वर्ष पहिले कुन अवस्थामा थियो र अहिले कुन अवस्थामा छ भन्ने प्रश्न सोधेर जलवायु र मौसम परिवर्तनसम्बन्धी तथ्याङक संकलन गरिएको छ ।

### ३.३.२ अवलोकन

यस अध्ययनको क्रममा अध्ययन क्षेत्रमा गएर सो क्षेत्रमा जलवायु परिवर्तन र मौसम परिवर्तनले के-कस्तो प्रभाव पारेको छ भनेर अनुसन्धानकर्ताले अवलोकन गरेको थियो । अध्ययन क्षेत्रको स्थानीय लिम्बू

समूदायहरुसँग गहनसम्बन्ध रहेको विभिन्न प्राकृतिक स्रोतहरुलाई अनुसन्धानकर्ताले अवलोकन गरेको थियो । जस्तैः उनीहरुको दैनिक जीवनदेखि घरायसी प्रयोजन, खेतिपाति हुँदै साँस्कारिक रीति रिवाजमा कुन ठाउँ र कस्तो र कहाँको पानी प्रयोग हुदो रहेछ भनेर हेरिएको थियो । त्यसैगरी उनीहरुको भौगोलिक र वातावणीय अवस्था अनुसार के र कसरी खेतिपाती गर्दो रहेछ भन्ने विषयमा अनुसन्धानकर्ताले ध्यान केन्द्रित गरेर अवलोकन गरेको थियो । साथै उनीहरुको सामाजिक साँस्कृतिक क्रियाकलाप वा रीति रिवाजमा के-कस्तो वोटविरुवा वा फूलहरु प्रायोग हुन्छ भन्ने उत्सुकता सहित मैले ती बोटविरुवाहरुको अवलोकन गरे । त्यसैगरी म स्यमं पनि त्यस समूदायको एक सदस्य सरह भएको र अनुसन्धानको क्रममा एक अनुसन्धानकर्ताको भूमिका निभाउदै उनीहरुको के-कस्तो चाड कस्तो अवसरमा मनाउछन् भन्ने विषयमा पनि ध्यान दिएर अवलोकन गरेको थिएँ ।

### ३.३.३ सामुहिक छलफल

स्थानीय लिम्बू समूदायका विभिन्न्न उमेर समूहका बृद्धा-बृद्ध, युवा-युवती, समाजसेवि, शिक्षक-शिक्षिका र समाजका विज्ञहरु लगायतका १५ सदस्यहरुको सामूहिक भेला गरी लिम्बूहरुको विविन्न संस्कारहरु **साकमुरा वादेम्मा, माङगेना, युमाथेवा साम्मेमा** जस्ता कार्यमा आवश्यक  पानी, फूल तथा वोटविरुवाको कस्तो अवस्था छ भन्ने विषयमा केन्द्रित रहेर छलफल गरिएको थियो । साथै ती वोटविरुवालाई बदलिन्दो जलवायु र मौसम परिवर्तनले प्रभाव पारेको छ कि छैन, पारेको छ भने लिम्बू साँस्कारिक रीतिथितिमा कस्तो प्रभाव परेको छ भनेर सामूहिक छलफल गरी तथ्याङक संकलन गरिएको छ ।

### ३.४ कार्य क्षेत्रको अनुभवहरु

एक अनुसन्धानकर्ताको भूमिका निभाउदै २०६९ असार पहिलो हप्ता अध्ययन क्षेत्रमा प्रस्थान गरे । यसरी एक अनुसन्धान कर्ताको रुपमा उक्त ठाउँमा जानु भन्दा अगाडि पनि अध्ययन क्षेत्रमा पटक-पटक पुगेकोले मलाई त्यहाँको स्थानीय बासिन्दाहरुसँग सहकार्य गर्न कुनै अप्ठेरो परेन । अनुसन्धान कार्य गर्नु भन्दा अगाडिसम्म त्यस ठाउँमा जाँदा त्यहाँको बासिन्दाहरुलाई मैले एक नातेदार वा लिम्बू समूदायको रुपमा मात्र मेरो चिनजान थियो । तर, अनुसन्धानको क्रममामा उनीहरु नै मेरो उत्तरदाता, मुख्य उत्तरदाताको रुपमा पाएँ । साथै अध्ययन अवधिमा त्यहाँका साथिभाइहरु मेरो जानकारी वा सूचनादाताको रुपमा पाएँ ।

अध्ययन क्षेत्रमा त्यहाँका बासिन्दाहरुसँग कुराकानी वा छलफल गर्ने क्रममा त्यसभन्दा अगाडि साथी, भाइ तथा नातेदारको रुपमा चिनेको व्यक्तित्वहरुबाट मेरो अध्ययनमा आवश्यक तथ्याङकहरु प्राप्त गरे । उक्त ठाउँका पाका सदस्यहरुसँगको हेलमेलबाट लिम्बूहरुको ऐतिहासिक परम्परा वा मौखिक मुन्धुमी काहानीहरु हुने, र तिनै मौखिक मुन्धुमी परम्परागत अनुभवहरुबाट उनीहरुको सामाजिक साँस्कृतिक पक्षहरु चल्ने गरेको पाएँ । साथै उनीहरुको मौखिक परम्पराको माध्यमले प्रकृतिलाई बुझ्ने गरेको पाएँ । उनीहरुले जलवायु परिवर्तनलाई पनि उनीहरु कै मौखिक परम्पराको माध्यमले बुझ्ने, ब्याख्या र विश्लेषण गर्ने गरेको पाइयो । त्यहाँका बृद्धा-बृद्ध लगायत विभिन्न उमेर समूहको उत्तरदाहरुको

अभिब्यक्ति वा भनाइबाट खडेरी, भारी वर्षा, वाढिपैरो र चिसोपनका अनुभूतिहरु उनीहरुलाई जलवायु परिवर्तनसम्बन्धी सूचना दिलाउने सूचक हुन भनेर प्रथामिक तथ्याङकको रुपमा पाएँ ।

### ३.५ द्वितीय स्रोत

यस अध्ययनको सिलसिलामा मेरो अध्ययनसँग सम्बन्धित लिम्बूहरुको मौखिक परम्परागत विषयहरुलाई समेटेर लेखिएका लेख तथा किताबहरु र जलवायु परिवर्तनसम्बन्धी जोडिएका लिम्बूजन्य विभिन्न खालका वोटविरुवाहरुको विषयमा समेटिएका पत्र-पत्रिका तथा किताबहरुलाई द्वितीय तथ्याङक संकलनको लागि अध्ययन गरियो । त्यसै गरी जलवायु परिवर्तनका विषयमा उल्लेखित किताबहरु वेवसाइडहरु पनि द्वितीय तथ्याङक स्रोतको लागि प्रयोग गरियो । लिम्बूहरुको साँस्कारिक रीति, रिवाजमा जल, जमीन र जगंलसँग जोडिएका विषयमा उल्लेखित वा **मुन्धुमी** दन्ते कथाहरुको वारेमा छापिएका पत्रपत्रिका तगायत मौखिक काहानीहरुलाई पनि द्धितीय तथ्याङको लागि अध्ययन गरेको छु ।

### ३.६ तथ्याङ्कको प्रस्तुति र विश्लेषण

जलवायु परिवर्तनको विषयमा मानवशास्त्रीय खोज तथा अनुसन्धान गरिएकोले तत्याङक बढी गुणात्मक छ । त्यसैले तथ्याङकलाई ब्याख्यात्मक विधिद्वारा सरल तरिकाले विश्लेषण वा प्रस्तुत गरिएको छ । केही संख्यात्मक तथ्याङकलाई चित्र तथा टेबुलको माध्यमबाट पनि प्रस्तुत गरिएको छ ।

### ३.७ अध्ययनका सीमाहरु

मानवशास्त्रीय चश्माले जलवायु परिवर्तनसम्बन्धीको अध्ययन अनुसन्धान गरी बढी व्याख्यात्मक र विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरिएको यस अध्ययनको पनि केही सीमाहरु निम्न तरिका छन् ।

- नेपालको पूर्वी भागमा बसोवास गर्ने लिम्बूहरुले मान्ने रीति, रिवाज एकै खालको भए पनि भौगोलिक अवस्था फरक छ । जलवायु परिवर्तनले परिस्थिति अनुसार असर देखाउने भनाइलाई आधार मान्ने हो भने, यो अध्ययनले बाँभ्रो गाउँलाई मात्र समेटेको छ । त्यसैले यो अनुसन्धानको आधारमा अन्य भूगोलमा बसोवास गर्ने लिम्बूहरुको साँस्कारिक अवस्थालाई सामान्यीकरण गर्न सकिन्न ।
- यो अनुसन्धान लिम्बू समाजको लागि मात्र केन्द्रित भएकोले अन्य जाति वा जनजातिहरुको अवस्थाको यसले सामान्यीकरण गर्न सक्दैन ।
- मानवशास्त्रीय दृष्टिकोणबाट जलवायु परिवर्तनलाई अध्ययन गरिएकोले स्थानीय लिम्बू समूदायको अनुभूति, ज्ञान, र उनीहरुले मान्ने रीति रिवाजमा आवश्यक प्राकृतिक स्रोतमा जलवायु परिवर्तनको असर पारेको छ कि छैन र यदि छ भने रीति रिवाजमा कस्तो प्रभाव छ वा छैन जस्ता कुराहरुलाई हेरिएकोले वैज्ञानिक दृष्टिकोणबाट यो तथ्याङक गलत देखिन जान्छ ।
- यो अध्ययन मानवशास्त्रीय पृष्ठभूमिमा आधारित भएकोले अन्य विषयको अध्ययनकर्ताहरुलाई उपयुक्त नहुन सक्छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको भौगोलिक तथा साँस्कृतिक परिचय

## ४.१ अवस्थिति

नेपालको सुदुर पूर्वमा अवस्थित इलाम जिल्ला नेपालको पर्यटकीय स्थल हो । पूर्वी इलामको विभिन्न गाविसहरुमा बाँझो पनि एक हो । इलाम जिल्लाको दक्षिण पश्चिमा अवस्थित बाँझो नेपालको सुगम र पर्यटकीय इलाम जिल्लाको विकट ठाउँको रुपमा चिनिन्छ । पश्चिम साखफारा, उतर इभाङ, दक्षिण पूर्व महमाइ र दक्षिणमा चुलाचुली गाविससँग सीमा जोडिएको बाँझो खोला-नाला, डाँडाकाँडा र वनपाखाको संगमले बनिएको इलामको दुर्गम ठाउँ हो । यातायाताको सुविधा नभएको यो ठाउँवासीले १० वर्षयता आफ्नै परिश्रमले दमक रवि जोडिने फाल्गुनद मार्ग निमार्ण गरेका छन् । जुन मार्ग वर्ष याममा रतुवा खोलाको कारण ठप्प हुँदा उक्त ठाउँबासीहरु मर्कामा छन् । बाँझो गाविसभित्र विभिन्न जात-जातिहरुको बसोबास छ । त्यसमा पनि कार्य क्षेत्रमा  सदियौ पुरानो इतिहास बोकेको लिम्बूहरुको घना बस्ती छ । उक्त ठाउँमा ९८ प्रतिशत एकै थर (साँबा) गरेका लिम्बूहरुका घना बस्ती छ । जुन बस्तीलाई पश्चिमा रतुवापारी टोरके कुसुन्डे उतरमा मानपुर पूर्वमा लारुम्बा र दक्षिणमा बाँझोको अनकन्टार जंगलले घेरेको छ । यो ठाउँको रतुवावेसी जुन ठाउँमा धान रोप्ने फाटहरु छन् । केही उकालो चढेपछि दुम्से, बाँके र लामिटार छ जुन गाउँहरु वारीपारी अस्थित छन् । बाँके, दुम्से र लामिटारमा समथल जग्गा छैन । त्यसैले यहाँ अदुवा, मकै र धान खेति हुन्छ भने पशु पालन पनि गर्ने गरेको देखिन्छ । त्यसैगरी खलङगेको उकालो डेढ दुई घण्टा हिडेपछि खलङगे र उतरे  आउछ जुन यहाँको स्थानीयबासी लिम्बूहरुको लेक हो । खलङगेमा भने जाडो  हुने हुनाले अम्लिसो अलैची खेती हुने गरेको देखियो ।

## ४.२ मौसमी चक्र र लिम्बू समूदायको सामाजिक तथा साँस्कृतिक जीवन

भौगोलिक बनौट र वातावरण अनुसार ऋतुचक्रीय जलवायु र मौसम परिवर्तन फरक-फरक हुन्छ (Orlove 2003) । अनुसन्धान स्थल बाँझोमा पनि एकै किसिमको भौगोलिक अवस्था छैन । यहाँ तीन किसिमको भौगोलिक अवस्था छ । माथिल्लो भेग लेक भएको हुँदा बढी जाडो हुने र त्यहाँ अलैचि, अम्लिसो, आलु र तोरी आदि जस्ता नगदे बाली मात्र हुने गरेको पाइयो । मध्यभाग बेसी हुनाले लेकको तुलनामा बढी गर्मी हुने । र, मकै, दाल, कोदो लगायतको अन्नबालि हुने पाइयो । तल्लो भाग रतुवा खोलाको किनारको फाट भएकोले यहाँ पनि लेकको तुलनामा गर्मी नै हुने गरेको देखियो । यो खोलाको किनार भएकोले हिउदे बर्खे धान साथै मकै खेति पनि हुने बुझियो । जसलाई तल तलको तालिका न. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका न.१**

| | | | |
|---|---|---|---|
| उच्च भाग | लेक | खलङगे, उत्तरे | अम्लिसो, अलौचि, आलु, तोरी अदुवा, |
| मध्य भाग | मध्य बेसी | बाँके, दुम्से, लामिटार | मकै, अदुवा,दाल, मस्याम, सिमल,गहत तरुल |
| तल्लो भाग | तल्लो बेसी | रतुवा बेसी | धान, मकै |

*स्रोतः स्थलगत अनुसन्धान २०६९*

यहाँको लिम्बूहरुको बसोवासलाई ऋतु चक्रीय जलवायु र मौसमी वातावरणले निर्धारण गरेको छ । लेक र बेसी दुबै ठाउँ बसोवास गर्ने यहाँको बासिन्दाहरुको बेसीको घर चाहिं मध्यबेसीमा बढी छ रतुवा बेसीका घरहरु पनि केही उकालो वा खेतिजन्य जमीनलाई छाडेर माथिल्लो भागमा छन् । यसबाट स्थानीय लिम्बूहरुमा खेतिजन्य उर्बर भूमिलाई जोगाएर राख्नु पर्छ भन्ने मान्याता रहेको देखिन्छ । हिउदे बर्खे धान रोप्ने फाटहरु, मकै, अदुवा र दाल छर्ने जमीन बेसीमा धेरै भएकोले वा बेसीमा जलवायु तथा मौसम अनुसार उक्त खेति हुनाले यहाँको बासिन्दाहरुको बसोवास सामान्यतया लेकमा भन्दा वेसीमा अलिक धेरै हुने गरेको पाइयो ।

स्थानीय युवा शक्तिहाङ (३९) अनुसार यहाँको बासिन्दाहरुले असोज, कार्तिक, मंसिर अनि फागुन गरी जम्मा ४ महिना लेक र पुष, माघ, चैत्र बैशाख, जेष्ठ, असार, साउन र भदौ गरी ८ महिना बेसिमा बिताउने गर्छन । यिनीहरुको यो खालको बसेवास हुनुमा मौसमी जलवायु परिवर्तन र उनीहरुको भूमिप्रतिको ऐतिहासिक पृष्ठभूमि कारक तत्वको रुपमा देखिन्छ । उनीहरुको लेक, बेसी दुबै ठाउँ जग्गा हुनाले मौसमी बातावरण अनुसार लेक र बेसिको बसोबास निधारर्ण भएको छ । यसै ठाउँको लामिटारमा र लेकको उतरे तिर फाटफुट बसोवास गर्ने अन्य जाति (राई, कामी) र साँबा भन्दा अन्य थरी लिम्बूहरुको पनि लेक बेसी बसोबास हुने गरेको छैन किनकि उनीहरुको बसोवास आफन्तको बसाइसराइको भएकोले लेक बेसी गर्ने भूमिसँगको ऐतिहासिक पृष्ठभूमि नभएको शक्तिहाङ साँबा कै भनाइ थियो । त्यसैले साँबा भन्दा अन्य थरी लिम्बू र राई, कामी लगायतलाई मौसमी वातावरण अनुसार लेक बेसि पनि गर्नु पर्दैन । यसैले यहाँको लिम्बू समूदायमा पनि साँबा थर गरेकाहरु अन्य थर गरेका लिम्बूहरु र अन्य जातिहरु भन्दा यो भेगको पुरानो बासिन्दाहरु हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

सुकरानी साँबाको (३१) भनाइ अनुसार सरद ऋतुको आगमन वा असोज लागेपछि यिनीहरु चाडपर्वहरु मनाउन लेकमा उक्लन्छन् । असोज महिनामा पर्ने नेपालीहरुको (हिन्दु) माहान चाड दसै यहाँका बासिन्दाहरुले आदिवासी आन्दोलनहरु नभएसम्म मनाउने गर्थे । वर्तमान परिपेक्ष्मा यहाँका बासिन्दाहरुले दसैलाई मनाउन छाडेका छन् । यसबाट यहाँका बासिन्दाहरुमा जनचेतना जाग्दै गएको देखिन्छ । यद्धपि, मुन्धुम अनुसार तिहारसँग उनीहरुको पनि ऐतिहासिक सम्बन्ध जोडिएकोले यो चाडलाई बलिहाङ तङनामको रुपममा यिनीहरुले पनि मनाउने परिपाटि चलिआएको छ । यसरी बलिहाङ तङनाम चाड मनाउदै उनीहरुले लेकको जमीनमा हिउदमा खाने सागसब्जि लगाउछन्, आलु रोप्छन्, तोरी छर्छन र

फागुन महिनाको लागि मकै छर्ने जमीनलाई बाँझो जोतिसकेपछि पुष महिना लागेपछि वा जाडोले निकै पकड जमाइ सकेपछि उनीहरु ओरालो वा बेसी झर्छन् ।

सुकरानी साँबा कै भनाइ अनुसार यसरी मौसमी ऋतु चक्रीय जलवायु अनुरुप लेक उक्लन्दा र बेसी झर्दा यिनीहरुले बस्तुभाउ पनि आफूसँगसँगै लेकबेसी गराउछन् । पुष महिनामा बेसी झरेपछि यहाँको बासिन्दाहरुले धान झाट्ने, दाल, मस्याम र गहत उखेल्ने कुट्ने केलाउने काम गर्छन । यो काम माघ भित्रमा सकाएर फागुन महिनामो सुरुवातसँगै पुनः मकै छर्नको लागि लेक उक्लन्छन् । फागुन महिना भित्र मकै छर्ने, आलु खन्ने काम सकिन्छ । फागुन भरी लेकमा बसोबास गरेपछि यहाँका बासिन्दाहरु चैतको सुरुवातसँगै बेसी झर्छन् ।

त्यसैगरी उत्तरदाता द्वय दिवस साँबा (२५) र सुजन साँबा (२३) सँगको कुराकानी अनुसारक वर्षन्त ऋतु चैत्र बैशाख महिनाको आगमनसँगै बेसी तिर  अदुवा रोप्ने र मकै छर्ने कार्य सुरु हुन्छ । वर्षन्त ऋतुमा छरेको मकै बाके, दुम्से र लामिटार तिर जेठ अन्तिम तिर पाक्ने गरे पनि रतुवा खोलाको फाँटतिर पछुवा छरिएको मकै अषाढ दोस्रो सातातिर मात्र पाक्ने गर्छ त्यसैले यहाँको वासिन्दाहरु वर्षन्त ऋतुको आगमनसँगै गृष्म ऋतु भर मकै छर्ने, गोड्नेदेखि थनकाउने काममा व्यस्त हुन्छन् ।  त्यसै गरी रतुवाका किनारमा हिउदमा रोपेको धान जेष्ठमा पाक्नाले वर्खे धान रोप्नेलाई एकै पटक मकै र धान थन्काउनु पर्ने चटारो पनि हुन्छ ।

असारको दोस्रो सातासम्ममा धानको विउ हान्नु पर्ने र बैसाखमा रोपेको अदुवालाई गोडमेल गर्नु पर्ने हुन्छ । त्यसै गरी श्रावण महिनाको भारी वर्षासँगै विभिन्न अवरोधहरु पार गर्दै रतुवा खोलाको वारी र पारी तर्दै खेति  गर्ने लिम्बूहरु भदौसम्ममा धान खेति सकाएर रतुवाको किनारबाट केही माथि उनीहरुको वेसीको घर भए तिर खेति गर्न लाग्छन् । भदौ महिनामा एक किसिमको उक्त ठाउँमा हुने दाल छर्नको लागि भस्मे फाडछन् । भस्मे साना-साना जंगललाई सफा गरेर फाड्ने गर्छन् । जुन ठाउँमा साल विराएर जंगललाई सफा गरेर दाल, मस्याम, गहद  हानी सक्दासम्ममा वर्षाको गति कम हुँदै रतुवा खोलाको बेग पनि कम हुन थाल्छ । यतिकैमा सरद ऋतुको आगमन रतुवा खोलाको पानीको बहाव कम हुन्छ । जुनखोला त्यहाँका वासिन्दाहरुको मूल गल्ली, मुलबाटो सो सरह हो । सोही खोला हुँदै फाल्गुनन्द मार्गबाट असोजदेखि रवि र माङसेबुङ जाने आउने  गाडीहरु उकालो अेरालो गर्न थाल्छन् ।

स्थानीयद्वय उत्तरदाता सुष्मा लिङ्देन (४२) र सुकरानी साँबा (३१) को भनाइ अनुसार, त्यहाँका समूदायहरुले जलवायु र मौसम अनुसारको खेतिपाती गर्ने तौर, तरिकामा र लेक बेसी बसोबास गर्ने चलनमा १० वर्षयता बिस्तारै  फेरवदल भएको देखिन्छ । जसको प्रभाव जलवायु परिवर्तन बाहेक पनि अरु कारणहरु बलियो रहेको देखिन्छ । केही वर्ष पहिलेसम्म लेक र वेसीको अधिकाँस जग्गामा आफै खेति

गर्ने लिम्बूहरुका छोरा छोरीहरु शहरतिर पढ्न बस्ने, धेरै संख्यामा स्थानीय युवाहरु बिदेसिने चलनले जनशत्तिमा कमी आएको देखिन्छ। जसले खेतिपातीमा काम गर्ने मान्छेको अभाव हुँदै गएको पाइयो। माथि कै उत्तरदाताहरुको अनुसार अर्को तिर माओवादी द्वन्द्वकालमा पूर्वी नेपालका पहाडबाट हजारौंको संख्यामा किरात धर्मावलविम्बहरु उनीहरुको बस्ती नजिकै धार्मिक सरण लिन आएका छन् । ती द्वन्द्व पीडितहरुको बसोवास लामिटारमा केही फाटफुट हुँदै माङसेवुङ आसपासमा बढी रहेको छ । द्वन्द्व पीडितहरु माओवादी युद्ध विरामपछि पनि उनीहरुको घर फर्केका छैनन् । त्यसैले द्वन्द्व पिडितहरुले यहाँका वासिन्दाहरुको जग्गा जमीनमा ठेक्का र अधियामा खेति गर्ने चलन बढेर गएको देखिन्छ। त्यसैले यहाँको स्थानीय वासिन्दाहरुको खेतिपाति गर्ने चलनदेखि लिएर बसोवास गर्ने तरिका नै बदेलिएको गएको बुझ्नमा आउछ।

मचिन्द्र साँबाको (४०) भनाइमा पनि ५ वर्षयता स्थानीय वासिन्दाहरुको बसोवास लेक र बेसीमा लगभग आधा-आधा जनसंख्याको हिस्सामा कि त बेसी मै कि त लेकमा नै स्थायी रुपले बसोवास हुन थालेको छ। मौसमी जलवायु परिवर्तन अनुसार उनीहरुको बसोवास हुने चलन तोडिन्दै जानु र नयाँ किसिमको बसोवासको स्थिति सिर्जना हुनुमा जलवायु परिवर्तनको प्रभाव भन्दा पनि उनीहरुको समूदायमा काम गर्ने जनशक्ति कम हुनु, १० वर्ष अगाडि स्थानीय बासिन्दाहरुको छिमेकी गाउँ लारुम्बा (माङसेबुङ) भित्रिएका द्वन्द्व पीडितहरुले उनीहरुको जग्गा जमीन सजिलै अधिया र ठेक्कामा गर्नु र अर्को तिर हिउँदमा मात्र गुड्ने भए पनि यातायातको सुविधाले यहाँको बासिन्दाहरुले अम्लिसो र अलैचि खेति गर्नुको साथै बेमौसमी सागसब्जी खेतीमा उनीहरुको ध्यान खिच्चिनु र खलङगेमा कच्चि रोड पुग्नाले खलङगेको भविश्य राम्रो हुने अनुमानले कतिपय लेकमा नै स्थायी बसोवास गर्न थाल्नु आदि कारक तत्व रहेको पाइयो । यसर्थ यहाँको बासिन्दाहरुको मौसमी वातावरण अनुसार लेक बेसी बसोवास गर्ने तरिकामा परिवर्तन आइ आधा जसो लेकमा स्थायी रुपमा बसोवास गर्न थालेका छन् । र, बेसीमा बस्ने बासिन्दाहरु पनि लेक बेसी बसोवास गर्दैनन् । यद्धपि, उनीहरुले ५,६ वर्षयता लेकबेसी वसोवास गर्ने तरिकामा फेरबदल आएपनि लेक-बेसी आइ जाइले भने निरन्तरता पाएको देखिन्छ।

### ४.३ बाँझो बस्तीः सामाजिक परिचय

#### ४.३.१ बसोबास

बाँझो गाउँ जहाँ अनुसन्धान कार्य भएको क्षेत्र हो उत्त ठाउँमा साँबा थर गरेका लिम्बूहरुको घना बस्ती रहेको छ । उनीहरु रतुवावेसी, दुम्से, बाँके लामिटार, खलङगे र उत्तरे गरी ६ वस्तिहरुमा वसोवास गर्छन। यी गाउँहरु एकअर्कासँग जोडिएर रहेका छन्। खलङगे र उत्तरे केही उचाइमा पर्ने हुनाले जाडो हुने र यसलाई लेक भन्ने गर्छन । दुम्से, बाँके र लामिटार सामान्तार रुपमा वारी पारी रहेका छन् । रतुवावेसी रतुवाको किनार तिर रहेको छ । जुन बस्तीहरु क्रमसः ओरालो भूगोलमा रहेकोले दुम्से, लामिटार र रतुवावेसीमा गर्मी हुने गर्छ । रतुवावेसी बाँके र दुम्सेमा साँवा थर गरेका लिम्बूहरुको मात्र

वसोवास छ । यहाँका साँबा थरी लिम्बूहरुको मात्र लेक र वेसी हुने गरेका देखिन्छ । किनकि यिनीहरु यहाँका पुरानो वासिन्दा हुन् । जसले गर्दा यी वस्तिमा बस्ने लिम्बूहरुको खलङगे र उत्तरेमा पनि घर हुने गर्छ । शक्तिहाङ साँबाको (३९) भनाइ अनुसार लामिटारमा साँबा भन्दा अन्य थर गरेका लिम्बूहरु छन् । यो वस्तिका लिम्बूहरु केही पुस्ता अगाडी साँबाहरुसँगको नातासम्बन्धको कारण उक्त ठाउँमा आइ वसोवास गरेको भन्ने भनाइ छ । लामिटारका अन्य लिम्बूहरु साँबाहरु कै कुलकुटुम्ब वा भान्जा हुन, जुन कारण उक्त ठाउमा वसोवास गर्न थाले भन्ने छ । त्यसैले लामिटारका वासिन्दाहरुको खलङगेमा घर जग्जा छैन । लामिटारमा १० वर्ष पहिले माओवादि द्वन्द्वकालमा विस्थापन भएर आएको लिम्बूहरुको पनि वसोवास रहेको छ ।

### ४.३.२ जनसंख्या

अध्ययन क्षेत्रमा अनुसन्धानको क्रममा तीन किसिमका जात-जातिहरु बसोबास गरेको पाइयो । पद्धपि लिम्बू समूदायहरुको जनसंख्या अन्य जातिहरुको तुलनामा बढी रहेको पाइयो । तलको तालिका न. २ मा अध्ययन क्षेत्रको जात-जातिहरुको जनसंख्या र घर धुरीलाई प्रस्तुत गरिएको छ ।

**तालिका न.२ अध्ययन क्षेत्रमा बसोवास गर्ने जात-जाति र उनीहरुको घर धुरीको विवरण**

| जति | जनसंख्या | महिला संख्या | महिला प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | जम्मा प्रतिशत | घरधुरी |
|---|---|---|---|---|---|---|---|
| लिम्बू | २,४६२ | १२१२ | ४३.७० | १२२० | ४३.९९ | ८८.८४ | ४३४ |
| राई | २५५ | १३० | ४.६८ | १२५ | ४.५० | ९.१९ | ३४ |
| कामी | ५६ | २८ | १.० | २८ | १.० | २.०१ | १६ |
| जम्मा | २,७७२ | १४०८ | ४९.३८ | १३६५ | ४९.४९ | १००.० | ४८४ |

*स्रोत : बा“म्फो रेडक्रस खानेपानी योजना २०६९*

माथिको टेवलले अध्ययन क्षेत्रमा लिम्बूहरुको बसोबासको जनघनत्व भएको उल्लेख गरेको छ । यसबाट के बुझ्न सकिन्छ भने अध्ययन क्षेत्रमा लिम्बूहरुको घना बस्ती छ । यहाँ लिम्बूरुको जनसंख्या बढी हुनुले यो बस्तीले लिम्बूहरुको सदियौ पुरानो इतिहास बोकेको छ भनेर अनुमान लगाउन सकिन्छ । लामो समयदेखि वसोवास गर्ने लिम्बूहरुले प्राकृतिक स्रोतसँग घनिष्टसम्बन्ध राख्दै विभिन्न सामाजिक रीति रिवाज गर्ने क्रममा जलवायु र मौसमलाई नजिकदेखि बुझेको हुन सक्ने अनुमान पनि लगाउन सकिन्छ ।

### ४.३.३ धर्म

परम्परादेखि प्रकृति पुजक लिम्बूहरुले वर्तमान परिप्रेक्ष्यमा उनीहरुले प्रकृति पुज्ने शैलीलाई किरात धर्म भन्न थालेका छन् । यहाँका लिम्बूहरु पनि आफूहरुलाई किरात धर्मावलम्बी भन्न रुचाउछन् । विशेष गरी लिम्बू, राई, याख्या र सुनार किरात वंशका हुन भन्ने भनाइलाई आधार मानेर, यी चार जनजातिहरुले जे जसरी प्रकृति पुज्छन् । त्यो नै किरात धर्म हो भन्ने भनाइ केही जनजाति अगुवाहरको रहन्दै आएको छ (

काइला २०६८) । अधिकांश लिम्बूहरु उनीहरुलाई किरात धर्मावलम्बी भनेर चिनाउन रुचाउछन् । किरात धर्मावलम्बी लिम्बूहरुमा अर्थात् लिम्बूहरुले पम्परादेखि **मुन्धुम** अनुसार आजसम्म उनीहरुको सामाजिक रीति रिवाज गर्दै आइरहेका छन् । आज पनि लिम्बूहरुले मुन्धुममै आधारित भएर सामाजिक रीति, रिवाज र संस्कार गर्ने चलन रहेको देखिन्छ । तर, लिम्बू जातिमा विभिन्न रीति, रिवाज र संस्कार गर्दा सुगुर, कुखुरा आदि प्राणीको प्रयोग हुने जाँड रक्सिको पनि मुख्य भूमिका हुने देखिन आउँछ । यहाँका लिम्बूहरुले उनीहरुको सामाजिक रीति, थितिमा वा संस्कार संस्कृतिमा उत्त वस्तुहरुको प्रयोगलाई वर्जित गरेका छन् । पूर्वी नेपालको लिम्बूवान बसोबास गर्ने लिम्बूहरुको **मुन्धुम** एउटै हुने हुँदा संस्कार, संस्कृतिमा कुखुरा, सुँगुर र जाँड रक्सीको प्रयोग गर्ने नगर्ने भन्ने कुरामा केही भिन्नता पाइए पनि समग्रमा उनीहरुको साँस्कारिक रीति, रीवाज गर्ने चलन एउटै हुने गरेको पाइन्छ ।

सोह्रौ राट्रिय विभूति फाल्गुनन्द लिङ्देनले लगभग आज भन्दा एकसय चालिस वर्ष पहिले किरातीहरु जाड रक्सी खाने र विभिन्न रीति रिवाजमा सुँगुर र कुखुराहरुलाई मार्नै पर्ने संस्कारको कारण उनीहरु पछि परिरहेको निश्कर्ष निकाले र यी पाटोहरुलाई छाड्न सके उनीहरुको समाज आर्थिक, सामाजिक, नैतिक र विभिन्न रुपमा अघि बढ्न सक्ने ठहर गरी उत्त वस्तुहरुलाई लिम्बुजन्य रीति रिवाजमा नचलाउन अभियान चलाए । त्यसैबाट प्रभावित भएर अध्ययन क्षेत्रका लिम्बूहरुले फाल्गुनन्दीय पथलाई अनुशरण गर्ने गरेको पाइयो । उनीहरुले साँस्कारिक रीति रिवाजमा कुखुरा, सुँगुरको हत्या गर्दैनन् र जाँड रक्सि पनि चलाउदैनन् । लिम्बूजन्य साँस्कारिक रीति रिवाजमा कुखुरा, सुँगुरको मासु र जाँड रक्सि प्रयोग गर्ने चलनलाई यहाँको लिम्बूहरुले वर्जित गरेको पाइयो । स्थानीय लिम्बूहरुले मासुमंस र जाँड रक्सि खाने परााम्परागत ब्यबाहारमा परिवर्तन देखाए पनि कतिपय लिम्बूहरुले परााम्परागत मूल्य मान्यतालाई छोड्नु हुँदैन भन्ने पनि गरेका छन् । तर पनि समग्रमा भन्नु पर्दा  लिम्बूहरु  किरात धर्मावलम्बी नै भएको दावि गर्ने गर्छन् ।

### ४.३.३. आर्थिक पक्ष

अध्ययन क्षेत्रका स्थानीय वासिन्दाहरुको प्रमुख पेशा नै कृषि र नगदे वालि भएको पाइयो । आधुनिक समयसँगै आधुनिक खेति बेमौसमी टमाटर खेति आदिबाट आम्दामी गरेर यहाँका लिम्बूहरुले जिविकोपार्जन गर्ने गरेको देखियो । बेसीमा धान र मकैको अलबा अदुवा र दाल खेति गर्ने गरेको पाइयो । धान र मकै खाद्यन्नको लागि प्रयोग हुने र दाल अदुवाबाट नगद आम्दानी गर्ने गरेको देखियो । त्यसै गरी लेकमा अम्लिसो र अलैचि खेति गर्ने गरेको पाइयो । यो ठाउँमा अलैचिले अपेक्षित आम्दानी गर्न नसके पनि अम्लिसो चै आयस्रोतको मुख्य पेशा रहेको देखियो । प्राय जसो यहाँको वासिन्दाहरुले अम्लिसोबाट राम्रो आम्दानी गर्ने गरेको देखिन आउँछ ।

आधुनिक समयसँगै यहाँका वासिन्दाहरुको पनि कृषि गर्ने तौरतरिकामा वा आर्थिक आयस्रोतको लागि विगतको तुलनामा आधुनिक खेति तिर लागेको देखियो । बेमैसमी तरकारी खेति यहाँको वासिन्दाहरुको आयस्रोतको महत्वपूर्ण पक्ष हुँदै जान थालेको पाइयो । बाखा पालन, लेकमा गएर गाई पालन गरेर दुध, दही, बेचेर नगद आमदामी गर्ने चलन पनि बढेर गएको देखियो । त्यसैगरी वैदेसिक रोजगार यहाँको वासिन्दाहरुको नगद भित्रिने एक प्रमुख स्रोत देखियो । केही स्थानीय बासिन्दाहरुले व्यपारलाई पनि अपनाएको देखियो । अम्लिसो व्यापार र होटल व्यवसाय गरेर यहाँका वासिन्दाहरुले अर्थ सकंलन गरेको देखियो ।

### ४.४ मुन्धुम

लिम्बूहरुको **मुन्धुम** श्रुतिपरम्परामा आधारित रहेको पाइयो । उनीहरुको बाजे पूर्खाहरुले उहिलेको कुरा एक पुस्ताबाट अर्को पुस्तालाई सुनाउदै अहस्तान्तरण गर्दै आउने कुराहरुलाई लिम्बूहरुले **मुन्धुम** भन्ने गर्छन् । उनीहरुको पूर्खाहरुले मौखिक रुपमा हस्तान्तरण गर्दै आएको वा सुनाउदै आएको ती **मुन्धुम**ले लिम्बूहरुको सामाजिक साँस्कृतिक रीति रिवाज, संस्कार संस्कृतिलाई मार्ग निर्देशन गरेको देखियो । एक लिम्बू युवा आङबुहाङ अबेध अबिरलको (२८) भनाइ अनुसार **मुन्धुमले** नै लिम्बूहरुको सामाजिक साँस्कृति पक्षहरुलाई मार्ग निर्देशन गरेर एक सामाजिक रुप दिएको छ । साँस्कृतिक रुप दिएको छ । मुन्धुमी मार्ग र निर्देसनले लिम्बूहरुलाई वास्तपमा लिम्बू बनाएको उनी दाबि गर्दछन् । ऐतिहासिक कालदेखि लिम्बूजन्य समाजमा बुढापाका वा बुढीपाकीहरु, **फेदाङमा, या, साँम्बाहरुले** मुखमुखै गाउँदै आएको वा भन्दै आएको लिम्बूहरुको ऐतिहासिक सामाजिक, साँस्कृतिक विकासक्रमको समग्र रुप नै **मुन्धुम** हो ।

त्यसैगरी वैरागी काइलाले **मुन्धुम**ः एक चर्चा परिचर्चा भन्ने लेख (२०६९) मा **मुन्धुम**लाई यसरी विश्लेषण गरेका छन् । अनादिकालदेखि मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्तालाई हस्तारण गर्दै आएको **मुन्धम** लिम्बू समूदायको अनादिकालदेखिको साझा अनुभवजन्य कुराहरुको अलिखित दस्तावेज हो । यस अलिखित दस्तावेज (**मुन्धुम**) भित्र लिम्बूहरुको इतिहास छ । सामाजिक विकासक्रमको इतिहास छ । अनि **मुन्धुम** लिम्बू जातिको आदीम कालदेखिको अलिखित साँस्कृतिक, सामाजकि, आर्थिक र राजनीतिक इतिहास पनि हो ।

सम्बन्धित कार्य क्षेत्रमा पनि बुढापाका लगायत युवाहरुको हेलमेल वा कुराकानीमा उनीहरुले पनि **मुन्धुम**लाई जातीय बिद्याको रुपमा स्वीकारेको पाइयो । अध्ययन क्षेत्रका बृद्धा इन्द्रलाल साँबाको (८२) को भनाइमा उनीहरुले मौखिक रुपमा रहेको **मुन्धुम**लाई किरात लिपिमा लिखित रुपमा संकलन गरेर विभिन्न रीति रीवाजमा बाचन गरेर चलाउन थालेका छन् । **मुन्धुम**लाई लिपिबद्ध गरेर लिखित रुपमा दस्तावेज गर्ने काम सोह्रौ राट्रीय विभूति माहागुरु फाल्गुनन्दले लगभग १००/१३० वर्ष पहिले नै गरेका थिएँ ।

उनीहरुको **मुन्धुममा** जन्मदेखि मृत्यु पर्यन्त गर्ने संस्कार संस्कृतिहरु जस्तैः विवाह गर्दा भन्ने **मुन्धुम, सापोक चोमेन** (गर्भपुजा गर्दा) भन्ने **मुन्धुम**, **साकमुरा वादेम्मा** (गाली सराप वगाउने) मुन्धुम, **न्वागी** आदि जस्ता कार्यहरुमा बाचन गर्ने **मुन्धुम** बेग्ला बेग्लै हुन्छ ।

अध्ययन क्षेत्रको एक उत्तरदाता सुष्मा लिङदेन (४२) को भनाईमा उनीहरुको समूदायमा लिम्बूहरुको चलनचल्तिको बोलीमा उनीहरुको समाजमा कुनै काम गर्दा वा गर्नु अगाडि **मुन्धुम** के छ वा के हो भन्ने चलन व्याप्त छ । जस्तै कुनै साँस्कारिक कार्य **याङदाङ फोङमा** (न्वारन) गर्दा **याङदाङ फोङमा मुन्धुम** के छ हो भनेर भन्ने चलन देखिन्छ । लिम्बू समूदायका युवा युवती वा पुढा पाका जुन सुकै उमेरका सदस्यहरुले कुनै काम गर्न लाग्दा अचानक भएन भने **मुन्धुम** पुगेन रैछ भन्ने चलन देखिन्छ । कुनै लिम्बू बस्तीमा आएको **तरेवा वा तरेमाहरु** (सोल्टिनी वा सोल्टि वा पाहुना) स्थानीय लिम्बू युवायुवतीहरुसँग धान नाच्न मानेन भने पनि मुन्धुम पुऱ्याइएन रहेछ, सोल्टिनी वा सोल्टिलाई धान नाच्ने बनाउन कस्तो **मुन्धुम** चाहिने हो भन्ने चलन देखिन्छ । लिम्बू समूदायका कुनै सदस्य अकालमा वा बैशमा नै मरेछ भने आफन्तहरु **मेरिङ थक्मा** (लिम्बू समाजमा मान्छे मर्दा रुने तरिका वा चलन) गर्दै **मुन्धुमरक केजोगुरो** (मुन्धुम बनायौ वा बनाइस्) भन्दै रुने चलन देखिन्छ ।

माबुहाङ (२०६८) ले पनि लिम्बू समूदायहरुमा **मुन्धुम** शब्दको चर्चा परिचर्चा व्यापक हुने गर्छ भनेर उल्लेख गरेका छन् । त्यसैगरी लिम्बूहरुको पूर्खाहरुको जिउने क्रममा प्रकृतिसँग भुज्दा जे भोगे, जे गरे ती घट्नाहरु र अनुभव नै अन्तत एकमुष्ट आध्यात्मिक, भौतिक, संस्कार संस्कृति बने जसलाई नै **मुन्धुम** भनियो । मुन्धुमका कथाहरु आध्यात्मिक मिथकीय र चाखलाग्दा छन् । युरोपमा सूर्यले पृथ्बिलाई घुम्छ भन्ने मत हिजो थियो तर **मुन्धुममा इक्सादिङ खाम्बेक** भनेको घुमिरहेको पृथ्बि भनेको हो । अथवा लिम्बूहरुले आफ्नो उत्पतिकालदेखि नै घुमिरहेको पृथ्बि भन्दै आइरहेको छन् । यसरी हेर्दा **मुन्धुम** वैज्ञानिक पनि छ ।

यसर्थ **मुन्धुम** लिम्बू समाजमा जे हुन्छ त्यसलाई संगालेर राख्ने समग्रताको एक रुप जस्तो देखिन्छ । मुन्धुमलाइ अध्ययन गर्दा यो तथ्यपरक र वैज्ञानिक रहेको पनि देखिन्छ (काइँला २०६९) । मुन्धुमलाई लिम्बू समूदायले मौखिक रुपमा मात्र सीमित नराखेर **मुन्धुम**सम्बन्धीको लिखित दस्तावेज पनि निकाल्न थालेको पाइयो । यस्तो हुनुमा आधुनिक समयसँगै परिवर्तनशील लिम्बू समाजका धेरै युवा-युवतीहरु पढ्नलाइ घर बाहिर बस्ने र विदेसिने चलनले सधै उनीहरुको समाजमा बसिरहन सक्दैनन् र सबै लिम्बूहरुलाई मातृ भाषा नआउने समस्या अर्को तिर भएकोले बर्तमान परिपेक्ष्यमा **मुन्धुमलाई** लिखित रुपमा राख्ने चलन पढेर गएको देखियो ।

### ४.५ प्राकृतिक स्रोतहरु

### ४.५.१ पानी

अध्ययन क्षेत्रको लिम्बू समूदायहरुको पानीसँग भौतिक र साँस्कृतिक रुपमा गहन अन्तरसम्बन्ध रहेको पाइयो । यसरी पानीसँग भौतिक र साँस्कृतिक रुपमा अन्य आदिवासीहरुको पनि घनिष्ट सम्बन्ध रहेको मानवशास्त्रीहरुले उल्लेख गरेका छन् (Colombi,2009) । यहाँका लिम्बू बासिन्दाहरुसँग खेतीयोग्य जग्गा जमीन भएकोले रतुवा र मेवा खोलाको पानीलाई खेतिपाती गर्दा सिंचाई गर्ने अलैचि बारीमा सिंचाइ गर्ने, खान, नुहाउन वस्तुभाउलाई खुवाउनदेखि लिएर लुगाकपडा धुने आदि जस्ता कार्यमा प्रयोग गर्ने देखियो । स्थानीय बासिन्दा खानेपानीमा काम गरिरहेको मचिन्द्र साँबाको (४०) साँबाको भनाइ अनुसार खाने पानी रेडक्रसको सहयोगमा मेवा खोलाको सिरबाट उक्त ठाउँमा १० वर्ष अगाडिदेखि खाने पानी उपलब्ध भइरहेको छ । अध्ययन क्षेत्रसँगै जोडिएको **माङसेबुङ** किरात धार्मिक स्थल भएको र त्यहाँ माओवादी द्वन्द्वकालमा हजारौको संख्यामा धार्मिक सरण लिन आएका धर्मावलम्बीहरुको भारी चापले गर्दा खाने पानीको अभाव हुन गएकोले विगत २ वर्षदेखि रेकक्रसकै सहयोगमा अर्को खाने पानी योजना कार्यन्यवन भइरहेको पाइयो ।

पानीसँग बाह्य रुपमा मात्र नभएर लिम्बूहरुको साँस्कृतिक रुपमा पनि अन्तरसम्बन्ध रहेका पाइयो । उनीहरुले **साक्मुरा वादेम्मा** (गालीसराप बगाउने ) गर्दा बग्ने पानीमा नै साँस्कृतिक रीतिरिवाज गर्ने चलन रहेको देखियो । यसो गर्नुको पछाडि उनीहरुको आफ्नै खालको मौलिक मुन्धुमी काहानी वा कथा छन् । एक बृदा मनरानी नेम्बाङको (७०) भनाइ अनुसार लिम्बूहरुले बग्ने पानीमा नै **साकमुरा वादेन्मा** गर्ने संस्कृतिको विकास यसरी भएको थियो ।

*लिम्बूहरुको **मुन्धुमी** कथा अनुसार सृष्टिकालमा **तिल्लिसो** र **पतासो** नाम गरेका दूइ दाइका फाक्सारा **तिगेन्जङमा** नाम गरेकी एक बैनी थिइन् । पतासो र तिल्लिसोले दिन भर वन-जगंलमा गएर गिठा भ्याकुर खनेर ल्याउने काम गर्थे । खाने बेलामा बैनीले यो तरुल दाइहरुलाई खनेर ल्याउनु जति सजिलो छ तर मलाई खानु त्यति नै गाह्रो छ भनेर बचन लाउने गर्थिन् । अन्य कुरामा पनि फाक्सारा तिगेन्जङमा दाइहरु भन्दा ज्यादा जान्ने हुने र जति खेर पनि ठुस्केर बस्ने प्रवृतिको भएकोले दाईहरु पनि बैनीसँग रिसाए ।*

*एक दिन दाइहरुले बैनीलाई तह लगाउने विचारले जंगलमा तरुल खन्न पठाए । दाइहरुले तरुलको बोट नभएको ठाउमा सिन्का गाडेर सोही ठाउमा तरुलको बोट छ त्यही मात्र खन्नु भनेकोले फाक्सारा तिगेन्जङमाले दिन भर तरुल खन्दा पनि तरुल फेला पार्न सकिनन् । दाइहरुले खानाको लागि बैनीकै साडि उसिनी दिएकाले उनले भोक तिर्खा लागेको बेला खान पनि नपाइ भौतारिएर हिड्न पर्‍यो । फाक्सारा तिगेन्जङमा भोक प्याससँगै भौतारिएर हिड्ने क्रममा उन्ले दुई खोपिल्टोको पानी पिइन् ।*

*अफसोच त्यो खोपिल्टाको पानी नभएर एउटा खोपिल्टाको पानी मान्छेको पिसाप र अर्को खोपिल्टाको पानी बाघको पिसाव भएकोले उनी गर्भवती भइन् । फलतः मान्छे र बाघको पिसाप पिएकोले तिगेन्जङमाले एउटा मान्छे (छोरा) र अर्को बाघ गरेर  जम्ले सन्तानको जन्म दिइन् । यी यावत कारणले तिल्लिसो पतासो र फाक्सारा तिगेन्जङमावीच झैझगडा सुरु भयो । झगडा गर्ने क्रमामा चेली माइतिबीच सीमा बाराबार, थुकाथुक, सरापासराप र पानी बाराबारसम्मको झगडा हुन पुग्यो ।*

*समय बित्दै जादा माइतिहरुको घर परिवारमा कहिले फलिफाप भएन । परिवारमा जहिले पनि दुःख-कष्ट हुन थाल्यो । घर परिवारका सवै सदस्य विराम हुने कहिले सन्च नहुने हुन थाल्यो । तिल्लिसो र पतासो आफ्नो परिवारमा आएको विपतिको कारण थकित भएर जान्ने बुझ्ने, जोतिष, धामी-झाक्री र ओझा आदिकोमा कारण बुझ्न दौडधुप गर्न थाले । यसरी दौडधुप गर्ने क्रममा उनीहरु कहिले हिमाल त कहिले तराइ, पूर्व पश्चिम चारै सुर पुगे अन्तिममा चेलीको सराप लागेको  र सरापलाई बग्ने पानीमा बगाएमा सराप मुक्त हुन सकिने निश्कर्ष निश्कियो । त्यसपछि तिल्लिसो पतासोले कुनै खोलामा गएर सराप बगाएपछि घरमा पुनः सुख-शान्ति हुन थालेको* ***मुन्धुमी*** *कथा लिम्बूहरुमा छ । यसै मुन्धुमी कथासँगै जोडिएर हरेक लिम्बूहरुले* ***साक्मुरावादेम्मा*** *(गालीसराप बगाउने ) गर्छन् ।*

यसरी बग्ने खोलामा साकमुरा वादेम्मा गर्दा मनरानी नेम्बाङकै भनाइ अनुसार (७०) भुटेको भटमास र दाल जस्ता अन्न र **खाउसे** (ओखर) **सिजोग्पालाई** (पाग्रा) फुटाएर खोलामा बगादै **उन्छोन आन्धबारे आइमारे, आम्बा आम्मारे थि मिधुङआङ चा मेजआङ मेपातुबा ताफेम्बा पानहा कन यङखङिले वादेन्दुआङ पेकलरो । कन सिनजोक्पा नु खाउसे, कन चा हा लिङआङ थाङग्ररक कन ताफेम्बा पानहा हारा थो नुआङ थाङलरो** यसको अर्थ हुन्छ उहिले उलिले हाम्रो पुर्खाहरु, बाजेबजु र आमा बाले भनेका गालिसरापहरु, नराम्रो कामहरु यो खोलाको बग्ने पानीले बगाएर सात समुन्द्रपारी लैजाओस । यस्ता कुराहरु हाम्रा पूर्खाहरुले बाजेबोजुहरुले र बाउआमाहरुले सध्दे हुँदा भनेको होइन, जाडरक्सी खाएर बोलेको गालिसरापहरु पानीसँगै बगेर जाओस यदि यो ओखर र पाग्रा अनि भुटेको दाल मासहरु उम्रियो भने मात्र हामीले बगाएको गालीसरापहरु माथि फर्केर आओस भन्दै **फेदाङमा** वा **सेवासावाहरुले मुन्धुम** वाचन गर्दै गालिसराप बगाउने गर्छन् ।

वैरागी काइँलाले (२०६९) पनि लिम्बूहरुको **साकमुरा वादेम्मा** संस्कृतिलाई चर्चा गर्दै भनेका छन् बग्ने खोलामा गएर वर्षैपिच्चे हरेक लिम्बूहरुले सामाजिक सद्भाव कायम राख्नको लागि गाली सराप बगाउने गर्छन् । **साकमुरा वादेम्मा** संस्कृति लिम्बूहरुले समयको अनुकूलन हेरेर सामाजिक सद्भावको लागि गर्ने गर्छन् । भिमा लिम्बूको (२८) भनाइ अनुसार यो संस्कार यसै समयमा गर्नु पर्छ भन्ने  कुनै तीथि- मिति उल्लेख छैन । तर, पनि सामन्यतया हिँउद महिनामा **साकमुरा वादेम्मा** संस्कार गरिन्छ ।  यसर्थ फुको

महिना वा फुर्सद हिँउदमा हुने हुनाले लिम्बूहरुले साकमुरा वादेम्मा संस्कार हिँउदमा गरेको हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

यसरी हेर्दा स्थानीय लिम्बूहरुले पानीलाई खेतिपाति गर्दा सिंचाइ र खाने पिउने र बस्तुभाउलाई खुवाउनको लागि मात्र प्रयोग गर्ने होइन रहेछ भन्ने बुझिन्छ । डिबि आङबाङका अनुसार लिम्बू समूदायमा परम्परादेखि चलिआएको **साक्मुरा वादेम्मा** (गालिसराप बगाउने) गर्दा बग्ने पानी जरुरी हुन आउछ । **साक्मुरा वादेम्मा** गर्दा एकअर्काले दिएको सराप, गाली र वेइज्यतीहरु पानीमा बगेर जाने र उनीहरु सरापमुक्त, गाली मुक्त भइ सामाजिक सद्भाव कायम हुने उनीहरुको विश्वास छ । लिम्बूहरुले **साक्मुरा वादेम्मा** गर्दा पोखरीको पानी वा जमेको पानीमा बगाउने गर्दैनन् किनकि उक्त पानी नबग्ने हुनाले सराप र गालीहरु नवग्ने उनीहरुको सामाजिक साँस्कृतिक विश्वास छ । बग्ने पानीको अभाव भएपनि लिम्बूहरुले खोलाको संकेत वनाएर वा कुनै भाडोबाट पानी बगाएर गालिसराप बगाए पनि जमेको पानीमा बगाउने गर्दैनन् ।

यसर्थ लिम्बू समूदायहरुमा बाह्य रुपमा खान, पिउन प्रयोग हुने पानीको आन्तरिक वा साँस्कृतिक दृष्टिकोणबाट पनि अर्थ हुने देखिन्छ । जस्तैः बगेको पानीलाई लिम्बूहरुले पवित्र वा सुद्ध मानेको देखिन्छ भने जमेको वा पोखरीको पानीलाई असुद्ध मान्ने चलन रहेको देखिन्छ । यस किसिमको सामाजिक साँस्कृतिक मान्यता विश्वका अन्य स्थानीय समूदायहरुमा पनि पाउन सकिन्छ । यसरी नै कोलम्बियाको नेजपर्स आदिवासीले स्थानीय स्नेक नदि कै रैथाने माछा नै उनीहरुको सामाजिक साँस्कृति रीति रिवाजमा सुद्ध वा शुभ मान्दछन् र वाह्य माछाहरु असुद्ध मान्ने गरिन्छ (Colombi, 2009) ।

### ४.५.२ वनजंगल

स्थानीय लिम्बूहरुको भौतिक, आर्थिक र साँस्कृतिक रुपमा वनजंगलसँग वा वनजंगलमा पाइने भिविन्न वोटविरुवासँग घनिष्टसम्बन्ध देखिन्छ । अध्ययन क्षेत्रको लिम्बूहरुको व्यक्तिगत रुपमा बनपाखाहरु रहेको देखिन्छ । यिनीहरुले ती बनपाखा तिर हाल आएर अम्लिसो अलैचि खेति व्यापक रुपमा लाउन थालेको देखिन्छ । यिनीहरुले ती वनजंलको घासपातले बस्तुभाउ पाल्ने गर्ने गरेको पाइयो । साथै यिनीहरुले विभिन्न कार्यमा जस्तै घरमा प्रयोग हुने साना-साना पर्निचरका सामानको लागि घर बनाउनको लागि पनि बनजगंलसँग घनिष्टसम्बन्ध रहेको पाइयो । लिम्बूहरुको आर्थिक र भौतिक रुपममा जसरी वनजंगलसँगसम्बन्ध छ त्यसरी नै साँस्कृतिक पक्षसँग पनि सम्बन्ध रहिआएको देखिन्छ ।

लिम्बूजन्य सामाजिक साँस्कृतिक रीति रिवाजहरु जस्तैः जन्मदेखि मृत्युपर्यन्त गर्ने संस्कार-संस्कृतिमा वनजंगलमा पाइने **सेकमुरी, सिङजाङगो, वरुम** आदि जस्ता फूलहरु जरुरी छ । यसरी लिम्बूजन्य संस्कार-संस्कृतिमा यी फुलहरु प्रयोग गर्नुमा उनीहरुको मुन्धुमी मिथकहरु छन् । जुन मिथकहरु अध्ययन क्षेत्रका

बृद्धा-बृद्ध सदस्यहरुले सुनाउने गरेको पाइयो । साथै उनीहरुको विभिन्न रीति रिवाजमा लिखित रुपमा प्रयोग गरिने **साम्जिक मुन्धुममा** समेत उक्त कुराहरु उल्लेख छ । त्यसैगरी वैरागी काइँलाको सृष्टि वर्णन (२०६०), साँबाहाङको **सेकमुरीदेखि मिकचिरीसम्म** (सन् २०१०) जस्ता कितापमा बनजंगलको सृष्टि अनि फूलहरुको सृष्टि र लिम्बूजन्य संस्कार संस्कृतिमा ती फूलहरुको प्रयोग किन र कसरी भयो भन्ने मिथकीय मुन्धुमी कथा उल्लेख छ । मेरो अध्ययन क्षेत्रका एक बृद्ध सेवासावा इन्द्रलाल साँबा (८२) ले वनजगल र बोटविरुवा (फूलरु) को सृष्टि अनि त्यसको लिम्बूजन्य सामाजिक साँस्कृतिक रीति रिवाजमा किन प्रयोग हुन्छ भन्ने विषयमा मुन्धुमी मिथकीय कथा यसरी सुनाएका थिए ।

*किरात लिम्बूजातिमा श्रुतिपरम्परा रुपमा चलिआएको **मुन्धुम** अनुसार उहिले यो संसारमा वा विश्वब्रह्माण्डमा केही थिएन । संसारको नाममा यहाँ **मुसुन्ने खेसुन्ने** अर्थात माहासुन्य मात्र थियो । माथि **खेहोङलुङ** अर्थात आकाश ह्वाङगै थियो । तल **मुहोलिङ** अर्थात ठूलो भ्वाङ मात्र थियो । कुनै जिव प्राणी र वोट विरुवाहरु केही थिएन । त्यतिबेला न वादल थियो न **वर्षा** । कालान्तरमा त्यस माहाशुन्यमा **साम्प्रीपिमा** नामको भुमरीहावा चल्यो । त्यस भूमरीहावाको संघर्षमा आगोको ज्वाला निस्क्यो, विजुलि पैदा भयो । त्यसवाट शक्तिशाली अद्धीतिय **माङ** (भगवान) प्रकट भयो । उनै **माङलाई** लिम्बूहरुले **तागेरा निङवाभूमाङ** भनेर मान्दछन् ।*

*यसरी **तागेरा निङवाभूमाङ** प्रकट भएपछि विश्वब्रह्माण्ड रचना गर्ने इच्छा गऱ्यो । ब्रह्माण्डमा विभिन्न खालको तारामण्डल र नक्षत्रहरु रचना गरेपछि **निङवाभूमाङलाई** जल, अग्नि, वायु लगायत पृथ्वीको पनि सिर्जना गर्ने इच्छा प्रकट भयो । सृष्टिकालमा तागेरा निङवाभुमाङलाई विभिन्न स्थान, प्राणी जगत, एंव वस्तु जगतको सिर्जना गर्नु थियो । **मुनातेम्बे** ( हिमाली भेग चिनको छेउ) नामक मैदानमा आफू जतिकै शत्तिशाली देवसन्तान **पेरोक्मी यम्भामीमाङ** सृष्टि गऱ्यो । पोरोक्मी यम्भामीमाङको **सृष्टिपछि तागेरा निङवाभूमाङले** रचना कार्यहरुमा पोरोक्मी यम्भामीमाङलाई पनि रचना गर्ने शत्ति वा क्षमता दिदै अभाव र आवश्यकता अनि परिस्थिति अनुसार संसारको रचना गर्ने शत्ति प्रदान गऱ्यो ।*

*परिस्थिति अनुसार **पोरोक्मी यम्भामीमाङले** ढुङगा, माटो आदि गर्दै पृथ्वी रचना गरेकोमा **तागेरा निङवाभूमाङ** खुसी भएपनि सन्तुष्ट थिएन । किनकि अन्न, फलफूल एंव प्राकृतिक हरियाली विना पृथ्वि सुहाउदो लागेन निङवाभूमाङलाई । यस कार्यको लागि निङवाभूमाङले पोरोक्मी यम्भामीलाई बोट विरुवाको विउ-विजन सङग्रह गर्न तथा खोजि गर्न पूर्व तर्फको देशमा पठायो । त्यस ठाउँमा निङवाभूमाङको एक मावसपुत्री **तिबक्को तिअम्लामा चाबक्को चाअम्लामाको** (वोटविरुवा वा अन्नवालीको धनी) निवास थियो । निङवाभूमाङको पुत्रीको देशबाट ल्याएको विउ-विजन पोरोक्कमी यम्भामीमाङले पृथ्विमा छरीदिए । अफसोच वर्षा नभएर ती विउ-विजन उम्रन सकेन । र यम्भामीमाङको मन खिन्न*

*भयो । मन रोएर आँखाबाट एक थोपा आँसु झऱ्यो । उनको आँसु पृथ्बि माटोमा रसिँदा त्यहा एक दाना विउ उम्रयो । उम्रेपछि त्यो सिस्नुको झ्याङ भयो ।*

*तर खडेरी लागि नै रह्रयो । विउ-विजन उम्रन नसकेर पृथ्बि उजाड नै रह्रयो । पोरोक्मी यम्भामीमाङको अनुरोधमा निङवाभूमाङले उनलाई चन्द्र-सूर्यको निवास स्थानमा **पकलुङ** (छेले हान्ने ढुङगा) ल्याउन भनी पठायो । अन्तरिक्षको त्यो स्थानमा बालुवा र ढुङगा मात्र पाइन्थ्यो । चन्द्र-सूर्यको निवासस्थान **कङकङलुङ** र **खोङबामा** भन्ने स्थानमा मेघ गर्जन्थ्यो । निङवाभूमाङले पोक्कमी यम्भामीलाई **पकलुङ** ल्याएर **कङकङलुङ खोङबाको** डाँडामा जोडसित ठोक्किने गरी हान्नु तर त्यो ढुङगा चाहिं फुट्नु हुँदैन भनेर भन्यो । यदी फुटेमा अनर्थ हुनेछ भनेर भन्यो । त्यसो गरे ती डाँडाहरुमा **पकलुङ** ठोक्किएर बिजुलि चम्किने छ, मेघ गर्जनेछ, वतास चल्नेछ, भूकम्प आउनुको साथ-साथै वर्षा पनि हुनेछ भनेर **निङवाभूमाङले पोरोक्मी यम्भामीलाई** भन्यो ।*

***निङवाभूमाङको** भनाई अनुसार **पोरोक्मी यम्भामीले** बाबारी फुल्ने माटाका धनीहरुसँग पकलुङ हान्न पाउने अनुमति माग्यो । बाबारी फूल्ने माटाका धनीहरुले उनीहरुको साँध सीमाना नघाउने गरी पकलुङ हान्नसके मात्र पकलुङ हान्न पाउने शर्त वा वाचा गरेर सो अनुमति दिए । पोरोक्मी यम्भामीले साँध सीमाना कटाइपाउ भनी वाचा गर्दै सचेत भएर कङकङलुङ खोङबामा डाँडा ताकि छेलोढुङगा प्राहार गरे । प्रहार गरेको छेलोढुङगाले बाबारी फूल्ने क्षेत्रको साँध सीमाना त कटयो तर चेइटिएकोले त्यहा घनघोर वर्षा भयो, आँधी आयो, भूकम्प आयो । त्यो पकलुङ एक चोइटा आकाशतिर हान्निएर **सावा येतहाङका** प्रतीकस्वरुप सुनको भाले अर्थात **नाहाङमा** भाले भइदियो । पूर्वतर्फ खसेको छेलोढुङगाको चोइटा तरुणहरुको निम्ति भयो, पश्चिमतिर झरेको मृतक अनि पातललोकको निम्ति भयो । भोटतिर झरेको छेलो ढुङगाको चोइटा देहधारी देवताहरुको लागि भयो । मधेसतिर झरेको चोइटा जलदेवताको लागि भयो ।*

*यसप्रकारले पृथ्बिमा वर्षा भएपछि पोरोक्मी यम्भामीले रोपेका, छरेका बीउहरु उम्रे । **खोङखोङ, खेच्छिसे, पोरोकसिङ** तथा कटुस अनी बैंश झल्काउने रुखहरु उम्रे । एंवरीतले पृथ्वीमा कमशः साल, सखुवा, खयरको रुखहरु ठूलाठूला सिमलका रुखहरु आदि उम्रिए । तर, **कङकङलुङ खोङवामा** डाँडाहरु फुट्ने गरी **पक्लुङ** प्रहार गरेकोले पृथ्वीमा रुखपात त उम्रियो तर **पकलुङ** चोइटिएको अभिसाप लागेर आँधि, तुफान आयो, भूमरीले रुखहरु भाच्चिए, उखिए, रुखका हाँगाहरु भाच्चिए परिणाम स्वरुप मानवजातीमा कलिलो उमेरमा नै मर्नु पर्ने पनि भयो ।*

त्यसैगरी अध्ययन क्षेत्रको **फेदाङमा/ सेवासावा** बृद्धा उत्तरदाता धनराज साँबा (६५) को अनुसार लिम्बूहरुको **मुन्धुम** अनुसार **पोरोक्मी यम्भामी माङले** वनजगलको सृष्टि गरेपछि फूल विनाको जंगल

सुहाउदो भएन भनेर वनजंगलमा विभिन्न खालको फूलहरु सृष्टि गरेर राखिदिए । वनजंगल सुहाओस,धर्ति सुहाओस भनेर राखिदिएका फूलहरुमा मानवजीवनको प्रतीक **सेकमुरी** (सिल्लरी फूल), स्फुर्ति तथा तेजस्वीताको प्रतीक **सिङजागो फूल**, इन्द्रेणी फूलहरु, सयपत्री फूलहरु, **मुक्कुम**, गुलाव फूलहरु रुखमाथि फुल्ने सुनाखरीहरु आदि हुन् । यसरी  सृष्टिकर्ता पोरोकमी यम्भामीले वनजंगलमा सृष्टि गरेका फूलहरु कोही पहारामा फूल्ने, कोही ढुङगाको कापमा फूल्ने, त कुनै शीत र हिँउमा फूल्ने फूल र कुनै रुखका वोटमा फुल्ने फूलहरु भए । यी फूलहरुले लिम्बू महिलाहरु गर्ववती हुँदा सापोक चोमेन (गर्व पूजा) संस्कार गर्दा गर्भ रक्षा गर्न सक्ने शत्ति प्रदान गर्न सक्छ भन्ने मुन्धुमी विश्वास रहदै आएको छ भनेर मुक्साम लाबुङ (३४) ले बताएका थिए । त्यसैगरी **अम्लारी** (सुनाखरी) फूल लिम्बू युवा युवतीहरुको प्रेमको प्रतिक फूलको रुपमा चिनिने गरेको पाइयो ।

मुक्साम लाबुङ कै भनाइ अनुसार यसरी तागेरा निङवाभूमाङको इच्छा बमोजिम पोरोक्मी यम्भामीले छरेका वा सृष्टि गरेका फूलहरुमा **सेकमुरी** मानवको प्रतीक फूल, स्फुर्ति तथा तेजस्वीताको प्रतीक **सिङजागो** फूल तगायतका **वरुम** फूल, **मुक्कुम** फूल आदिलाई  लिम्बूहरुले आफ्ने साँस्कारिक रीति-रिवाजमा प्रयोग गर्ने गर्छन् । ती फूलहरुलाई स्थानीय लिम्बू समूदायहरुले जन्मेदेखि मृत्यु पर्यन्त गर्ने संस्कारहरु जस्तैः **हाङसाम थेम्मा** (इष्टदेवताको आराधाना), **माङगेना** (शीर उठाउने), **याङदाङ फोङमा** (न्वारान), **सापोक चोमेन**, (गर्व पूजा) र विवाह आदि जस्ता साँस्कारिक रीति रिवाजमा प्रयोग गर्ने गर्छन् । लिम्बूहरुको रीति रिवाजमा उल्लेखित फूलहरु प्रयोग गर्नाले शिद्धि शक्ति प्राप्त हुने ज्युज्यानको रक्षा हुने  मुन्धुमी विश्वास छ । यसर्थ लिम्बू समूदायहरुको पनि अन्य आदिवासी समूदायहरुजस्तै साजिक साँस्कृतिक रुपमा वनजगलसँग अत्यन्तै घनिष्ट सम्बन्ध रहेको देखिन्छ (Gurung 1987)।

### ४.५.३ माङगेना संस्कार र फूलको महत्व

लिम्बूहरुको परम्परागत संस्कारमा माङगेना संस्कार पनि एक महत्वपूर्ण संकार देखियो । यिनीहरुको माङगेना गर्ने संस्कारलाई हेर्दा यसलाई शिर उठाउने पूजा वा संस्कार भन्दा मिल्न जाने देखिन्छ । जुनसुकै उमेरका लिम्बूहरुले सामन्यतया छ महिनाको अन्तरमा  एक पटक माङगेन गर्ने गरेको पाइयो । माङगेना संस्कार लिम्बूहरुको अनुकूलनतामा जुनसुकै महिना वा दिनमा  छ /छ महिनाको अन्तरमा वा पहिलो पटक माङगेना गरेको छ महिना पछाडि गरेको पाइयो  । बृद्धा पुन्यप्रशाद लिङदेन (७७) को अनुसार विशेष गरी बच्चा जन्मेपछि याङदाङ **फोङमा** (न्वरान) गर्दा, **सापोक चोमेन**  ( गर्ववती महिलाको गर्व पूजा) गर्दा र विवाहको दिन यो संस्कार लिम्बूहरुले गर्नै  पर्ने हुन्छ । यी विशेष दिन बाहेक अरु बेला यो संस्कार गर्नु पऱ्यो भने, समय अनूकन वा परिथिति अनुसार ६/६ महिनामाको अन्तरमा गर्ने गरिन्छ ।

अध्ययन क्षेत्रका बृदा पृथिसिं साँबाका (७१) अनुसार विशेष लिम्बू जातिको महिला वा पुरुषहरुको आत्मरक्षाको लागि गरिने संस्कालाई माङगेना भन्ने गरेको देखिन्छ । लिम्बूहरुको मुन्धुम अनुसार प्रत्येक

लिम्बूहरुले माङगेना गर्नु पर्ने चलन हुन्छ । कुनै लिम्बूजातीय महिला वा पुरुषहरुलाई जीवनमा कसैको गाली सराप कुटाइ, थुकाइ, मानहानी र लाञ्छना आदि खेप्नुपरेको खण्डमा अथवा मनोवल गुमाएर मधौरो सरह शिथिल, निदाउरो हुन गएमा उसको शिर खसेको ठानी **माङगेना** गर्ने चलन हुन्छ । लिम्बू समूदायमा कसैलाई गाल पऱ्यो वा लाज मर्दो काम भयो भने मानहानी भएको ठानी फलानाको, फलानीको वा मेरो माङगेना ढल्यो माङगेना गर्नु पर्छ भन्ने चलन हुने गरेको देखिन्छ । जस्तैः कुनै दाजुभाई वा दिदीबहिनी छन् । दाइ-दिदीले भन्दा भाइ-बहिनीले अगाडी नै भागेर वा भगाएर विवाहा गऱ्यो भने पनि गाँउ घरको साथीसंगीहरुले दाइ-दिदीहरुलाई फलाना/फलानीको त **माङगेना** ढलेछ अव **माङगेना** गर्नु पर्छ है भन्दै कुरा गर्ने र जिस्काउने चलन हुने गरेको र, लिम्बू समूदायमा छोराछोरीले नराम्रो काम गरे भने पनि बाउआमाको **माङगेना** ढाल्यो भन्ने चलन हुने गरेको माथिका उत्तरदाताको थियो ।

अध्ययन क्षेत्रका अर्का कटहरे बुढो (७८) का अनुसार उनीहरुले माङगेना संस्कार गर्दा जो मान्छेको माङगेना गरिनु पर्ने हो उसको अगाडि एक माना चामल चोखो पानी हालेको कलसमा सेकमुरी र सिङजागो फूल आदि राखिन्छ । **माङगेना** गर्ने व्यत्तिले हातमा हतियार र इच्छा अनुसार पुरुषले पोथी र पहिलाले भाले कुखुरा बोकेर पूर्व वा उत्तर दिशा फर्के बस्छन् भने माङगेना गरिदिने मुन्धुम बाचक **फेदाङमा/सेवासावाले माङगेना** गर्ने मान्छेको अगाडि बसेर मुन्धुम बाचन गर्दै भन्छन्: हे **तागेरा निङवाभू माङ** म तिमीसँग प्राथाना गर्दै छु । यो फनानको नाति, पनाति/नातिनी, पनातिनी, छोरा/छोरी फलनालाई यो **सेकमुरी** फूल जस्तै भएर बानाइ राख्नु, **सिङजागो** फूल जस्तै तेजस्वी बनाउनु उसलाई **नाङमा थेक्मा** गर्नु (संरक्षण र सुरक्षा गर्नु) उसको मानहानी हुन नदिनु माङगेना सधै उच्च रहोस नढलस नखसोस *भन्दै भन्ने गरेको देखिन्छ* । यसरी **फेदाङमा** वा **सेवासावाले मुन्धुम** वाचन गर्दा **मुन्धुमी** लिम्बू भाषामा गर्ने गरेको देखियो । त्यसै गरी कुनै लिम्बू सदस्यहरु परदेशमा छन् भने उनीहरुको **यबो/ मैनाम** (लाउने गरेको लुगा) लाई राखेर भए पनि माङगेना गर्ने चलन रहेको उत्तरदाताको अभिव्यत्ति थियो ।

उत्तरदाता कटहरे बुढो कै नै अनुसार लिम्बूहरुले **माङगेना** संस्कार पम्पन्न भएपछि **माङगेना** गर्दा राखेको चामल मानामा भर्दा पहिला भन्दा बढेछ भने शुभ संकेत र घटेछ भने अशुभ संकेत भनेर मान्ने गरेको देखिन्छ । उक्त माङगेना गरेको चामल जसको माङगेना भएको हो उसैले वा सम्बन्धीत व्यक्तिले नै पकाएर खानु पर्ने लिम्बूहरुको मुन्धुम हुन्छ । त्यसैगरी चेलीको र माइतिको माङगेना चामल मिसाउनु नहुने । चेलीको माङगेना चामल माइतिले खानु नहुने र माइतिको माङगेना चामल चेलीले खानु नहुने चलन हुन्छ । यदि चेलीमाइति बीच एक अर्कामा माङगेना चामलको भात खाएमा अशुभ हुने पम्परागत मान्यता उनीहरुमा हरेको पाइयो ।

हरी लिम्बू (४०) को भनाइ अनुसार  पतिपत्नी बीच माङगेना चामल खान मिल्ने परम्परागत चलन छ  । माङगेना चामलको भात दिदीबिहिनी बीच र दाजुभाइ बीच भने खान हुने लिम्बूहरुको मुन्धुम छ । माङगेना चामलको भात सम्बन्धीत व्यक्तिले खाएर नसकेमा खान मिल्ने व्यक्तिले खाने र उक्त व्यक्तिले पनि खाइनसकेमा जिवजन्तु र गाउँबस्तुले खाए अशुभ हुने ठानी भुइमा गाड्ने चलन हुन्छ । त्यसैगरी आमाबाउको माङगेना चामल छोरीहरुले खान नहुने छोरीहरुको पनि आमाबाउले खान नमिल्ने तर आमाबाउको माङगेना चामल छोराहरुले खान मिल्ने चलन  पाइयो ।

यसलाई हेर्दा महिला स्वतन्त्रता छ भन्ने लिम्बू समाजमा पनि महिला असमान्ताको  झल्को देखिन्छ । साथै माङगेना गरेको दिन लिम्बू समूदायमा खोला तरेर जान नहुने, डाँडा काटेर जान नहुने यदि गएमा अनर्थ हुने  परम्पगत मुन्धमी बिश्वासले उनीहरुलाई मुन्धुमले परम्परागत ज्ञान पनि सिकाएको देखिन्छ । अर्को तिर माङगेना चामलको घटबढले शुभ-अशुभ छुट्याउने लिम्बूहरुमा यो संस्कारले भविश्यबाणी गर्ने मुन्धुमी ज्ञान पनि ज्ञान दिएको देखिन्छ । लिम्बूहरुको माङगेना संस्कारबाट यिनीहरुको प्रकृतिसँग घनिष्ट सम्बन्ध रहेको देखिन्छ ।

त्यसै गरी साबाँहाङ (सन २०१०) वैरागी काइँला (२०६०) अनुसार माङगेना गर्दा फलानोको छोरो-छोरी, फलानाको नाता- नातिनी हुँदै जानेसम्मको माथिल्लो पूर्खाको नाम भन्ने गरिन्छ र अन्त्यमा **माङगेना यक** अर्थात पूर्खाले आवाद गरेको स्थलसम्म पुगेर इतिहासको एउटा रेखा पुरा हुन्छ । यो आत्मरक्षाको लागि गरिने संस्कार हो । यसको अलवा मानहानी , नोक्सानी बेइज्यति हुँदा पनि लिम्बूहरुले शिर खसेको ठानी माङगेना गर्छन् । माङगेना गर्दा लिम्बूहरुले मानव प्रतीक फूल सेकमुरी फूल र स्फुर्ति वा तेजस्वीताको प्रतीक सिङजागो फूललाई प्रयोग गर्ने गर्छन् । यसर्थ यो संस्कारले लिम्बूहरुलाई आफ्नो बंशज इतिहास जान्ने वा सिक्ने अभ्यास गराएको देखिन्छ ।

मुन्धुममा पनि चाखलाग्दो मुन्धुमी काहानी रहेको माङगेना संस्कारको लिम्बूहरुमा छुटै महत्व छ । माथिका लेखकहरुले पनि उनीहरुको कृर्तिमा माङगेना संस्कारसँग जोडिएका मुन्धुमी कथाहरुलाई उल्लेख गरेका छन् । लिम्बू समूदायमा बुढा-पाकाहरुले **फेदाङमा, या साँम्बा** र सेवासावाहरुले मुख-मुखै पनि भन्दै आइरहेको पाइयो भने अर्को तिर अध्ययन क्षेत्रका लिम्बू समूदायाका वासिन्दाहरुले यसलाई **साम्जिक मुन्धुममा** (मुन्धुमको लिखित दस्तावेज) लिपिबद्ध गरेर माङगेना संस्कारमा चलाउने गरेको पनि पाइयो । अध्ययनको क्रममा एक बृद्ध चारसोरे (७१) उत्तरताले सृष्टिको मुन्धममा माङगेना संस्कारको विकास यसरी भएको बताए ।

***पोरोक्मी यम्भामीले तागेरा निङवाभूमाङको*** *आज्ञालाई पालना गरेर पृथ्वीको सृष्टि गऱ्यो वनजगंल बनायो । वनजंगमा फूलहरु सोभाको रुपमा हाल्यो । तर पृथ्वीमा मान्छे विना नसुहाए झैं भयो । संसारमा मान्छे*

*सदा सर्वदा अजरअमर भएर बाँचिरहोस भन्ने अभिप्रायले **पोरोक्मी यम्भामीले** सुनचाँदि जस्ता बहुमूल्य धातुको मानव बनायो । र पोरोक्मी यम्भामीले सेतो कालो चमरले हम्काउदै तिमी चन्द्र सूर्यको सन्तान हौ, चन्द्र जस्तै कान्ति वन । सूर्य जस्तै तेजस्वी बन भनेर बोलाक्यो । तर त्यो मानव बोलेन मात्र टुलुटुलु हेरिरहने भयो । पोरोक्मी यम्भामीले चाहे जस्तो मानव वनेन उनलाई ग्लानी भयो र त्यसलाई फ्याकिदियो ।*

*त्यसपछि उनले माटोको हिलो मुछि मानव प्रतीमा बनाइ सास र सातो हाले । र त्यो मानवरुपि जीवित प्राणीले यताउता हेर्न थाल्यो, चलमलाउन थाल्यो । त्यसलाई पनि उनले त्यसरी नै आशिष दिए तर अफसोच दोस्रो पटक बनाएको मान्छे धेरै नै सानो, पुड्को हुन गयो । त्यो मान्छे यति सानो थियो कि बाख्राको एउटा बटकेलाले भारी पुग्थ्यो । उन्युको बोटमा लिस्नु लगाएर चढ्थ्यो । खोर्सानीको बोटमा खोर्सानी झटारो हानेर झार्थ्यो । त्यो पुडको मान्छे मासुको एक पुञ्जमात्र थियो । पोरोक्मी यम्भामीले यति पुड्को मान्छेले संसार चलाउन सक्तैन भनी आवेसमा आएर त्यसलाई जमीनमा भास्सिने गरी फ्याकिदियो । त्यसरी जमीनमा भासिने गरी फ्याकेकोले ती पुड्को मानिसको सन्तान पछिबाट **खाम्बोङसा लुङबोङसामाङ** (माटोका सन्तान , ढुङगाका सन्तान ) भएर उब्जिए । त्यसैले कुनै पनि लिम्बूको मृत्यु भएर गाड्नु पर्दा  **खाम्बोङसा लुङबोङसा माङलाई** लास गाड्न  देउ भनेर माटो माङने चलन छ ।*

*दोस्रो पटक पनि **पेरोक्मी यम्भामीले** भने जस्तो मान्छे वन्न नसकेपछि फेरि पनि तागेरा निङवाभूमाङकोमा गएर बिन्ति गरे । निङवाभूमाङको सल्लाह अनुसार **पोरोक्मी यम्भामीले** सर्वप्रथम उत्तरी क्षेत्रमा गइ चट्याङले डडेको मालिङगो र देवनिगालोको खरानी, कालिज र डाँफे चरीको सुली र ढुङगाको खोपिल्टो र रुखको टोरकामा जमेको पानी उघाएर ल्याए । त्यसपछि त्यो खरानी र बिष्टा (सुली) मुछेर उनले फेरि मानव प्रतीमा बनाए । त्यसमा प्राण र सातो हालिदिए ।*

*यसपल्ट वनाएको मान्छे अघिल्लो पटक बनाएको मान्छेहरु भन्दा तेजी अनि चेतनशिल हुन गयो । पोरक्मी यम्भामीले त्यस मान्छेलाई पनि आर्शिवाद दियो । अनि बोलाउन थाल्यो हे मानव तिमी मानव भयौ मानव जस्तो हुनु भनेर । त्यो मानव पनि **हाउ थे बे हाउ** (के भनेको हो) भन्दै वोल्न थाल्यो । **पोरक्मी यम्भामीले** चाहेको जस्तो उत्तर पाए । यसपटकको जमर्को खेर गएन भन्नेमा उनी ढुक्क भए । तर फेरि पनि उनलाई चित बुझेन रिस उठ्यो । कारण बल्लतल्ल बन्न सकेको मानव सुनचादीको बन्न सकेन अजर र अमर हुन नसक्ने भो भनेर निरस भए । माटो, खरानी र बिष्टा जस्ता वस्तुको नवनिर्मित मानवको मुखैमा रीसले उनले थुकिदिए । फलतः त्यो नवसिर्जित मानवको सिर खस्यो ।*

*उ मधौरो जस्तो निस्तेज हुन गइ क्षण भरमा होस हराएर भुइमा ढल्यो । यो अवस्था देखेर पोरोक्मी यम्भामीलाई फेरि चिन्ता पऱ्यो । निकास खोज्न उनी पुनः **निङवाभूमाङकोमा** सल्लाह लिन गयो । **तागेरा निङवाभूमाङले** उनलाई उपदेश दिदै भने त्यस नवनिर्मित मानवको मुखैमा थुकि दिएकोले उस्को सिर खस्यो । उसलाई फेरी सद्धे मान्छे बनाउन उसको माङगेना गर्नु पर्छ । पोरोक्मी यम्भामीले तागेरा निङवाभूमाङको आज्ञा अनुसार उनको माङगेना गरिदिए पछि बिस्तारै नवसिर्जित मानबको तेज एंव होस फर्केर आयो । अनि त्यस मान्छेबाट मानव सृष्टि चल्न थाल्यो । लिम्बूहरुले माङगेना गर्ने संस्कार यसरी भएको थियो भनेर मुन्धुममा उल्लेख भएको कुरा माथिका उत्तरदाताले बताएका थिए ।*

लिम्बूहरुले उनीहरुमा माङगेना गर्दा आत्मारक्षा हुने, तेज र स्फूर्ति बढ्ने विश्वास छ । त्यसैले माङगेना गर्दा लिम्बूहरुले मानव प्रतीक फूल **सेकमुरी** र तेजस्वी वा स्फुर्तिको प्रतीक **सिङजागो** फूललाई प्रयोग गर्छन् । **सेकमुरी** फूललाई लिम्बूहरुले **माङगेना** संस्कार मात्र नभएर विभिन्न संस्कारहरुमा प्रयोग गर्ने गरेको पाइयो । किनकि यो फूल मानव प्रतीकको फूल भनेर मुन्धुमा उल्लेख छ । एक उत्तरदाता मनरानी नेम्बाङ (७०) ले बताए अनुसार श्रुति परम्परामा आधारित मुन्धुम अनुसार लिम्बूहरुले **सेकमुरी** फूललाई संस्कार संस्कृतिमा प्रयोग गर्नुको पछाडि यस्तो खालको मुन्धुमी कथा रहेको छ ।

***फाकसारा तिगेन्जङमाको*** *दुई भाइ छोराहरु **केसामी** बाघ दाजु र **नामसामि** भाइ मान्छे थिए । यिनीहरु ठूलो भएपछि बैमनस्यता दाजु भाइमा सुरु भयो । यी दुबै जनाले उनीहरुको आमासँग गुनासो पेख्न थाले । दाजु बाघले भाइलाइ नखाइ छाड्दिन भन्थ्यो भने भाइले दाइलाई मार्ने कुरा गर्थ्यो । एक दिन यी दुईको अन्तिम लडाइ हुने पक्क भयो । दाइले जिते भाइलाइ खाने र भाइले जिते दाइलाई मार्ने वाचाका साथ तिनीहरुको लडाइ सुरु भयो ।*

*आमाले **केसामि** बाघको प्रतीक **वन्दङ** (बाबारी) र **नामसामि** मान्छेको प्रतीक **सेकमुरी** फुललाई रोपेर छोराहरुको लडाइ सुरु भएपछि थालमा जोखना हेरेर वसिन् । यदि **सेकमुरी** फूल ओइलाएर झरे नामसामि भाइलाई (मान्छे) बाघले खाने र **बनदङ** फुल ओइलाएर झरे बाघको मृत्यु हुने उनको ठहर थियो । उता दुई छोराहरुको लडाइ चलिरहेको यियो एकातिर उनीहरुको आमाले कुन फूल ओइलिएर झर्ने हो हेरेर वसेकी थिइन् । लडाइको सुरुमा **सेकमुरी** फूल ओइलाएको थियो । तर अन्त्यमा मान्छेले बाघलाई मार्न सफल भएकोले **सेकमुरी** फुल पुनः जागेर आयो भने बाबारी फूल ओइलाएर भुइमा झऱ्यो ।*

धनराज साँबा (७०) को अनुसार **मुन्धुमी** मिथकलाई हेर्ने हो भने यी फूलहरुको कथा माथिको जसरी जोडिएर आउने हुनाले लिम्बूहरुले विशेष गरेर माङगेना संस्कार गर्दा **सेकमुरी** फूलको प्रयोग गर्ने गरेता पनि अन्य संस्कार संस्कृतिमा पनि प्रयोग गर्ने गर्छन । **मुन्धुम** अनुसार **सिङजागो** स्फुर्तिदायक फूल हो ।

यो फूलले आत्मालाई प्रशन्न जीवन्त पार्छ । यो एक प्रकारको मीठो वास्ना आउने जंगलमा पाइने पाते फूल हो । युवा-युवतीहरुले लाउने फूल भनेर पोरोक्मी यम्भामीले  सृष्टि गरेकोले लिम्बू युवा-युवतीको माङगेना गर्दा विशेष यो फूललाई प्रयोग गर्ने गरेको पाइयो । साथै लिम्बूहरुको देवी-देवता पुज्दा पनि यो फूल चलाउने गर्छन् । बाबारी फूल बाघको प्रतीक हुनाले लिम्बूहरुको कुनै पनि रीति रिवाजमा प्रयोगमा आउदैन । यी फूलहरुको नाम र विशेषत लिम्बू पालाम, हाक्पारे, ख्याली र गीतहरुमा प्रशस्त सुन्न पाइन्छ ।

मेरो मुख्य उत्तरदाता  धनराज कै अनुसार तागेरानिङवाभूमाङले वनजंगल, पृथ्वी र धर्ति सुहाओस भनेर विविन्न फूलहरुको सृष्टि गरेतापनि लिम्बू संस्कार संस्कृतिमा रातारात फूलहरु प्रयोग गर्दैनन् किनकि रातो फूलहरु आँखिडाहीका प्रतीक हुन । यसको प्रयोगले अरुको  **नाहेन** (ईर्ष्या) लाग्ने पराम्रागत विश्वास उनीहरुमा छ । त्यसैगरी **मिक्तिके** (आँखातरुवा फूल) पेआत्माको फूल हो । **मिकयुन्दे** फूल (लङकासानी) मृतकहरुले लगाउने फूल हो । **वनदङ** फूल (बाबारी) पशु (बाघ) हरुको हो । त्यसैगरी भलायो **फलेदो** फूल हो । उल्लेखित फूलहरुलाई लिम्बू साँस्कारिक रीति रिवाजमा प्रयोग गर्न अशुभ वा अशोभनीय मान्ने गरेको पाइन्छ ।

### ४.५.४ माटो वा भूमि

अध्ययन क्षेत्रका लिम्बूहरुसँगको कुराकानीबाट उनीहरु त्यो ठाउँका पुरानो रैथाने वासिन्दाहरु भएको देखियो । यो ठाउँका लिम्बूहरुको स्थानीय भूमी वा माटोसँग मूर्त-अमूर्त सम्बन्ध रही आएको पाइयो । खेतिपाति गर्ने, अन्नवाली उब्जाउने, सागसब्जि रोप्ने कार्यमा मूमि वा माटोको प्रयोग गर्ने लिम्बूहरुले घर लिपपोत आदि कार्यमामा पनि माटोको प्रयोग गर्ने गरेको पाइयो ।

स्थानीय उत्तरदाता  मचिन्द्र साँबाले (४०) बताए अनुसार हालको मेरङ र झापालाई सीमा छुट्याउने मावा खोला पूर्व, इलामको चुलाचुली गाविस र झापाको सीमाना छुट्याउने कमल खेलादेखि पश्चिम र झापाको महेन्द्र राजमार्ग देखि उत्तरको भू-भाग अध्ययन क्षेत्रको लिम्बू समूदायको किपट रहेको थियो । भूमीसुधार, जनसंख्या वृदि, उपाहार गदै यिनीहरुको भूमीसँगको भौतिकसम्बन्ध खुम्चिएको इतिहासले ४०-५० वर्ष मात्र पार गरेको ऐतिहासिक पृष्ठभूमि रहेको पाइयो ।

अर्का उत्तरदाता शत्तिहाङ साँबाको (३९) भनाइ अनुसार तत्कालीन श्री ५ को सरकारले भूमि सुधारको नीति हुँदै २०३६/३७ सम्म आइपुग्दा सटाभर्ना नीति कार्यन्वयन गर्‍यो । उनीहरुको किपटलाई मोरङ जिल्लाको पथरी र बयरवनमा सटाभर्ना गर्‍यो । उनीहरुको केही जान्ने बुझ्ने बाउबाजेहरुले पुर्जा खोजेर पथरी र बयरवनको सटाभर्नामा पाएको जग्गा खोज्न सफल भए पनि अधिकांस अनपढ र सोझा साझाहरुले पुर्जा खोजेर सटाभर्नामा तत्कालीन सरकारले दिएको जग्गा प्राप्त गर्न सकेनन् । यद्धपि

उनीहरुको जग्गा खोसिए पनि चुलाचुलीको पेल्टीमारी भन्ने ठाउको जग्गाको पालपोत सरकारलाई तिर्ने कार्य भने २०६३ सम्म जारी रह्यो । बर्तमान परिपेक्ष्यमा नेपाल सरकारको मिचाहा प्रबृतिले गर्दा जग्गा नपाए पनि मालपोत तिर्ने नियमलाई नयाँ आयोगले मिचेर लगेको देखिन्छ । यसरी हेर्दा अध्ययन क्षेत्रको लिम्बूहरुको किपटलाई भंग गर्न तत्कालीन श्री ५ को सरकारले सटाभर्ना रणनीति कार्यन्वयन गरेको देखिन्छ । यस किसिमको अवस्था अन्य देशका आदिवासीहरुको पनि भएको देखिन्छ (Guha 2007) ।
यसरी नै अध्ययन क्षेत्रहरुको लिम्बूहरुसँगको कुराकानी अनुसार उनीहरुले जमीनबाट उब्जिएको अन्नपातसँग जोडिएर चासोक तङनाम (न्वागी) याक्वा सेवा जस्ता चाँड पर्व वा रीति रिवाजहरु गरेको पाइयो । उत्तरदाता सुष्मा लिङ्देनको अनुसार अन्नपात पाकेपछि चासोक सेवा (न्वागी) गर्ने चलन रहेको पाइयो । न्वागी उनीहरुले उधौली याममा अन्नपात पाकेपछि प्रकृतिले दिएको अन्नपात पहिलो पटक प्रकृतिलाई नै चढाउनु पर्छ भन्ने मान्यताले गर्दा पहिलो पटक उनीहरुको **युमामाङलाई** (जसले सृष्टि गऱ्यो ⁄तागेरा निङवाभूमाङ) पुजेर वा चढाएर मात्र खाने गरिन्छ । **चासोक वा न्वागी** कार्तिक मंसिरको समयमा अन्न पाकेपछि व्यत्तिगत रुपमा अनुकूलन समय पारेर कुनै **फेदाङमा** वा **सेवासाबालाई मुन्धुम** भन्दै पाकेको अन्नपात युमामाङमा चढाउ लगाउने गरिन्छ । यदि **फेदाङमा** वा **सेवासावाहरु** गाउँमा पाइएन भने घरको मूलि आमा-बाउले नै **मुन्धुम** अनुसार न्वागी गर्ने गरेको देखिन्छ । न्वागी गरिसकेपछि अन्नपात खाएमा दुःख विराम नहुने लिम्बूहरुमा जनविश्वास पाइयो । यसरी व्यक्तिगत रुपमा न्वागि वा चासोक सेवा गर्दा घरपरिवारको अनुकूलन समयमा गर्छन समूदाय सबैले एकै दिनमा भने गर्दैनन् ।

त्यसैगरी भिमा माबोको (२८) **अनुसार चासोक वा न्वागीलाई** आधुनिक समयसँगै सामूहिक रुपमा लिम्बू , राई, याक्खा र सुनुवारले मंसिरे पूर्णिमाको दिन पारेर **चासोक तङनाम** (चाड) कै रुपमा मनाउन थालेको पाइन्छ । उल्लेखित आदिवासीहरुले काठमाण्डौं ललितपुर स्थित हातिवन माङहिम (मन्दिर) मा मंसिरे पूर्णिमाको दिनमा पाकेको अन्नपात भेलाएर प्रकृतिलाई चढाएर भव्यताका सात मनाउने गरेको पाइन्छ । यसका साथै लिम्बू बस्तिहरुमा मंसिरे पूर्णिमाको दिन सामूहिक रुपमा पाकेको अन्नपात भेला पारेर **चासोक तङनाम** मनाउने चलन बढ्दै गएको देखिन्छ । स्यम अनुसन्धानकर्ताले पनि यो अनुसन्धान गरिएको अवधिमा मनाइएको **चासोकमा** सहभागि भएर अध्ययन गरेको थियो ।

लिम्बू युवा आङबुहाङ अबोध अविरलको (२८) भनाइ अनुसार पैयुँ फूल्न थालेपछि, वर्खको भेलसँगै नदिबाट खोलानाला उकालो आएको माछाहरु पुनः नदितिर ओरालो लागेपछि र चराचुरुङगीहरु उतर फर्केपछि **याक्वा** सेवा (उभौली) गर्ने चलन लिम्बूहरुमा देखिन्छ । यो **याक्वा सेवा** गर्दा अन्नपातका विउविजनहरु भेला पारेर जग्गा जमीन खनजोत गर्दा पाप नलागोस र प्रकृतिले अन्नपातको सह दिइ अन्नपात फलोस भनेर गर्ने गरेको देखिन्छ । लिम्बूहरुले समय अनुकूलन पारेर गर्ने यो पूजा वा चाडलाई अध्ययन क्षेत्रका लिम्बूहरुले भने माघ महिनाको ४,५ र ६ गते माङसेबुङको परिसरमा अन्नपातको विउविजन भेला पारेर सामूहिक रुपमा मनाउने गरेको पाइन्छ ।

उक्त ठाउँमा पूर्वी नेपालको विभिन्न ठाउबाट भेला भएका लिम्बू लगायत (राई, याक्खा, मगर) ले अन्नपातको विउ घरघरबाट भेला पारेर पूजा गरिसकेपछि सबैले **हुवा** (भेला पारेर पूजा गरिएको अन्नपात) को रुपमा उक्त विउविजनलाई एक-एक मुठी बाडेर घर फर्कने अनि वालीनाली लगाउन अगाडी याक्वा सेवाबाट ल्याएको विउलाई पहिलो पटक जमीनमा रोप्ने चलन रहेको देखिन्छ । सुष्मा लिङदेनको भनाइ अनुसार उनीहरुले सामुहिक रुपमा याक्वा सेवा गरे पश्चात पनि आ-आफ्नो घरमा खेतिपाति लगाउन अगाडि याक्वा सेवा गर्ने चलन रहेको छ ।

यसरी हेर्दा स्थानीय लिम्बूहरुको जमीनलाई खसी खाने जग्गाको रुपमा मात्र नलिन्दो रहेछ भनेर बुझ्न् सकिन्छ । यसर्थ यिनीहरुले जमीनबाट फलेको अन्नपात आफूले खानु भन्दा अगाडि प्रकृतिलाई चढाउने अनि अन्नबालि लगाउनु अगि प्रकृतिको पूजा गर्ने चलनले यिनीहरु प्रकृति पूजक हुन भन्ने देखिन आउँछ । यसर्थ यिनीहरुको प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । साथै यिनीहरुको उल्लेखित उधौली र उभौली याममा मनाउने चाडहरु मौसमी ऋतु चक्रीय जलवायु परिवर्तनबाट प्रभावित हुने साथै  सामाजिक रहन सहनबाट प्रभावित हुने देखिन्छ ।

### ४.५.५ डाँडा

इन्द्रलाल साँबा (८२) का अनुसार अध्ययन क्षेत्रको भौगोलिक बनौट नै डाँडा काडाले वनिएकोले यहाँ ठूलो-ठूलो डाँडाहरु छन् । जुन डाँडाहरुमा हुने मुक्तो (घुङरिङ) र तितेपाती आदि साँस्कृतिक रीति रिवाजमा प्रयोग गर्छन् । यी अग्ला-अग्ला डाँडाहरुमा देवी वस्ने विश्वासका साथ देवी देउराली भन्ने गर्छन् । स्थानीय लिम्बूहरुको वासस्थान नजिकै **माङमालुङ, मिक्लाजुङ र थालाचेप्पा** भन्ने डाँडाहरु छन् । जुन डाँडाहरुमा **माङको** (भगवान) वास रहेको लिम्बूहरुको जनविश्वास देखिन्छ । यी डाँडाहरुमा लिम्बुहरुको रीति रिवाजमा प्रयोग हुने अधिकांस वोटविरुवा वा फूलहरु पाइन्छन् । जुन डाँडामा पुग्दा फूल चढाउने ढोग्ने उनीहरुको चलन रहेको पाइयो । मुन्धुम अनुसार जलप्रलय हुँदा पृथ्विको सम्पूर्ण भाग डुब्दा पनि **मिक्लाजुङको** डाँडा चै नडुबेर धार्मिक पुरुष **सोधुङगेन लेमुहाङले** उनको डुङगा उक्त डाँडामा ओत लगाएका थिए । त्यसपछि बचेका केही प्राणी र मान्छेहरुबाट पुनः यो संसारको सृष्टि भयो भन्ने विश्वास लिम्बूहरुमा देखियो  । यसरी लिम्बू समूदायमा डाँडा भनेको मात्र अग्लो थुम्को मात्र नभइ , ती डाँडाहरुसँग उनीहरुको साँस्कृतिक विश्वास पनि जोडिएको हुदो रहेछ भन्ने बुझियो ।

# अध्यायः पाँच

## ५.१ स्थानीय लिम्बूहरुको जलवायु परिवर्तनसम्बन्धीको अवधारणा

यस अध्ययनको मुख्य उद्धेश्य जलवायु परिवर्तनले लिम्बूहरु मौखिक वा **मुन्धुमी** परम्परागत रुपमा चलिआएको रीति, रिवाजमा प्रयोग हुने विभिन्न किसिमका प्राकृतिक स्रोतहरुमा प्रभाव परेको छ कि छैन । र, यदि प्रभाव परेको छ भने त्यसबाट उनीहरुको रीति, रिवाज प्रभावित भएको छ वा छैन भन्ने विषयमा अध्ययन केन्द्रित भएकोले स्थानीय लिम्बूहरुसँग जलवायु परिवर्तनसम्बन्धीको उनीहरुको धारणा वा अवधारणा बुझ्न खोजिएको थियो । स्थानीय लिम्बूहरुले जलवायु परिवर्तनसम्बन्धी जल्दो, बल्दो सवालहरुसँग त्यति परिचित नभएपनि उनीहरु कै मौलिक परम्परा अनुसार वा उनीहरुको **मुन्धुमको** माध्यमबाट जलवायु परिवर्तनलाई मझबुद तरिकाले बुझेको, व्याख्या र विश्लेश्षण गर्ने गरेको पाइयो । स्थानीय लिम्बू समूदायका पाका सदस्यहरुले जलवायु पहिलाको जस्तो नभएको जसको कारण जनसंख्या वृदि वन विनास आदि कारक तत्व भएको अभिव्यक्ति दिएका थिए ।

## ५.२ जलवायु परिवर्तनसम्बन्धी अवधारणा

अध्ययन क्षेत्रका लिम्बू समूदायको बृद्धा-बृद्धहरुको गफगाफबाट जलवायु र मौसम परिवर्तन हुनुमा केही विश्वास दैवि शक्तिमाथि रहेको देखिन्छ । इन्द्रलाल साँबा (८२) सँगको कुराकानीबाट उनले बुझेको जलवायु र मौसमप्रतिको धारणामा बढी जसो **माङप्रतिको** भक्तिभाव अनुसन्धानकर्ताले पायो । विगत ३० वर्षयता उनीहरुका गाउँमा हुरिवतास जोडले आउन छाड्नुमा उत्त ठाउलाई **हाङवा माङवा** (सिद्धि शक्ति) प्राप्त भएको छ । जुनकारणले गर्दा उत्त ठाउँमा हुरि वतास,असिना लगायतका मौसमी प्रकोपहरु विगत ३० वर्षयता क्रमशः कम हुँदै गएको छ । हाङवा माङवा पाएपछि जलवायु परिवर्तनको कारणले चल्ने ठूला-ठूला हुरीबतास चल्ने, छाना छेड्ने वा टाउको फुटाउने असिना पर्ने लगायत भू-क्षय, खडेरी र बाढि पैरो कम भएको र **हाङवा माङवा** प्राप्त नभएको ३० वर्ष अगाडिको अवस्थासम्म उत्त प्राकृतिक प्रकोपहरुले सताउने गरेको अध्ययन क्षेत्रका बृदा-बृदहरुको विश्वास रहेको देखियो धनराज (साँबा ७०, पृथिसिं साँबा ७१ ) ।

रनकुमारी साँबा (४३) को अनुसार जनसंख्या वृदि र वनजगंल विनासपनि जलवायु र मौसम परिवर्तन हुनुको मुख्य कारण हुन सक्ने उनीहरुको अनुमान थियो । जनसख्या वृद्धि भइ वढी जसो वन फडानी हुँदा ऋृतु चत्रीय जलवायु र मौसम परिवर्तन भइ विभिन्न खालको दैवि प्रकोपहरु हुने गरेको उनीहरुको ठहर थियो । यातायातको सुविधाले यो ठाउँको धेरैजसो वनपाखामा फडानी गरेर अम्लिसो खेति गरिएको छ । यसरी वनफडानी हुँदा कतिपय लिम्बूजन्य संस्कार संस्कृतिमा चाइएका वोटविरुवा तथा फूलहरु नास हून गएको छ । यी उत्तरदाताहरुको अभिव्यक्तिले ऋृतू चत्रीय जलवायु र मौसम परिवर्तन उक्त ठाउँमाका लिम्बूहरुले पनि महशुस गरेको पाइयो । यसवाट स्थानीय लिम्बूहरुले पनि जलवायु परिवर्तनको

विश्वाव्यापी रुपमा चलेको सवालको विषयसँग त्यति परिचित नभएपनि उनीहरुले ऋतु चत्रीय जलवायु र मौसम परिवर्तनमा परिवर्तन भएको अनुभूतिहरु पाइयो ।

### ५.३ कुहिरोप्रतिको अवधारणा

स्थानीय समूदायका उत्तरदाताहरुसँगको कुराकानीबाट अध्ययन क्षेत्रका स्थानीय लिम्बू समूदायहरुलाई ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनशील छ भनेर थाहा दिने एक मुख्य सूचकको रुपमा उक्त ठाउँमा लाग्ने कुहिरो पनि देखियो । शत्तिहाङ साँबा (३९) र सुकरानी साँबा (३१) सँगको कुराकानीमा कुहिरोले उनीहरुको दैनिक जीवन र साँस्कारिक रीति रिवाजमा महत्वपुर्ण भूमिका नखेले पनि स्थानीय ज्ञान, अनुमान, र अनुभूतिमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । कुहिरो उक्त ठाउँमा गृष्म ऋतुको सुरुवातसँगै लाग्न थालेर लगभग असोजसम्म लाग्ने गर्छ । यो धुवा जस्तै देखिने चलयमान सेतो वस्तु हुन्छ । जसको कारण  परको वस्तु देखिन गाह्रो हुन्छ । जलवायु र मौसम ऋतु चक्रीय रेखा भन्दापनि वाहिर जान सक्छ भन्ने ज्ञान उक्त ठाउँमा लाग्ने कुहिरोले पनि दिएको पाइन्छ । कुराकानीको क्रममा फरमाया लिम्बू (७६) ले यसरी आफ्नो अभिव्यक्ती दिएकी थिइन् ।

**त्रजब म २००९ सालमा विवाह गरेर यो ठाउँमा आए । यो ठाउँमा  जेठदेखि भदौसम्म डर लाग्दो कुहिरो लाग्ने गर्थ्यो । कुहिरी मण्डलको मुश्ला देख्दा मलाई अत्यास लागेर आउथ्यो । नजिकैको मान्छेपनि देख्न गाह्रो पर्थ्यो । तर हरेक १०,१५ वर्षको अन्तरालमा कुहिरो लाग्ने क्रम पातलिन्दै गइरहेको छ । १० वर्षयता त कुहिरो एकदमै पातलो लाग्न थालेको छ ।**

फरमाया लिम्बूको अभिव्यक्तिसँग मिल्दो जुल्दो अभिव्यक्ति  द्धय दिलमाया लिम्बू र सुकहाङमा लिम्बूको पनि थियो । यिनीहरुको भनाइमा पनि उक्त ठाउँमा विगत ३०, ३५ वर्ष पहिले  बाक्लो कुहिरो लाग्ने गरेको पाइयो । बाक्लो कुहिरोको कारण साँझ परेको पनि थाहा हुन्न थियो । साझ पर्दै जादा एक किसिमको भ्यागुता कराउथ्यो जसको माध्यमबाट उनीहरुलाई साझ परेछ भन्ने कुरा थाहा हुन्थ्यो । तर ५,१० वर्षयता भने कुहिरो पातलिन्दै जान थालेको उनीहरुको राय थियो ।

शक्तिहाङ साँबा (३९) शान्तिहाङ साँबा (३४) लगायतले कुहिरो पातलिन्दै जानुले ऋतुचक्रीय जलवायु र मौसम परिवर्तन एउटै चक्रमा हुन छाडेको संकेत देखिएको बताए । त्यसै गरी विगत ५ वर्ष पहिलेसम्म खलङ्गे र उत्तरे वरिपरीबाट मात्र कुहिरो उठ्ने गर्थ्यो । खलङ्गे र उत्तरे (लेक) भन्दा दक्षिणमा रहेको वेसी दुम्से, बाँके र लामिटारमा कहिले कुहिरो नलाग्ने भए पनि विगत ५ वर्षयताबाट यी गाउँबाट पनि कुहिरो लाग्ने वा उठ्ने र तलबाट माथि मडारिन्दै खलङगे र उत्तरेमा पुग्ने गर्छ । तर, खलङगेको र उत्तरे वरीपरिको वातावरणबाट भने  कुहिरो उठ्न छाडेको उनीहरुको अनुभव थियो ।

दुम्से,बाँके, लामिटार र रतुवावेसी (वेसी) मा कहिले पनि शितलहर नपर्ने भएपनि स्थानीय लिम्बूहरुको शितलहरप्रतिको अवधारणा बिपरीत ३ वर्षयता रतुवावेसि, बाँके, दुम्से र लामिटारमा  शितलहर पर्न थालेको माथिका उत्तरदाता द्धयको राय थियो । जुन कारण उनीहरुले समय परिवर्तनशील हुनाले हाम्रो ठाउँपनि तराई हुन थाल्यो भन्ने अभिव्यक्ति दिएका थिए । यसर्थ कुहिरोप्रतिको उनीहरुको स्थानीय ज्ञान, अनुमान, धारणा र अनुभूतिमा जलवायु परिवर्तनले प्रभाप पारेको देखिन्छ । शितलहरले मौसमी खेतिपातिमा जस्तैः आलु, टमाटर जस्ता बोटविरुवाहरुलाई मार्ने समस्या देखिन्छ ।

### ५.४ पानीसँग सम्बन्ध र अवधारणा

पानीसँग लिम्बूहरुको भौतिक साँस्कृति सम्बन्ध रहिआएको देखिन्छ । जुन कुरालाई अगाडि नै अनुसन्धानकर्ता बिश्लेषण गरिसकेको छ । डिबि आङबाङका (३५) अनुसार लिम्बूहरुले व्यक्तिगत रुपमा र सामुहिक रुपमा साकमुरा वादेम्मा गर्छन् । जस्तैः कुनै घर परिवारले वर्षमा एक पटक यो संस्कार अनुकूलित समय पारेर व्यत्तिगत रुपमा गर्ने गर्छन भने, एकै थर गरेका लिम्बूहरुले भेला भएर सामूहिक रुपमा पनि यो संस्कार गर्छन तर यो वर्षपिच्छे गर्न संभब नभएकोले ३, ४ वर्षको अन्तरमा गर्ने गर्छन । त्यसैगरी लिम्बूहरुको नजिकका गोत्र वा फलाना थरी र फलना थरी लिम्बूहरु दाजु-भाइ हुन भनिने खालका थरीहरु भेला भएर पनि सामूहिक साकमुरा वादेम्मा गर्छन ।

अध्ययन क्षेत्रका लिम्बूहरुले खोलाको बग्ने पानीमा गएर सामूहिक रुपमा गालीसराप बगाउने संस्कार गर्दा मेवा वा रतुवा जाने गरेको पाइयो । किनकि यो खोलाहरु हिउदमा पनि अविरल रुपमा वग्छन् । एउटै मात्र परिवारले यो संस्कार गर्नु परेमा ती खोलाहरुमा पुग्ने कष्ट नगरेको देखियो । नजिकैको पानी पधेरोहरु जुन वगेर जाने खालका हुन्छन् ती ठाउँहरुमा गएर गर्ने गर्छन् । अन्तरवार्तामा पृथिसि साँबाले ( ७१) भनाइ यस्तो थियो ।

**खडेरी र बद्लिन्दो समयको कारणले रतुवा र मेवा लगायतका खोलाहरुमा विगत २०, ३० वर्षको तुलनामा पानी कम भएको छ  । तथापि गालीसराप बगाउने संस्कार गर्नुलाई नै चाहिं हालको स्थितिमा नै जलवायु परिवर्तनले प्रभाव पारी नहालेको अवस्था छ ।**

मचिन्द्र साँबाको (४०) भनाइ अनुसार मेवा खोलाको सिरबाट स्थानीय जनसंख्यालाई हालको स्थितिसम्म पर्याप्त रुपमा खाने पानी उपलब्ध गराउन सकिने स्थिति छ । तर विगत १५ देखि २० वर्षयता स्थानीय स्तरमा वर्षा पानीका मुहानप्रतिको उनीहरुको अवधारणा जुन खालको थियो, त्यसमा ऋतुचक्रीय जलवायु र मौसम परिवर्तन हुनाको कारण उत्तारचढाव हुन थालेको वताए । १० वर्ष अघिसम्म रतुवा र मेवा खोलामा जेठ अन्तिमदेखि नै पानीको बहाव बढ्न थाल्ने गर्थ्यो । साथै विभन्न ठाउहरुमा  असार पहिलो र

दोस्रो हप्तासम्ममा पानी उम्रने गर्थ्यो तर ५, वर्षयता अषार दोस्रो हप्ता कटि सम्दा पनि पानीका मुहानहरु फुट्न छाडेको उनको राय थियो ।

सुष्मा लिङदेन (४२) र ज्ञान ब. साँबाक (३५) हरुको अभिव्यक्तिबाट वन फडानी, जनसंख्या वृदि दैवि प्रकोपको कारणले स्थानीय खेल्साखोल्सिको पानी विगतको तुलनामा सुके पनि उनीहरुको **साकमुरा वादेम्मा** गर्ने संस्कारलाई उक्त ठाउँमा चाहिं प्रभाव नपारेको उनीहरुको राय थियो । तर पनि व्यत्तिगत रुपमा वा परिवार स्थरले यो संस्कार गर्दा मेवा खोला र रतुवा खोला केही टाढा जानु पर्ने भएकोले खोलाको संकेत बनाएर गाग्रो, लोहटा र गिलास आदिबाट **मुन्धुम** अनुसार उक्त खोलाहरुको नाम लिन्दै गालीसराप बगाउने गरेको बताए ।

**५.५. तापक्रमप्रतिको अवधारणा**

जलवायु परिवर्तनसम्बन्धी चर्चा परिचर्चा विश्वव्यापी रुपमा चलिरहेको अवस्थामा सम्बन्धित अध्ययन क्षेत्रका उत्तरदाताहरुसँगको अन्तवार्तामा विगतको तुलनामा तापक्रममा पनि उत्तार चढाव भएको तर्क गरेका थिए । कुराकानीको क्रममा कतिपय उत्तरदाताहरुले हाम्रो गाउँ ठाउँ पनि मधेश (तराई) नै भइ सक्यो भन्ने अभिव्यक्ति दिएका थिए । शक्तिहाङ साँबाले (३९) उनको अनुभव यसरी व्यक्त गरेका थिए । **दुम्से, बाँके, रतुवावेसि हाम्रो बेसी हो सामन्यतया खलङगेको तुलनामा बेसीमा हावापानी गर्मी नै हुन्छ । हामी सानो हुदा जाडो मौसममा झापा, मोरङमा जस्तो शितलहर लागेको मलाई थाहा छैन तर ३ वर्ष अघिदेखि हाम्रो वेसिमा हुस्से (शितलहर) देखिन थालेको छ । अव हाम्रो ठाउँ पनि तराई भन्दा फरक नपर्ने भो । अनि खलङगेमा पनि आजसम्म कहिले हिँउ परेको इतिहास थिएन परारको साल हिँउ पऱ्यो । खलङगे र उत्तरेको हावापानीमा पहिला-पहिला  अदुवा हुदैन थियो मकै खेति गरे पनि ७ पहिनामा पाक्थ्यो राम्रो फल्दैन थियो अहिले त ६ महिनामा नै मकै राम्रो पाक्न थालेको छ। २, ४ वर्षयता त गर्मी औल (तराई) मा जस्तै हुन थालेको छ । हिजोआज खलङगेमा पनि  यहाँका मान्छेहरुले १०/ १५ वर्ष पहिले भन्दा मकै राम्रो फल्ने र छिटो पाक्नाले यहाँ मकै र अदुवा खेति  गर्न थाले । पहिला त बेसितिर मात्र (रतुवाबेसि, बाँके, दुम्से र लापिटार) मकै राम्रो फल्थ्यो र अदुवा हुन्थ्यो ।**

त्यसैगरी हेमा नेम्बाङको (३८) अनुभव पनि साँबा कै सँग मिल्दोजुल्दो थियो खलङगेको अलैचिवारीमा १० वर्ष पहिलेसम्म सेपिलो भएर जुका प्रशस्त हुने ठाउँमा आजकल सेप कम हुँनाले जुँका देखिन छाडेको उनको अनुमान थियो । स्थानीय युवा शान्तिहाङ साँबाको (३५) अभिव्यक्तिमा जेठ अन्तिम हप्ता वर्षा सुरु हुने उनीहरुको गाउँमा ५,१० वर्षयतादेखि अषाढ दोस्रो हप्तासम्म पनि वर्षा रामरी सुरु भएको हुदैन । यहाँको वातावरण एक नासले चल्न छाडेको उनको बुझाइ थियो । अर्का बृद इन्द्रलाल साँबा (८२) आफनो विचार यसरी भनेका थिए ।

**खै के भन्ने अव त लेकमा पनि गर्मि हुन थाल्यो औलमा हुने बोट विरुवा लेकमा हुने अनि बेसिमा पनि कहिलेकाही ज्यादा ठण्डि हुने गर्छ । त्यसैले गर्दा लेक वेसि जस्तो र बेसि लेक जस्तो हुन थाल्यो पहिला यस्तो हुँदैन थियो । पहिलाको भन्दा घाम पनि वढी लाग्ने जाडो पनि वेसी हुने छिटो जाडो हट्ने यो अनौठो जमना हुन थाल्यो ।**

रन कुमारी साँबा लगायतका उतरदाताहरुसँगको  कुराकानीको सिलसिलमा प्रायले ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनमा परिवर्तन हुनाले वर्षा ढिलो सुरु हुने, खडेरीले गर्दा यसपालको दाल पनि नफलेको पानीका मुहानहरु असोज तिर नै सुक्न थालेको विगतमा चाहि मंसिर पुषमा मात्र सुक्ने गरेको बताए ।

### ५.६ वोटविरुवासँगको सम्बन्ध (फूल) र अवधारणा

भौतिक जीवनमा विभिन्न तवरले बोट विरुवासँगसम्बन्ध राख्ने लिम्बूहरुले उनीहरुको प्रचलिच **मुन्धुम** अनुसार जन्मदेखि मृत्यु पर्यन्त गर्ने संस्कार-संस्कृतिहरुमा जस्तैः **याङदाङ फोङमा** (न्वारान), **माङगेना** ( शिरउठाउनी), **युमा थेवा साम्मेमा** (इष्टदेवताको पूजा) आदि जस्ता साँस्कारिक कार्यहरुमा **सेकमुरी फूल, मुक्तो** (घुङरिङ), **वरुम फूल, सिङजागो** फूलहरु आवश्यक रहेको देखिन्छ । कुनै पनि संस्कार गर्दा यी फूलहरुको प्रयोगसँगै **या, साँम्बा**, **फेदाङमा** वा **सेवासावा** कुनै एकले **मुन्धुम** गाएर भनेर वा वाचन गर्दै गाएर भए पनि यी फूल वा वोटविरुवाहरुको नाम उल्लेख गर्ने चलन लिम्बूहरुमा पाइयो ।

उल्लेखित फूल वा वोटविरुवाहरुको सन्दर्भमा मैले अध्ययन क्षेत्रका प्राय **सेवासावा, फेदाङमा, या र साँबा** लगायतका बृद तथा बृदाहरुसँग कुराकानी वा छलफल गरेको थिएँ । एक उत्तरदाता  धनराज साँबा (७०) सँगको कुराकानीमा उनको अभिव्यक्ति यस्तो थियो ।

**लिम्बुहरुको रीति रिवाजमा चलाइने फूलहरु  धेरै छन  र नचलाइने फूलहरु  पनि छन सेकमुरी र सिङजागो मेन्छ्या थाङवेनहरु(युवायुवती) लागि  भन्ने मुन्धुम छ । त्यसैले तरुनी तन्नेरीहरुको माङगेना (शिरउठाउने) गर्दा सेकमुरी र सिङजागो फूल चलाउनु पर्ने मुन्धुम छ । कुनै जुठो पर्दा वा मर्दा- पर्दा वरुम फूलले  चोखियो भने शुद्ध हुन सकिने लिम्बूहरुको  मुन्धुमले भन्छ । त्यसैगरी तितेपातिले पनि चोखिने चलन लिम्बूहरुमा छ ।**

**लिम्बूहरुको  मुन्धुमले वनदङ फुङलाई (वावारी) बाघको फूल भन्ने हुनाले लिम्बूहरुको रीति रिवाज वा संस्कारहरुमा चलाउने गर्दैनन् । थोकफेला फुङ (लालिगुराँस) लाई नाहेन फुङ -आँखिडाही) फुल भन्छ मुन्धुमले त्यसैले यो फूललाई पनि  चलाउने गरिदैन । मिकतिके फुङ चै लाछमा चढाउने भएकोले यो पनि लिम्बूहरुको शुभ संस्कार संस्कृतिमा चलाइन्दैन । यी सम्पूर्ण फूलहरु पाहाडी लेखहरुमा पाइन्छन् ।**

**यहाँबाट २ देखि ३ घण्टा हिडेर पुगिने माङमालुङ र मिक्लाजोङको जगंगमा ती फूलहरु प्रशस्त पाइन्छन् । तर, १०, २० वर्ष पहिलेको तुलनामा अलिक कम पाइन थालेको छ ।**

**मान्छेहरुले वन जंगललाई विनास गर्नाले जंगल पातलिएकोले ती फूलहरु पनि पातलो पाइन्छ । अनि सेकमुरी फुल त गाउमा पनि पाइन्छ । पाखाबारीमा पनि आफै फूल्छ । तर यो फूल पनि पहिला जस्तो देख्न छाडिएको छ । घाम एकदमै चर्को लाग्न थालेको र मान्छे पनि धेरै भएको छ । त्यही तिरको वनपाखामा हुने मुत्तो (घुङरिङ) को झ्याङ मर्न थालेको छ । १० वर्ष अघिसम्म झाडि हुन्थ्यो मुक्तोको हिजोआज बाटो आएपछि सवैले वन फडानी गरेर अम्लिसो लगाउन थालेकोले पनि कतिपय ती वोट विरुवा कम हुन थालेको छ । माथितिर जाने काम पऱ्यो भने हामीलाई चाहिने फूलहरु ल्याएर साचेर राख्ने गर्छौ । अनि कुनै पनि रीति रिवाज वा संस्कार गर्नु पऱ्यो भने त्यही फूल प्रयोग गर्छौ । त्यो फूल सुकेको भए पनि साँस्कारीक कार्य गर्ने गर्छौ ।**

अर्का स्थानीय युवा धनहाङ साँबासँगको (४३) कुराकानीबाट पनि अघिल्ला उत्तरदातासँग मिल्दो उत्तर आएको थियो । उनको अभिव्यक्ति अनुसार लिम्बूहरुको मुन्धुमा उनीहरुको विभिन्न रीति-थिति र संस्कारहरुमा **सेकमुरी** फूल, **सिङजागो** फूल लगायत **सिङघुति फुङ** (रुखका बोटमाथि फूल्ने) **लुङघुति फुङ** (ढुङगातिर वा माथि) फूल्ने फूलहरु चाहिन्छ भनेर उल्लेख छ । उनको भनाइमा हिजोआज पनि **सिङजागो** र **सेकमुरी** फूलहरु पाइने गरेतापनि **सिङघुति फुङ र लुङघुति** फूल भने देख्न नसकिने वताए । उनको अनुसार सायत उनीहरुको पूर्खाहरुले ती फूलहरु प्रयोग गर्थे होला र त **मुन्धुम**मा उल्लेख छ । परिवर्तनशिल समयसँगै अव रुखमा ढुङगामा फूल्ने फूलहरु देख्न छाडेपछि लिम्बूहरुले **मुन्धुममा** मात्र ती फूलहरुको नाम उल्लेख गर्ने वताए । यदि यस्तो अवस्था जलवायु परिवर्तनले नै भएको भएपनि यो नौलो घटना भने होइन । यस भनाइलाई मानबशास्त्रीहरु स्ट्रस र ओरलभले पौडेल लगायतले (2003 and 2010) पनि उल्लेख गरेका छन् । त्यसैगरी लिम्बूहरुको मुन्धुममा पनि जलवायु परिवर्तनको वारेमा उल्लेख छ साथै अन्य विभिन्न धार्मिक वितावहरुले पनि यी कुरालाई उल्लेख गरेको छ । त्यसै गरी अर्का एक बृद कठहरे बुढो (७८) सँगको कुराकानीमा यसरी अभिव्यक्ति दिएका थिए ।

**हाम्रो रीति रिवाजमा सिङजागो, बरुम, मुक्कुम फूलहरु मुन्धुमले प्रयोग गर्नु पर्छ भन्छ । हामी ती फूलहरु माङमालुङ र मिक्लाजोङतिर ल्याउछौ, फूल नपाए फूलका पातहरु भए पनि ल्याएर राख्छौ किनकि, प्राय जसो ती वोटविरुवाहरु यो ठाउँमा हुँदैनन् । हाम्रो संस्कारमा चलाइने वोटविरुवा वा फूलहरु प्राय लेकमा मात्र पाइन्छ । यहाँ त सेकमुरी फूल, तितेपाति, र मुक्तोहरु पाइन्छ । त्यसैले लेकमा पाइने ती फूलहरु साँस्कारिक कार्य गर्नु पऱ्यो भने सुकेको फूलको पात भए पनि प्रयोग गर्छौ । यो पनि नभए मुन्धुमले ती फूलहरुको नाम भनेर विधि पुऱ्याउछौ । हामीलाई चाहिने ती फूङहरु लेकमा हाल पनि**

**पाइने भए पनि, तुलनात्मक रुपमा विगतका दिनहरुमा जस्तो त पाइन्दैन । किनकि समय सधै एकनासको नहुँदो रैछ । अव रुखपातहरु मासिन्दै गइरहेको छ । समय साल पनि परिवर्तनशिल छ ।**
अन्य बृद-बृदाहरु साथै युवाहरुले पनि माथिका उत्तरदाताहरुसँग मिल्दो खालको अभिव्यक्ति दिएका थिए । उनीहरुको साँस्कारिक रीति रिवाजमा उल्लेखित फूलहरु जरुरी भएपनि ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनमा पनि फेरवदल छ र वन जगंलहरु मासिने क्रममा छ आदि कारणले ती वोटविरुवाहरु जसरी १०, २० वर्ष अगाडि जस्तो नपाए पनि उनीहरुको संस्कारलाई असर नै पारिहालेको अवस्था भने छैन ।

### ५.७ जलवायुसँग जोडिएका मुन्धुमी दन्ते कथा र परिवर्तन

जलवायुसँग जोडिएका विभिन्न दन्तेकथाहरु जस्तै यो ठाउँको पनि मुन्धुमी दन्ते कथा छ । अध्ययन क्षेत्रका लिम्बूहरुसँग अन्तरवार्ता गर्ने क्रममा उत्तरदाताहरुले उक्त ठाउसँग जोडिएका जलवायु र मौसम सम्बन्धीका मुन्धुमी दन्ते कथाहरुको बारेमा पनि कुराकानि भएको थियो । **मुन्धुमी** दन्तेकथा सुनाउदै इन्द्रलाल साँबा (८२) ले यसो भनेका थिए ।

**यो हाम्रो गाउसँग जोडिएको मुन्धुमी दन्ते कथा छ । उहिले सृष्टिकालमा तागेरा निङवाभू माङले माहाभारामा वसेर दिशा गर्दा पानथर तिर भरेकोले त्यो ठाउँमा अन्नपात फलेको रे, पिसाप चै चारखल तिर झरेकोले त्यतातिर पानी प्रशस्त भएको रे र यो गाउँमा चै थुक मात्र झरेकोले अन्नपातको सह नभएको रे । अनि यो ठाउँलाई भूपति राजाले पनि सरापेको भएर अन्नपात नहुने फलेपनि  पाक्ने बेलामा असिनाले पिट्ने समस्या हुन्छ भन्ने हाम्रो पराम्परागत बुझाइ वा विश्वास थियो/ छ ।**

**यहाँ चैत बैशाखमा ठूलो-ठूलो हावा चल्थ्यो आज भन्दा ३० वर्ष पहिले । हाम्रो घरको छाना त वतासले उडाउला जस्तो गर्थ्यो हाम्रो बुढियाहरुलाई त साझको खाना पकाउन नै गाह्रो हुन्थ्यो । हाम्रो गाउँमा अन्नपात फल्ने बेलमा असिना पर्ने गर्थ्यो । धान पाक्ने समयमा पनि असिना पर्ने अनि धानको वाला त भुइमा मिसिन्थ्यो हामी भुइबाट धान बटूल्थ्यौ । तर २०४० सालमा हाम्रो गुरु ज्यु (किरात धर्मका गुरु आत्मनन्द लिङदेन) यो ठाउँमा आएर वस्नु भो । गुरु ज्युको आगमनसँगै यो ठाउँलाई हाङवा माङवा (शिद्धि शक्ति) प्राप्त हुन थाल्यो । भनौ एक किसिमकोले  अन्नबाकिको सह हुन थाल्यो । हाम्रो ठाउँमा चैत्र बैशाखमा लाग्ने ठूलो-ठूलो हुरीवतास पनि ४० सालयता कम हुन थाल्यो । अन्नपात पाक्दा असिनाले पिटेर भुइमा झार्ने समस्या पनि त्यही समयदेखि कम हुँदै गयो । हुँदै जादा त गुरु ज्युको आर्शिवादले हाम्रो ठाउँमा लक्षिन नै वास वस्यो जस्तो लाग्छ । आजकल त ती विपतिहरु ठ्यापै नै रोकियो ।**
पृथिसिं साँबाको (७१) भनाइ अनुसार । उनीहरु सानो हुँदा जंगलतिर वस्तु गोठाला जाने गर्थे । त्यो समय चैत बैशाखको बेलामा ठूलो-ठूलो वतास चलेर कहिले काही असिना पनि पर्ने गर्थ्यो । जसको कारण उनीहरुलाई वस्तु लिएर घर फर्किन मुस्किल हुन्थ्यो । असिनाले अन्नवाली पिटेर हैरान हुन्थ्यो । २५

वर्षयता क्रमशः उक्त विपत्तिहरु आउन छाडेको छ । प्राकृतिक घट्ना र ईश्वरीय शक्ति अलग-अलग भए पनि पृथ्थिसिं साँबाको भनाइमा पनि गुरु ज्युको वसोवासले ती जलवायु र मौसमी विपतिहरु रोकिएको हुन सक्ने ठहर थियो ।

त्यसै गरी मनमाया लावति (५५) र रनहाङमा लिम्बू (६५) हरुको भनाइ अनुसार उनीहरु त्यो ठाउँमा विवाह गरेर आउदाको समयताका चैत-बैशाखमा जव साँझ पर्न थाल्थ्यो यति धेरै हुरिवतास चल्थ्यो । बेलुकाको खाना पकाउन नसकिने अवस्था थियो । घरका छाना हुरी वतासले उडाउला जस्तो हुन्थ्यो । असिनाले छाना छेड्ला जस्तो गर्थ्यो । कहिले काही लेकमा काम गरेर बेसिमा झर्नु पर्ने हुन्थ्यो । तर भदौ असोजतिर लाग्ने बाक्लो कुहिरोले गर्दा साझ परेको पनि थाहा हुन्न थियो । जव त्यो ठाउँमा पाउने एकखाले भ्यागुतो बोल्न थाल्थ्यो अनि हतार हतार गरेर वेसितिर जाने गर्थे । तर क्रमशः २०, ३० वर्ष यता  ती प्राकृतिक घट्ना पातलिन्दै गएको बताए । उनीहरुले पनि यस किसिमको प्राकृतिक घट्नालाई फलिफापसँग जोडेर हेरेको पाइयो ।

# अध्यायः छ

## ६.१ सारांश

अनुसन्धानकर्ताले यस अध्ययनको क्रममा इलाम जिल्लाको बाँझो गाउँको लिम्बूहरुको घना बस्तीलाई मात्र छनौट गरेर खोज तथा अनुसन्धान गरेको छ । सम्बन्धीत ठाउँमा अध्ययन क्षेत्रमा अध्ययन गर्ने सिलसिलामा स्थानीय लिम्बूहरुको मौसमी ऋतु चक्रीय जलवायु र मौसमसम्बन्धीको स्थापित ज्ञान, अनुमान र अनुभूतिहरुको बारेका अनुसन्धानकर्ताले ध्यान केन्द्रित रहेको छ । साथै लिम्बूहरुको सामाजिक साँस्कृतिक पक्षहरुको बारेमा बुझ्ने कोसिस गरेको छ । उनीहरुको सामाजिक साँस्कृतिक पक्षहरुसँग कस्ता प्राकृतिक स्रोतहरुको सम्बन्ध रहन्छ भन्ने विषयमा पनि अनुसन्धानकर्ताको ध्यान केन्द्रित रहेको छ । त्यसरी नै लिम्बू समूदायहरुको सामाजिक साँस्कृतिक रीति रिवाजमा प्रयोग हुने प्राकृतिक स्रोतहरुलाई जलवायु परिवर्तनले प्रभाव पारेको छ कि छैन भन्ने विषयमा पनि अनुसन्धानकर्ताले ध्यान केन्द्रित गराउदै यदि ती प्राकृतिक स्रोतहरुमा जलवायु परिवर्तनले प्रभाव पारेको भए उनीहरुको सामाजिक साँस्कृतिक रीति रिवाज चाहिं त्यसबाट प्रभावित छ कि छैन भन्ने खोज तथा अनुसन्धान गरिएको छ ।

यसरी खोज तथा अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धानकर्ता प्रत्यक्ष अध्ययन क्षेत्रमा गइ परम्परागत मानवशास्त्रीय दृष्टिबाट अवलोकन, १५ मुख्य उत्तरदाताहरुसँगको गहन छलफल, सामूहिक छलफल, जस्ता पद्धति अपनाइ जलवायु परिवर्तनसम्बन्धी इथनोग्राफिक अध्ययन गरिएको छ । त्यसैगरी अध्ययन अनुसन्धान गर्ने क्रममा आवश्यकता अनुसार सम्बन्धीत कार्य क्षेत्रका उत्तरदाताहरुसँग मोबाइलवार्ताबाट पनि केही तथ्याङकहरुत लिएको छु । यो अध्ययन मानवशास्त्रीय अध्ययन तथा अनुसन्धान भएकोले तथ्याङकहरु बढी गुणात्मक छन् । त्यसैले बिश्लेषण तथा बणनात्मक तरिकाले तथ्याङको प्रस्तुतिकरण गरिएको छ । साथै केही संख्यात्मक तथ्याङकहरुलाई टेवल वा चित्रको माध्यमबाट प्रस्तुत गरिएको छ ।
पाँ≠च वर्ष अगाडिसम्म अध्ययन क्षेत्रका स्थानीय साँबा थर गरेका लिम्बू बासिन्दाहरुको बसोवास र खेतिपाति गर्ने तरिकामा मौसमी ऋतु चक्रीय जलवायु परिवर्तन र उनीहरुको जमीनसँगको ऐतिहासिकसम्बन्धले निर्धारण गरेको पाइयो । वर्तमान परिपेक्ष्यमा स्थानीय लिम्बूहरुको त्यो किसिमको बासोवास र खेति गर्ने तरिकामा परिवर्तन आएको र जसको कारक तत्व जलवायु परिवर्तन भन्दा पनि अन्य रहेको पाइयो । जस्तैः बाटोघाटोको सुबिधा, अरुले जग्गा अधिया ठेक्कमा गर्ने आदि । त्यसैगरी यिनीहरुको प्रकृतिसँग मूर्त-अमूर्तसम्बन्ध रहिआएको पाइयो । जस्तैः यिनीहरुले जमीनबाट उब्जिएको वा पाकेको अन्नपात पहिलो पटक प्रकृतिलाईलाई चढाएर मात्र खाने गरेको पाइयो । त्यसै गरी अन्नपात लगाउन अगाडि पनि जमीन खन्दा खोस्रिन्दा पाप नलागोस भनेर **याक्वा सेवा** गर्ने गरेको पाइयो ।

त्यसैगरी पानी बोटविरुवा वा फूलहरुसँग स्थानीय लिम्बू बासिन्दाहरुको सम्बन्ध भौतिक तथा सामाजिक साँस्कृतिक रीति रिवाजसँग जोडिएको पाइयो । जस्तै खान, पिउन, सिंचाइ गर्नको लागि प्रयोग हुने पानी घाँसपातको लागि प्रयोग हुने बोटविरुवा वा फूलहरु उनीहरुको जन्मदेखि मृत्यु पर्यन्त गर्ने संस्कार संस्कृतिमा प्रयोग हुने गरेको पाइयो । यसबाट उनीहरुको सम्बन्ध प्राकृतिक स्रोतहरुसँग भौतिक र साँस्कृतिक रुपमा नै घनिष्ट रहेको पाइयो । साथै लिम्बूहरुले प्रकृतिलाई बुझ्ने वा हेर्ने अर्को आँखा भनेको भौतिक मात्र नभएर सामाजिक साँस्कृतिक पनि हुँदो रहेछ भन्ने देखियो ।

स्थानीय लिम्बूहरुको मौखिक परम्परागत ज्ञानको रुपमा **मुन्धुम** रहेको पाइयो । **मुन्धुम** अनुसार यिनीहरुले विभिन्न सामाजिक साँस्कृतिक रीति रिवाजहरु गर्ने गरेको पाइयो भने **मुन्धुमकै** सहयोगबाट यिनीहरुले प्रकृतिलाई बुझ्ने देखियो । जस्तैः पानीको, फूलको भौतिक रुपमा महत्व के हुने र साँस्कृतिक रुपमा महत्व के हुने आदि । साथै मुन्धुमले पनि जलवायु परिवर्तनको व्याख्या र विश्लेषण गरेको देखियो ।

जलवायु परिवर्तनले स्थानीय लिम्बू बासिन्दाहरुको मौसमी ऋतु चक्रीय जलवायु अनुसारको स्थापित ज्ञान अनुभवहरुलाई प्रभाव पारेको पाइयो । उनीहरुको सामाजिक साँस्कृति पक्षसँग जोडिएका पानी बोट विरुवा आदिमा जलवायु परिवर्तनले आशिंक प्रभाव पारे पनि सामाजिक साँस्कृतिक रीति रिवाजमा भने त्यसको प्रभाव परेको देखिएन । मौसमी जलवायु परिवर्तन अनुसारको **मुन्धुमी** दन्ते कथामा जलवायु परिवर्तनले प्रभाव पारेको पाइयो । तर, त्यसको प्रभाव स्थानीय लिम्बूहरुमा सकरात्मक देखियो ।

## ६.२ निश्कर्ष

मैले यो  खोज तथा अनुसन्धान इलाम जिल्लाको बाँझो गाउँमा गरेको छु । स्थानीय लिम्बू समूदायहरुको मैसमी ऋतु चक्रीय जलवायुसम्बन्धीको स्थापित ज्ञान, अनुभूति के-कस्तो छ र त्यसलाई जलवायु परिवर्तनले प्रभाव पारेको छ कि छैन भन्ने विषयमा ध्यान केन्द्रित गरेर अध्ययन गरेको छु । साथै लिम्बूजन्य सामाजिक साँस्कृतिक रीति रिवाज वा चाँडपर्वहरु के-कस्तो छ र यिनीहरुको सामाजिक साँस्कृतिक रीति रिवाजमा के-कस्ता प्राकृतिक स्रोतहरुको किन र कसरी प्रयोग हुन्छ वा के-कस्तो सम्बन्ध रहन्छ , र ती लिम्बूजन्य सामाजिक साँस्कृतिक रीति रिवाजहरुमा प्रयोग हुने विविध किसिमका प्राकृतिक स्रोतहरुलाई जलवायु परिवर्तनको असरले प्रभाव पारेको छ कि छैन यदि पारेको भए ती प्राकृतिक स्रोतसँग जोडिने उनीहरुको सामाजिक साँस्कृतिक रीति रिवाजहरु प्रभाव भएको छ कि छैन भन्ने  विषयलाई ध्यानमा राखेर अध्ययन तथा अनुसन्धान गरेको छु । यस अध्ययनमा पराम्परागत मानवशास्त्रीय पद्धति अपनाएर अवलोकन, मुख्य उत्तरदाताहरुसँग छलफल, सामूहिक छलफलको आध्यमबाट इथनोग्राफिक खोज तथा अनुसन्धान गरिएको छ । यो अध्ययन मानवशास्त्रीय भएकोले गुणात्मक तथ्याङको प्रयोग बढी भएको छ ।

ऋतु चक्रीय जलवायु र मौसम परिवर्तनसम्बन्धि स्थानीय लिम्बूहरुको जुन किसिमको स्थापित ज्ञान,अनुमान र अनुभूतिहरु थियो, क्रमशः जलवायु परिवर्तनले प्रभाव पार्न थालेको स्थिति देखिन्छ । यसर्थ जलवायु परिवर्तनलाई प्राकृतिक विज्ञानले मात्र  बुझ्ने विषय नभएर स्थानीय समूदायका मानिसहरुले पनि बुझ्न सक्दो रहेछ भनेर बुझन सकिन्छ । तर, उनीहरुको बुझाइ भने प्राकृतिक विज्ञानले बुझ्ने भन्दा फरक हुँदो गरेको देखिन्छ ।

खलङगेमा बर्खमासमा लाग्ने कुहिरो ३०-वर्ष पहिलेसम्म डरलाग्दो बाक्लो लाग्ने गर्थ्यो । स्थानीय लिम्बूहरुलाई साँझ परेकोसम्म थाहा हुन्न थियो । ३० वर्षयता क्रमशः ४, ५ वर्षको अन्तर हुँदै कुहिरो पातले हुँदे गएको छ । यसबाट बर्खमासमा बाक्लो कुहिरो लाग्छ भन्ने स्थानीय लिम्बूहरुको धारणमा प्रभाप परेको देखिन्छ  । त्यसै गरी ४,५ वर्ष पहिलेसम्म खलङगे र उत्तरेको वरिपरिको वातावरणबाट मात्र उठ्ने कुहिरो दक्षिणी दिशा रतुवाबेसी, बाँके, दुम्सेबाट पनि उठ्न थालेर स्थानीयहरुको स्थापित ज्ञान र अनुभूतिमा जलवायु परिवर्तनले एकै पटक प्रभाव पारेको छ । त्यसै गरी खलङगेमा मात्र लाग्ने कुहिरो दुम्से, रतुवाबेसी, बाँके र लामिटारमा कहिले कुहिरो नगाग्ने भए पनि ३,४ सालयता कुहिरो लाग्न थालेको र उक्त ठाउमा कहिले शीतलहर नपर्ने भए पनि ३ वर्षयता शीतलहर पनि देखिन थालेकोले स्थानीय लिम्बू समुदायहरुको जलवायु र मौसम परिवर्तनसम्बन्धिको स्थापित ज्ञान, अनुमान र अनुभूति पनि फेरवदल हुने अवस्थामा छ ।

त्यसै गरी खलङगे र उत्तरे लेक भए पनि हिउ पर्दैन भन्ने स्थानीय लिम्बूहरुको अनुमानलाई तोड्दै तीन वर्ष पहिले खलङगेमा हिउँ परेको थियो । यसरी जलवाँयु परिवर्तनले स्थानीयहरुको स्थापित ज्ञान, अनुभूति र अनुमानमा पारेको प्रभावलाई हेर्दा मानबशास्त्रीहरु क्रेट, न्युटल, ओरलभ र कोलम्बिहरुले (2009, 2009 and 2009) जलवायु परिवर्तनको कारणले स्थानीय समुदायहरुको स्थापित ज्ञान अनुभूति र अनुमानमा प्रभाव पार्न सक्छ भन्ने भनाइको नजिक पुग्न सकिन्छ ।

स्थानीय बासिन्दाहरुको फूलहरु वा बोटविरुवा र पानीसँगको भौतिक र साँस्कृतिकसम्बन्धलाई हेर्दा यिनीहरुले भौतिक आखाँले मात्र प्रकृतिलाई नहेरी साँस्कृति, धार्मिक आँखाले पनि हेर्दो रैहेछ, बुझ्दो रहेछ भन्ने देखिन्छ । यसरी अध्ययन क्षेत्रको लिम्बू बासिन्दाहरुको पानी र फूलहरुसँगको साँस्कृतिक र धार्मिकसम्बन्धलाई हेर्दा लिम्बू समाजले प्रकृतिलाई हेर्ने बुझ्ने वा सम्बन्ध राख्ने तरिकाहरु भौतिक हुँदो रहेछ ,सामाजिक साँस्कृतिक हुँदो रहेछ, साथै धार्मिक पनि हुँदो रहेछ भनेर बुझ्न सकिन्छ । जस्तैः पानीलाई यहाँका बासिन्दाहरुले भौतिक रुममा खान पकाउन, लुगा धुन, खेतिपातीमा सिंचाइ गर्न प्रयोग गर्ने गरेको पाइयो । साँस्कृतिक रुपमा यिनीहरुले उनीहरुको **साक्मुरा वादेम्मा** गर्दा खोलाको बगेको पानीलाई पवित्र मानी प्रयोग गर्ने गरेको र जमेको वा पोखोरीको पानीलाई अपवित्र वा त्यसले **साकमुरा** (सराप) बगाउन नसक्ने ठानी प्रयोग नगरेको देखिन्छ । साथै **सेकमुरी** फूल, **सिङजागो** फूल, **वरुम** फूल र

**अम्लारी** जस्ता फूललाई पवित्र मानी विविध साँस्कारिक रीति रिवाजमा प्रयोग गर्ने लिम्बूहरुले रातो फूल (लाली गुराँस), **बाबारी** फूल र **मिक्चीरी** फूललाई अपवित्र मानी साँस्कारिक रीति रिवाजमा प्रयोग नगर्ने गरेको देखिन्छ ।

उल्लेखित कुराले स्थानीय लिम्बूहरुले प्रकृति स्रोतसँगकोसम्बन्ध शुद्ध-अशुद्ध, भौतिक साँस्कृति र आध्यात्मिक हुने कुरालाई स्पष्ट रुपमा पहिचान गर्छ । पानी, बोट बिरुवा जस्ता प्राकृतिक बस्तुलाई भौतिक र साँस्कृतिक आँखाले हेर्ने लिम्बूहरुले **साक्मुरा वादेम्मा** गर्दा स्थानीय बगेको पानीलाई प्रयोग गर्ने देखिन्छ भने **सेकमुरी, सिङजागो, नामयोवा, वरुम** फूल आदिलाई सामाजिक साँस्कारिक रीति रिवाजमा प्रयोग गर्ने देखिन्छ । भने अर्कोतिर विगतमा असारमा दोस्रो हप्तासम्ममा नै पानीको मुल फुटेने भए पनि साउनमा मात्र पानीको मुल फुट्न थालेको र मंसिर पुषमा मात्र सुक्ने पानीका मुल असोजमा नै सुक्नुले जलवायु परिवर्तनले स्थानीय जलस्रोतमा प्रभाव पारेको अनुमान लगाउन सकिन्छ । भने बिगतको तुलनामा माथि उल्लेखित फूलहरु पाइन्न छाडिएको देखिन्छ । यसरी प्राकृतिक स्रोतमा जलवायु परिवर्तनले आशिंक प्रभाव पारे पनि, उनीहरुको साक्मुरा वादेम्मा रीतिलाई जलवायु परिवर्तनले प्रभाव नै पारिसकेको स्थिति भने छैन ।

किनकि विकल्पका केही समय हिडेर पुगिने मेवा र रतुवा खोलाहरु छन् । रतुवा र मेवा खोला जादा समय लाग्ने हुनाले कतिपय घरपरिवारले रतुवा र मेवा खोलाको दिशातिर फर्केर गाग्रो, लोहटा र गिलासबाट पानी पोखाएर मुन्धुमले उक्त खोलाहरुको नाम भन्दै **साक्मुरा वादेम्मा** गर्ने चलन भने बढ्न थालेको छ । यसो गर्नुको कारण जलवायु परिवर्तन नै हो भनेर भन्न सक्ने स्थिति देखिएन । यद्धपि उनीहरुको घर आँगन नजिकैको पानी पधेरो भएको जलस्रोतहरु नसुक्ने हो भने उक्त जलस्रोतमा गएर उनीहरुले **साक्मुरा वादेम्मा** गर्थे होलान् भन्ने अनुमान भने लगाउन सकिन्छ । वर्तमान परिपेक्ष्यमा स्थानीय लिम्बूहरुको **साक्मुरा वादेम्मा** गर्ने संस्कार वा चलनमा केही परिवर्तन वा उनीहरुको साँस्कारिक व्यवहारमा केही परिवर्तन देखिन्छ । जसमा कारक तत्व जलवायु परिवर्तन देखिन्दैन ।

त्यसैगरी प्रशस्त मात्रमा नपाए पनि उनीहरको सामाजिक साँस्कृतिक रीति रिवाजमा प्रयोग हुने वोटविरुवा वा फूलहरुको हाँगा, पात सुकेको भए पनि जर्गेना गरेर राख्ने र विभिन्न साँस्कारिक रीति रिवाज गर्दा प्रयोग गर्ने गरेको देखियो । यदि ती फुलहरुको सुकेको पात र हाँगाको टुक्रा पनि उपलब्ध नभएको खण्डमा **मुन्धुमले** मात्र भए पनि उक्त फूलहरुको नाम भन्दै साँस्कारिक रीति रिवाज गर्ने स्थानीय लिम्बूहरुले अभिव्यत्तिबाट, जलवायु परिवर्तनको कारणले लिम्बू समूदायको रीति रिवाजमा आवश्यक विभिन्न प्राकृतिक स्रोतहरुमा प्रभाव पारेपनि **मुन्धुमले** मात्र भए पनि उक्त प्राकृतिक स्रोतहरुको नाम भन्दै संस्कार वा रीति रिवाज गर्ने प्रवृति हावि हुने देखिन्छ । जलवायु परिवर्तनको कारणले स्नेक

नदीको पानी सुक्दा नेजपर्सहरुको साँस्कारिक रीति रिवाजमा आवश्यक सालमन माछाको भारी गिरावट हुँदा उनीहरुको संस्कृति र रीति रिवाजहरु पनि प्रभाव भएको खोज तथा अनुसन्धान गर्ने कोलम्बिको नजिक पुग्न खोजिए पनि स्थानीय लिम्बूहरुको संस्कार संस्कृति जलवायुवाट प्रभाव चाहिं परिनसकेको स्थिति देखियो ।

जलवायु परिवर्तनले स्थानीय वासिन्दाहरुको  स्थापित ज्ञान, अनुभूति र अनुमानमा प्रभाव पारे पनि । यसले स्थानीय समुदायमा नकरात्मक असर नै पु¥याउछ भन्ने विभिन्न अनुसन्धानकार्ताहरुको खोज तथा अनुसन्धान विपरीत मेरो खोज तथा अनुसन्धानले सकरात्मक प्रभाव पारेको देखिन्छ । भूपति राजाले सरापेको ठाउँ वा तागेरा निङवाभु माङको थुक परेको ठाउ भएकोले अन्नपात पाक्ने बेलामा असिनाले पिट्ने, ठूला-ठूला आँधिहुरीले साह्रै दुःख दिने र बाक्लो कुहिरोको लाग्नाले स्थानीय जनजीवन २०, ३० वर्ष पहिलेसम्म कष्टकर थियो । तर ऋतुचक्रीय जलवायु र मौसम परिवर्तनमा फेरबदल हुँदा क्रमशः ३० वर्षयता ती प्राकृतिक प्रकोपहरु कम हुदै गएको र वर्तमान परिपेक्ष्यमा अन्नपात हुन पनि थालेको देखियो । हाल ती प्राकृतिक प्रकोहरु हुन छाडेकोले स्थानीय लिम्बू वासिन्दाहरु खुसि देखिन्थे ।

आध्यात्म विषय र जलवायु परिवर्तन अलग भए पनि स्थानीय लिम्बू बासिन्दाहरुले आध्यात्म र जलावायु परिवर्तनलाई जोडेर ब्याख्या वा विश्लेषण गरेको पाइए पनि मानवशास्त्रीय दृष्टिबाट अनुसन्धान गर्दा जलवायु परिवर्तनको असरले उक्त ठाउको हावापानीमा प्रभाव पार्दा स्थानीयहरुको अमूर्त बुझाइ धार्मिक विश्वासतिर बढेर गएको देखियो । जुन प्रभाव स्थानीय समूदायको सामाजिक जीवनमा सकरात्मक रुपले परेको देखियो । जलवायु परिवर्तनको सकरात्मक प्रभावको कारणले घर वतासले उडाउला भन्ने डर , असिनाले अन्नपात पिट्ला भन्ने डरबाट स्थानीय लिम्बूहरु मुक्त देखिन्थे । रोडस, रिओस लगायतका मानवशास्त्रीहरुको खोज तथा अनुसन्धानमा लोक दन्ते कथासँग जोडिएर सुन्दर देखिन्ने हिमाल जलवायु परिवर्तनको असरले हिउँ पग्लेर कुरुप काली भएकोले स्थानीय समुदायमा नकरात्मक प्रभाव परेको तथ्य निक्ले पनि, मेरो अनुसन्धानमा भने स्थानीय वासिन्दामा **मुन्धुमी** लोक दन्ते कथा अनुसारको उनीहरुको धारणामा सकरात्मक प्रभाव परेको देखिन्छ ।

**मुन्धुम** लिम्बू जातिको सामाजिक  साँस्कृतिक पक्षलाई मार्गनिर्देश गर्ने एक मौखिक परम्परागत विद्याको रुपमा रहेको पाइयो । अझ भन्ने हो भने लिम्बूजातिहरुको प्रकृतिसँग कस्तो सम्बन्ध रहेको छ र प्रकृतिलाई लिम्बू समाजले कसरी बुझछन् भन्ने कुरा **मुन्धुमले** बुझ्न सहयोग गर्ने देखियो । साथै लिम्बूहरुको मुन्धुमले पनि जलवायु परिवर्तनलाई विश्लेषण गर्ने गरेको देखियो । **मुन्धुमले** जलवायु परिवर्तन सृष्टिकालदेखि नै हुँदै आइरहेको छ भन्ने पिषयलाई इंगित गरेको पाइयो ।

भूमिसँगको ऐतिहासिकसम्बन्ध र मौसमी ऋतु चक्रीय जलवायु अनुसार स्थानीय लिम्बू बासिन्दाहरुको लेक-बेसी बसोवास गर्ने तरिका र खेतिपाती गर्ने तरिकामा परिवर्तन आउनुमा जलवायु परिवर्तन भन्दा पनि अन्य  कारक तत्वहरु बलियो रहेको पाइयो । जस्तैः बाटो घाटो पुगि अम्लिसो र अलैचि जस्ता नगदे बालीले भाउ पाउनु, उनीहरुको जनशक्तिमा कमी आउनु र अरुले उनीहरुको जमीनमा सजिलै अधिया वा ठेक्कामा खेति गर्नु आदि ।

यसरी स्थानीय बासिन्दाहरुको मौसमी ऋतु चक्रीय जलबायु र जमीनसँगको ऐतिहासिकसम्बन्धले निर्धारण गरेको उनीहरुको लेक-बेसी बसोवास र खेतिपाती गर्ने  तौरतरिकामा विविध कारणले फेरवदल आए पनि मौसमी ऋतु चक्रीय जलवायु अनुसार **न्वागी** र **याक्वा सेवा** गर्ने चलन भने यथावत नै पाइयो ।

**References**:


Agrawala, S.2008. "Responses to Glacier Retreat in the Context of Development Planning in Nepal", in B.Orlove, E. Wiegandt and B. Luckman (eds.), *Darkening peaks: Mountain Glaciers Retreat social and Biological context*, Berkeley and los Angeles: University of California press, pp.241-248.

Bolin, I. 2009. "The Glacier of the Endes are Melting: Indigenious and Anthropological knowledge Merge in Restoring Water Resourcses", in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action*, Walnut Greek, CA: Left Coast Press, pp.228-239

Colombi, B. J. 2009. "Salman Nation: Climate Change and Tribal Sovereignty" in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action*, Walnut Greek, CA: Left Coast Press, pp.186-196.

Crate, S. A. 2009. "Gone the bull of winter?", in S. Crate and M.Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action*. Walnut Greek, CA: Left Coast Press, pp139-152

Crate, S. A. and M. Nutall, (eds) 2009. *Anthropology and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press

Evans-Prichard, E. E. 1940. "The Nuer: *A Description of the Modes of Livelihood and Political Institution of a Nilotic People", Newwork an Oxford*, Oxford University Press

Finan, T. 2009. "Storm Warning: The Role of Anthropology in Adapting to Sea-Level Rise in Southwestern Babgladesh", in S. Crate and M.Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action*. Walnut Greek, CA: Left Coast Press, pp. 175-185

Green, D.2009. "Opa Water, Rising Sea: How Sociocultural Inequality Reduces Resilience to Climate Change among Indigenious Australians", in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press, pp. 218-227

Guha, R. C. 2007. "Adivasis, Naxalities and Indian Democracy". *Economy and Political Weekly August*, pp 3305-3312

Gurung, O. 1987. "Native Strategies for Resources Management" in *Occasional Papers in Sociology/ Anthropology, volume 1*, pp. 70-78

Hassan, F. A. 2009. "Human Agency Climate Change, and Culture: An Archaeological Perspective", in S. Crate and M. Nutall (eds.), *Anthropology*

*and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press, pp.39-69

Henshaw, A. 2009. "Sea Ice: The Sociocultural Dimensions of a Melting Environment in the Arctic", in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press, pp 153-165

Jacka, J.2009. "Global Averages, Local Extremes: Thr Subtleties and Comlexities of Climate Change in Papua New Guinea", in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press, pp 297-208

Molnar A. 1981. "Economic Strategies and Ecological Constraints: Case of the Kham Magar of North West Nepal", Sterling Publisher pvt.ltd, New Delhi, 20-57

Mrino, E.and P. Schwetizer, 2009." Talking and Taking about Climate Change in Northwestern Alaska", in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press, pp 209-217

Nepali, G. S. 1965 *"The Newars: An Ethno-Sociological of A Himalyan Communiy"*, United Asia Puplication Banarash, pp.

Ogilvie, A.E.G. and G.Palsson, 2003." Mood, Magic and Metaphar: Allusion to Weather and Climate in the Sagas of Icelanders", in S. Strauss and B.E. Orlove (eds.), *Weather, Climate, Culture*, Library of Congress Cataloging in Publication Data, pp 264-287

Orlove, B. E., Wiegandt and B. Luckman, 2008, "The Place of Glaciers in Natural and Cultural Landscapes: Environment History and Cultural as Influneces on Perception of Glacier Dynamics", in B. Orlove,E.Wiegandt and B. Luckman(eds.), *Darkeining Peak: Mountain Glaciers Retreat Social and Biological context,* Berkeley and Los AngeleS: University of California Press, pp. 3-9

Paudyal A. and B. Regmi.2009, "Climate Change and Agro'biodiversity in Nepal", (eds.) paul Bordoni, web: WWW.agrobiodiversityplatform. org/climate change

Poudel, J. M. 2012, "Testing Farmers' Perception of Climate Variability: A Case Study from Kirtipur of Kathmandu valley", in *Journal of Water Energy and Environment*, pp.30-34

Poudel, P. 2010.''*Local Perception on and Adaptaton to Climate Change*"

Rhodes, R. E., Xavier, Z. R. and Jenny, A. O. 2008." History, Local Perception, and Social Impacts of Climate Change and Glaciers Retreat in the Ecuadorian Andes", in B.Orlove,E. Wiegandt and B. Luckman (eds.), *Darkening Peaks: Mountain Glacier Retreat social and Biological context,* Berkeley and los Angeled: University of California Press, pp. 216-225

Salick, J. and A. Byg 2007.*"Indigenous people and climate change, Tyandul centre puplication"*. Oxford may 2007. Tyandull centre for climate change Research

Strauss, S. 2009. "Global Models, Local Risks: Responding to Climate change in the Swiss Alps", in S. Crate and M. Nutall (eds.), *Anthropology and Climate Change: From Encounter to Action.* Walnut Greek, CA: Left Coast Press, pp 166-174

Strauss, S. and B. E. Orlove, (eds.) 2003. *Weather, Climate, Culture,* Library of Congress Cataloging in Publication Data,

Vedwan, N. 2006. "Culture Climate and the Environment: Local Knowledge and Perception of Climate Change among the Apple Growers in Northwestern Idia" ,Jurnal oj Ecological anthropology,10: pp,4-10

आङदेम्बे,दिलबिक्रम । २०६८, “लिम्बू जातिको संक्षिप्त परिचय”, निङवासोः लिम्बू विधार्थि मञ्च त्रि. वि शाखा समिति कीर्तिपुर, पन्ना. २६-३१

दाहाल, डमिन्द्र । २०६८, “जलवायु परिवर्तनको प्रभावबाट जैविक विविधता जोगाउन चुनौति”, जीवन अनुसन्धानात्मक पर्यावरण पत्रिका, जलवायु परिवर्तन तथा जैविक विविधता विशेषाङ्कः प्रिन्ट प्वाइन्ट पव्लिसिङग, पन्ना.४२-५१

काइँला वैरागी । २०६०, “चइःत् मुन्धुम (सृष्टिवर्णन)” : लिम्बू साहित्य विकास संस्था काठमाडौं

काइँला वैरागी । २०६८, “किरात एकै किसिमले मान्ने धर्म होइन”, लिम्बूवान वर्ष ५ अंक ७,काठमाडौं सूर्य सम्बाहम्फे, पन्ना १०-१६

काइँला वैरागी । २०६९, “मुन्धुमः चर्चा-परिचर्चा”, चुम्लुङहिम अभिलेख, किरात याक्थुङ चुम्लुङ जिल्ला कार्यसमिति ललितपुर, पन्ना, २००-२०७

किरात साम्जिक मुन्धुम । २०६४: किरात चोत्लुङ मुहिगुम अडसिमाङगेना सेवा समिति

माबुहाङ अर्जुनबाब । २०६८, “मुन्धुम, मुन्धुमवाद र युमा धर्म” निङवा?सोः लिम्बू विद्यार्थी मञ्च त्रि.वि. शाखा समिति कीर्तिपुर, पन्ना, ५५-६४

पोख्रेल, पुष्पलाल । २०६८, “सङकटमा चुरे श्रृङखला र जैविक विविधता”, जीवन अनुसन्धान पर्यावरण पत्रिका, जलवायु परिवर्तन तथा जैविक विविधता विशेषाङकः प्रिन्ट प्वाइन्ट पव्लिसिङग, पन्ना ६८-७३

'सा"बाहाङ' पूर्ण सुब्बा । २०१० "सेकमुरीदेखि मिक्चिरीसम्म", बिजनबारी किरात लिम्बू (याक्थुङ) चुम्लुङ बिजनबारी, दार्जिलिङ

शेर्मा साम्जिरी । २०६८, "किरात लिम्बूवान र लिम्बूहरु":काठमाण्डौं मोहनमान नेम्बाङ

श्रेष्ठ, अरुण भक्त, २०६८, "जलवायु न्युनीकरणमा के नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरुको भूमिका रहन्छ?" जीवन अनुसन्धानात्मक पर्यावरण पत्रिका, जलवायु परिवर्तन तथा जैविक विविधता विशेषाङक : प्रिन्ट प्वाइन्ट पव्लिसिङ,पन्ना.११०-११२

उप्रेती, कृष्ण बटु. २०६८, जलवायु परिवर्तन सम्बन्धमा नीतिगत व्यवस्था, जीवन अनुसन्धानात्मक पत्रिका, जलवायु परिवर्तन तथा जैविक विविधता विशेषाङकः प्रिन्ट प्वाइन्ट पव्लिसिङग पन्ना, ५२-५३

१. उत्तरदाताको व्यक्तिगर विवरण

मितिः.........................

उत्तरदाताको नामः...............

उमेरः.......................................          लिङ्गः..........................

पेशाः.........................................

२. तपाईहरुको संस्कार संस्कृति तथा चाडपर्वहरुमा कस्ता कस्ता बोटविरुवा आवश्यक पर्छ

३. लिम्बूहरुको माङगेना संस्कार गर्दा के कस्ता रैथाने बस्तुहरुको आवश्यकता पर्छ ?

४. लिम्बूहरुले साकमुरा वादेम्मा गर्दा कस्तो र कहा"को जलस्रोतको आवश्यकता पर्छ ?

५. साकमुरा वादेम्मा गर्दा आवश्यक जलस्रोतहरु ३०/२०/१० वर्ष पहिले कुन अवस्थामा थिए ? र अहिले ती जलस्रोतहरु कस्तो अवसथामा छन् ?

६. यदि ती जलस्रोतहरु सुक्न थालेको हो भने त्यसको कारण तपाईलाई के हो जस्तो लाग्छ ?

७. तपाईहरुले माङगेना (शीर उठाउनी) गर्दा कस्तो रैथाने बोटविरुवाहरुको प्रयोगमा ल्याउनु हुन्छ ?

८. सेकमुरी फूल र सिङजाङ्गो फूलसँग तपाईहरुको माङगेना संस्कृति बीच के अन्तर सम्बन्ध छ ?

९. सिङजाङ्गो फूल र सेकमुरी फुल आज भन्दा ३०/२०/१० वर्ष पहिले कुन अवस्थामा थिए ?

१०. त्यसको मात्रा अहिले आएर किन घट्यो वा बढ्यो जस्तो लाग्छ ?

११. लिम्बूहरुले मनाउने विशेष चाडपर्वहरु कक्फेवा तङनाम (माघेसंक्रान्ति), चासोक तङनाम (न्वागी पर्व) पर्वमा किन रैथाने बोटविरुवा, फलफूल र खाद्य बालीको पूजा र प्रयोग गरिएको होला ?

१२. ती चाडपर्वहरुमा प्रयोग गरिने बोटविरुवा र फलफूलहरको अवस्था विगतको जस्तै छ ? वा छैन ?

१३. यदि छैन भने किन नभएको होला ?

१४. वर्षायाममा वर्षा कुन गतिमा हुन्छ ? ३०/२०/१० वर्ष पहिले हुने झरी र अहिले हुने झरीमा के अन्तर छ?

१५. अन्तर छ भने कस्तो अन्तर छ ?

१६. तापक्रम बृदिदर कुन गतिमा भएको छ ?

१७. मौसम उतार चढावको अवस्था चाही कस्तो छ नि ?

१८. हुस्सु कति समय लाग्छ ?

१९. विगतमा पनि सोही समयसम्म लाग्थ्यो वा थपघट भएको हो ?

२०. थपघट भएको हो भने किन भएको होला ?

२१. नया“ बोटविरुवाहरु पनि देखिन थालेको तपाईहरुलाई थाहा छ ?

२२. देखिएको छ भने ती नयाँ बोटविरुवाहरुले तपाईहरुको संस्कार संस्कृतिमा सम्बन्ध राख्छ कि राख्दैन ?

२३. नौलो किसिमको चरा चुरुङ्गी वा पहिले अन्त मात्र पाइने चराचुरुङ्गी पनि आउन थालेका छन् ?

२४. आउन थालेक छन् भने तिनीहरुको आउने जाने समय कुन होला ?